इतिहास

कक्षा ९ र १०

१



इतिहास

कक्षा ९ र १० (संयुक्त)

भाग १

प्रकाशक

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
सानो ठिमी, भक्तपुर

सर्वाधिकार जनक शिक्षा सामग्री केन्द्रमा सुरक्षित

प्रथम संस्करण २०२९ र २०३०

परिमार्जित पाठ्यक्रम २०३८ अनुसार पहिलो संस्करण २०३९

दोस्रो संस्करण २०३९

तेस्रो संस्करण २०४०

चौथो संस्करण २०४१

पाँचौं संस्करण २०४३

छैटौं संस्करण २०४४

सातौं सस्करण २०४६

आठौं संस्करण २०४७

नवौं संस्करण २०४८

दशौं संस्करण २०४९

एघारौं संस्करण २०५०

बाह्रौं संस्करण २०५१

तपाईंले किनेको पुस्तकमा छपाइ प्रविधि सम्बन्धी कुनै त्रुटि फेला परेमा अधिकृत वितरक (साझा) अथवा स्थानीय विक्रेताबाट एक्त पुस्तक साट्न सक्नु-हुने छ।

ज. शि. सा. के. लि.

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड (एजुकेशन प्रेस) मा मुद्रित ।



"राष्ट्रिय प्रतिभालाई फुलाउने फलाउने
तथा जनताको मनोभावनालाई
विकासमूलक बनाउने नीति लिई लागू
गरिएको यस राष्ट्रिय शिक्षा
योजनाबाट केही वर्षभित्रै एउटा
जागरूक, परिश्रमी र उन्नतिशील
समाजको सिर्जना हुन सक्नेछ भन्ने
मैले आशा लिएको छु ।"

श्री ५ वीरेन्द्र

हाम्रो भनाइ

शिक्षालाई जीवन सापेक्ष गराई राष्ट्रिय एकता, सार्वभौमिकता, राजमुकुट र स्वतन्त्रताको रक्षा गर्ने, कर्तव्यनिष्ठ नागरिक तयार गराउने र सामाजिक जीवन यापनका लागि आवश्यक ज्ञान र सीप हासिल गराउने राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ को विशुद्ध उद्देश्य अनुरूप विद्यालयस्तरका पाठ्यक्रम र पाठ्यपुस्तकहरूको विकास गर्ने प्रक्रिया चालू रहिआएको छ ।

श्रमप्रति श्रद्धा जगाई उपयोगी नागरिक तयार गराउने र देशभक्ति, राजभक्ति तथा ईश्वरभक्ति सिकाई अनुशासित सुयोग्य नागरिक तयार गराउने माध्यमिक शिक्षाको उद्देश्यमा आधारित संशोधित पाठ्यक्रम २०३८ अनुसार यो पाठ्यपुस्तक तयार गराई प्रकाशमा ल्याइएको छ ।

यस पाठ्यपुस्तकका परिमार्जनकर्ता श्री बलराम डंगोल हुनुहुन्छ ।

सम्बन्धित विषयका अनुभवी शिक्षक, प्राध्यापक एवं विशेषज्ञहरूको सुझाव समेतलाई ध्यानमा राखी यस पाठ्यपुस्तकलाई सकेसम्म स्तरयुक्त बनाउने प्रयास गरिएको छ तापनि यसमा भाषागत, विषयगत र शैलीगत कतिपय त्रुटिहरू अझ हट्न नसकेका होलान् तिनका सुधारका लागि शिक्षक, अभिभावक, विद्यार्थी लगायत सबै बुद्धिजीवी पाठकहरूको सक्रिय सहयोगको महत्त्वपूर्ण भूमिका रहने हुँदा यस पवित्र सेवा कार्यमा यहाँहरूको रचनात्मक सुझावको यो केन्द्र सदैव स्वागत गर्दछ ।

श्री ५ को सरकार
शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालय
पाठ्यक्रम पाठ्यपुस्तक तथा निरीक्षण विकास केन्द्र
सानो ठिमी, भक्तपुर ।

विषयसूची

१. प्राचीन नेपाल १
२. प्रमुख किरांती राजाहरू ३
३. लिच्छविकालीन प्रख्यात राजाहरू ७
(क) मानदेव
(ख) शिवदेव प्रथम
(ग) अंशुवर्मा
(घ) जिष्णु गुप्त
(ङ) नरेन्द्रदेव– द्वैध शासनको अन्त
४. चिनियाँ यात्री हु एन साङको नेपालबारे वर्णन १७
५. लिच्छविकालीन सभ्यता १९
६. मल्लकालीन नेपालको पूर्वार्द्धमा नेपालको राजनैतिक अवस्था २९
७. मल्लकालीन नेपाल २९
(क) राजा हरिसिंह देव
(ख) जयस्थिति मल्लको उदय
(ग) यक्ष मल्ल
८. भादगाउँ ३८
(क) राय मल्ल
(ख) विश्व मल्ल
(ग) जगज्योति मल्ल
(घ) जितामित्र मल्ल
(ङ) भूपतीन्द्र मल्ल
(च) रणजोत मल्ल
९. ललितपुर ४४
(क) सिद्धिनरसिंह मल्ल
(ख) श्रीनिवास मल्ल
(ग) योगनरेन्द्र मल्ल
१०. कान्तिपुर ५९
(क) रत्न मल्ल
(ख) महेन्द्र मल्ल
(ग) शिवसिंह मल्ल
(घ) लक्ष्मीनरसिंह मल्ल

(ङ) प्रताप मल्ल
(च) भाष्कर मल्ल
(छ) जयप्रकाश मल्ल
११. मल्लवंशको पतन ५८
१२. मध्यकालीन सभ्यता ६१
१३. बाइसे–चौबीसे राज्यहरू ७०
(क) पाल्पाली सेनवंश
(ख) शाही ठकुरीवंश
(ग) पर्वतको मल्लराज्य
(घ) कोशीक्षेत्रको सेनराज्य
१४. नेपाल–भारत सम्बन्ध ७२
(क) किरांतकाल
(ख) लिच्छविकाल
(ग) मल्लकाल
१५. नेपाल–तिब्बत सम्बन्ध ७४
(क) लिच्छविकाल
(ख) मल्लकाल
१६. नेपाल राज्यको एकीकरण ७६
(क) शाहवंश
(ख) द्रव्य शाह
(ग) राम शाह
(घ) नरभूपाल शाह
१७. श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाह ७९
(क) बाल्य जीवन
(ख) राज्यारोहण
(ग) नुवाकोटमा आक्रमण
(घ) कीर्तिपुरको आक्रमण
(ङ) मकवानपुरको विजय
(च) दोस्रो आक्रमण
(छ) तेस्रो आक्रमण
(ज) कप्तान किनलोकको आक्रमण
(झ) पश्चिमको विस्तार
(ञ) पूर्वको विस्तार
(ट) पृथ्वीनारायण शाह राजनीतिज्ञको रूपमा

नेपालको इतिहास

प्राचीन नेपाल

नेपाल एउटा प्राचीन मुलुक हो । हिमालको काखमा अवस्थित यो प्राचीन मुलुक आदिकालदेखिनै ऋषिमुनिहरूको आश्रम स्थल मानिएको छ । नेपालका दुई प्रमुख नदीहरू गण्डकी र कोशीको सम्बन्ध गण्डक तथा कौशिक मुनिसँग जोडिएको छ । वेदव्यास र बाल्मीकि ऋषिहरू पनि यहाँ आएको मानिन्छ । राजा जनक यही देशका थिए भने विश्वमा शान्ति र ज्ञानको प्रकाश छर्ने गौतमबुद्ध पनि यही देशका सन्तान थिए ।

प्राचीन कालमा "नेपाल देश" भन्नाले एउटा विस्तृत भूभागलाई बुझाउने गर्दथ्यो । प्राचीन शिलालेखमा वर्तमान कुमायूँ (कतृपुर) र आसाम (कामरूप) बीचको प्रदेशलाई नेपाल भनिएको छ । कालान्तरमा 'नेपाल' देशले ओगटेको राजनीतिक भूगोल संकुचित हुँदै गयो । मध्यकालको उत्तरार्द्धमा वर्तमान काठमाडौं उपत्यकालाई नै नेपाल भन्ने चलनचल्ती बढ्नथाल्यो ।

नेपाल उपत्यकाको उत्पत्ति

प्राचीन धार्मिक ग्रन्थमा काठमाडौं उपत्यका एउटा दहको रूपमा भएको कुरा लेखिएको छ । जमीनमुनि धेरै गहिरो खन्दा पनि त्यहाँ मलिलो माटो पाइन्छ । त्यसैले धार्मिक ग्रन्थमा गरिएको दहको कल्पना सत्यको नजीकै भएको देखिन्छ ।

बौद्ध धार्मिक ग्रन्थमा मञ्जुश्रीले दहको पानी बाहिर निस्कने व्यवस्था मिलाए भनिएको छ भने हिन्दू धार्मिक ग्रन्थमा यसको श्रेय श्री कृष्णलाई दिइएको छ । तर वास्तविक रूपमा हेर्ने हो भने यो दह चारैतिरबाट घेरिएको पहाडबाट बगाएर ल्याएको मलिलो माटोले पुरिँदै गएको हुनुपर्छ । दह पुरिँदै गएपछि पानी जोभारको डाँडोको गल्छिबाट बगेर गयो । मलिलो माटोले बनेको काठमाडौं उपत्यका मानव बसोबास गर्न योग्य उपत्यका बन्नपुग्यो ।

नेपाल शब्दको अर्थ र गोपाल वंश

मानव बसोबास गर्न काठमाडौं उपत्यका एउटा हरियाली फाँटमा परिवर्तन भएपछि यहाँ ग्वालाहरूको बसोबास हुनथाल्यो । पशुपतिपुराणमा कुनै 'ने' नामक ऋषिले ग्वालाका छोरालाई राजा बनाए भनिएको छ । 'ने' मुनिद्वारा पालित भएकोले नै यस देशको नाम नेपाल हुनगयो भन्ने भनाइ छ । पौराणिक परम्परागत मान्यता नमान्नेहरूले तिब्बती भाषाको आधारमा नेपालको अर्थ गर्न खोजेका छन् । तिब्बती भाषामा "ने" भनेको घर वा निवासस्थान र "पाल" भनेको ऊन हुन्छ । नेपालमा प्रशस्त ऊन हुने भएकोले ऊनको घर मानिएको हो ।

यी पुराना मान्यताहरू माथि आधुनिक शोधकर्ताहरूले शंका उपशंका उठाउन थालेकाछन् । इतिहासको वैज्ञानिक ढंगले खोजी गर्ने प्रवृत्तिको विकास नेपालमा बढ्न थालेको छ । नेपालमा पाइएका स्रोत साधनबाट नेपाल शब्दको उत्पत्तिबारे दुई विचारधारा देखापरेका छन् । डा. कमल प्रकाश मल्लले टिष्टुङ्ग भेकको अभिलेखमा पाइएका 'स्वस्ती नैपालेभ्य' शब्दको आधारमा आभीर जाति अन्तर्गत नेपाल एउटा उपजाति हो । यही उपजातिको नामबाट नेपाल रहन गएको हो भनेका छन् ।

तर ज्ञानमणि नेपालको भनाइ अनुसार नेपाल शब्दको उत्पत्ति नीप जातिबाट भएको हो । नीप गणजातिका मानिस हुन् । यिनको संघात्मक शासन थियो । यिनीहरू भारतबाट पहाडै पहाडको बाटो भएर नेपाल पसेका थिए र पछि गण्डकी भेकतर्फबाट नेपाल उपत्यकामा प्रवेश गरेका थिए ।

नीप जातिकै सन्तान नेपालमा फैलिएका हुन्, उनकै नामले यो देशको नाम नेपाल रहन-गयो । नीपहरूले आवाद गरेको अथवा नीप बसोबास गरेको देश नेपाल कहिन लाग्यो । नीपबाट नेप र नेपमा आल जोडिंदा नेपाल बन्न पुग्यो । यसरी जुन बेलादेखि नीपहरू पश्चिमबाट यहाँ आएर बसोबास गरे, त्यसै बेलादेखि यो हिमालको खण्ड नेपाल बन्नपुग्यो ।

जयस्थिति मल्लको शासनकालमा संग्रह गरिएको नेपाली राजाहरूको वंशावलीलाई "गोपाल वंशावली" भनिन्छ । यो नेपालमा पाइएको वंशावलीहरू मध्येमा सबैभन्दा पुरानो वंशावली हो । यो वंशावलीमा पनि नेपालमा सबैभन्दा पहिले राजतन्त्र स्थापना गर्ने नेपजातिको गोपाल वंश भनिएको छ ।

गोपालवंशकालीन अभिलेखहरू त अझै भेट्टिएका छैनन्, तर यस वंशको अस्तित्व झल्काउने अवशेष प्रशस्त पाइन्छ । नेपाल उपत्यकाभित्र कीर्तिपुर, थानकोट, बलम्बु भेकमा र उपत्यका बाहिर टिष्टुङ्ग, पालुङ्ग भेकमा ग्वालाहरूको बस्ती थियो । टिष्टुङ्ग, पालुङ्ग भेकमा आज पनि प्रशस्त गोपाल जाति भएको पाइन्छ । तौखेलको एउटा शिलालेखमा भैंसी पाल्ने गोठको सुविधा दिन जग्गा प्रदान गरेको देखिनाले महिषपालको सूचना मिलेको छ ।

यसरी नेपजातिका गोपालवंश राजाहरूले सर्वप्रथम नेपालमा राजतन्त्र कायम गरे । यस वंशका आठजना राजाहरूले नेपालमा राज्य गरे । गोपालवंशपछि महिषपाल वंशको स्थापना भयो । तीनजना महिषपालले राज्य गरे । महिषपाल वंशको शासनकालमा पूर्वबाट किराँती जातिको आक्रमण भयो । किराँती सरदार यलम्बरले महिषपालको वंशको अन्त्य गरे र नेपालमा किराँतवंशको जग बसाले ।

प्रमुख किराँती राजाहरू

क्राइष्ट जन्मनुभन्दा ७०० वर्ष जति अगाडितिर किराँतीहरू नेपालको विभिन्न ठाउँमा छरिएको अनुमान हुन्छ । यिनीहरू मंगोलजस्ता पुड्का र बलिया जातिका थिए । प्राचीन भारतीय वाङ्मयमा किराँत जातिको उल्लेख भएको पाइन्छ । इशा पूर्व तेस्रो शताब्दीको प्रसिद्ध भारतीय ग्रन्थ "अर्थशास्त्र" मा किराँतीहरूको नाम उल्लेख भएको पाइन्छ । नेपालमा आई राज्य गर्ने किराँती राजाहरू तामाकोशी र सुनकोशी बीचका भूभागका बासिन्दा थिए । यिनीहरू नेपाल उपत्यकामा पूर्वपट्टिबाट पसेको अनुमान हुन्छ । यिनीहरूले यहाँका गहिषपालवंशी राजाहरूलाई हराई आफ्नो शासन स्थापना गरे र अन्दाजी ७०० वर्ष जति यिनीहरूको शासन रहेको अनुमान हुन्छ ।

गोपाल वंशावलीमा ३२ किराँत राजाहरूको उल्लेख भएको छ । प्रथम किराँती राजा यलम्बर थिए । चौधौं किराँती राजा स्थंकुको समयमा भारतका मौर्य सम्राट अशोक इ.पू. २५० मा भगवान् शाक्यमुनि गौतमबुद्धको जन्मस्थल लुम्बिनीमा आए । भगवान् बुद्धको जन्मस्थानको ठाउँको सम्झनामा उनले ढुङ्गाको एउटा स्तम्भ + पनि खडा गर्न लगाए । स्तम्भमा एउटा अभिलेख छ । अभिलेखको भाषा प्राकृत र लिपि ब्राम्ही छ । नेपालमा पाइएका अभिलेखहरू मध्येमा यो सबैभन्दा पुरानो अभिलेख मानिएको छ ।

गस्ती अन्तिम किराँती राजा हुन् । यिनीपछि नेपाल उपत्यकामा किराँती शासनको अन्त हुन्छ ।

गोपालवंशको जस्तै किराँतकालीन राजाहरूको ऐतिहासिकताबारे अझै थाहा पाउन सकिएको छैन, तर लिच्छवि शासनकालमा पाइएका कतिपय शब्दहरूलाई केलाई हेर्दा यी शब्दहरू किराँत शब्दावलीहरू हुन् भनी भन्न सकिन्छ । उदाहरणको लागि लिच्छबिकालीन चार प्रमुख अधिकरणहरू (अड्डाहरू) जस्तैः– कुथेर, शुल्ली, लिम्बल र मापचोकलाई लिन सकिन्छ । यी अड्डाहरूका नाम संस्कृत भाषाबाट नरही स्थानीय जन भाषाबाट रहेका छन् । त्यस्तै कतिपय प्राचीन वस्तीहरूका नाम पनि किराँत भाषाबाटै विकसित भएको देखिन्छ । जस्तैः– खोपुङ (खोप=भादगाउँ), कुर्पासी (खोपासी), सङ्गा (साँगा), टेङ्खु (टेकु) । तिलमकले कुलो बुझाउँछ, 'मिकर' शब्दले दाउरामा लागेको करलाई बुझाउँछ । हाहमु वस्तुले तीलमा लाग्ने करको बोध हुन्छ । यी उदाहरणबाट लिच्छवि शासन व्यवस्थाका केही आधारहरू किराँतकालमा नै कायम भैसकेका थिए भन्ने कुरालाई निकै अँशमा पुष्टि हुन्छ ।

+यस स्तम्भको धेरै कालसम्म पत्ता थिएन । डा. फुहररले वि.सं. १९५२ मा यस स्तम्भको पत्ता लगाएका हुन् । यस क्षेत्रको विकासको निम्ति श्री ५ को सरकारले लुम्बिनी विकास गुरु योजना लागू गरेको छ ।

किरांतकालीन सभ्यता

जनश्रुतिको आधारमा लिच्छवि शासनभन्दा अघि नेपाल उपत्यकामा किरांत शासन कायम रहेको अनुमान भैसकेको छ । तर प्रमाणित रूपमा किरांतकालबारे अझै विस्तृत खोज हुनसकेको छैन । किरांतहरूले धेरै लामो अवधिसम्म नेपालमा शासन गरेका हुनाले यसका कतिपय अवशेषहरू लिच्छविकालीन जनजीवनमा स्पष्ट झल्किन्छन् ।

त्यसैले किरांतकालीन सभ्यताबारे लिच्छवि कालमा पाइएका शिलालेखहरूको आधारमा मोटामोटी रूपबाट थाहा पाइन्छ ।

सामाजिक जीवन:– किरांत कालमा उपत्यकामा प्रशस्त वस्तीहरू स्थायी रूपबाट बसी सकेको पाइन्छ । स्थायी वस्तीको आधारमा यिनीहरू कृषि व्यवसायमा लागेका थिए भन्न सकिन्छ । तिलमक शब्दले कुलो बुझाउँछ । यसबाट कृषिको उन्नतिका लागि कुलोको व्यवस्था भएको अनुमान गर्न सकिन्छ । कृषिमा आधारित जीवनमा संयुक्त परिवारको ठूलो मर्यादा र महत्त्व हुन्छ । यिनीहरू माछा, मासु, दूध, दही, साग, सब्जी, चामल खाने र मद्यपान गर्ने गर्थे । कृषि समाजमा रोपाई र बाली काट्ने विशेष चाड मान्ने चलन हुन्थ्यो । लिच्छविकालमा मल्ल युद्ध गोष्ठीको उल्लेख भएकोले यिनीहरू भेडा, कुखुरा र सांढे लडाएर आमोद प्रमोद गर्थे भन्न सकिन्छ । केही रकम तिरेर आइमाईले पुनः विवाह गर्ने चलन पनि यिनीहरूमा थियो ।

आर्थिक जीवन: आर्थिक जीवनको मूल आधार नै पशुपालन, कृषि, कृषिमा आधारित सानातिना उद्योग तथा व्यापार मानिन्छ। यी सबै आर्थिक जीवनका लक्षणहरू किरांतकालमा-नै देखापरिसकेका थिए । कुथेर अड्डाको मुख्य काम त्रिकर (भाग, भोग, कर) उठाउनु हो । भाग भन्नाले कृषिमा लागेको कर बुझाउँछ । भोगले पशुपालनमा लागेको कर बुझाउँछ । वाणिज्यमा लाग्ने कर 'कर' हो । यी त्रिकरको अलावा अरू कतिपय करहरूको शुरूआत किरांत कालमा नै भैसकेको देखिन्छ ।

कौटिल्यको अर्थशास्त्रमा अमूल्य चीजहरूको संकलन गर्दा नेपालको ऊनी वस्तुको उल्लेख भएको छ । पाटलीपुत्रको बजारमा नेपालमा बनेका ऊनी कम्बलको माग थियो भनिएको छ । यस भनाइबाट ऊनी उद्योगको व्यवसाय नेपालमा उच्चकोटीको भएको अनुमान गर्न सकिन्छ । भारतमा नेपालबाट आयात गरिने वस्तुहरूमा कस्तुरी, छाला, जडीबुटी, चिराइतो आदिको उल्लेख पाइन्छ । यसरी किरांतकालका व्यापारिक मालहरूको निकासी पैठारी पनि ठूलो मात्रामा भएको अनुमान गर्न सकिन्छ। संस्कृत कोषमा चिराइतोलाई किरांतिक नाम दिइएको छ । यसबाट पनि चिराइतोको व्यापार किरांतहरूले गर्थे भन्ने अनुमान गर्न सकिन्छ ।

धार्मिक जीवन: सबै प्राचीन आदिवासी सरह किरांतहरू पनि प्रकृतिको पूजा, नाग, वृक्ष, चटयाङ्ग आदिको पूजा गर्दथे । हिन्दूहरूले मानिआएका देवता महादेव अवश्य पनि किरांतहरूका

किरांतेश्वरको विकसित रूप हुनुपर्दछ । किरांतकालमा नै समतल मैदान भागबाट लिच्छवि शाक्य–कोली आदि जातिको आगमन उपत्यकामा भैसकेको थियो । कोलीग्रामको

किरांतकालीन मूर्ति

स्थापना उदाहरणको रूपमा लिन सकिन्छ । यसले गर्दा वैष्णव, शैव तथा बौद्ध धर्मको प्रवेश किरांतकालमा भैसकेको भन्न सकिन्छ । बौद्ध धर्मको प्रवेशले स्तूप चैत्य निर्माण र शैव तथा वैष्णव धर्मको प्रवेशले मन्दिरको निर्माण किरांतकालमा नै हुन लागिसकेका थिए ।

नेपालको जातीय र राष्ट्रिय जीवन लिच्छविकालमा विशेष सबल र सुदृढ देखापरे तापनि यसको बीजारोपण विक्रम सम्वत्भन्दा धेरै शताब्दी पूर्व किरांतकालमा नै भैसकेको थियो । बौद्ध, शैव, वैष्णव धर्मको नयाँ ज्ञान र प्रकाशले गर्दा नेपालको सांस्कृतिक

जीवनमा नयाँ पालुवा पलाउन लागिरहेका थिए । यसरी किरातकाल नै नेपाली संस्कृतिको उत्पत्तिकाल भएकोले यिनीहरूको शासनबारे अझै विस्तृत खोज हुनु वान्छनीय छ ।

प्रश्नहरू

(१) 'नेपाल' शब्दले के अर्थ बुझाउँछ ? यसको अर्थ बुझाउने विभिन्न तर्कहरूको छोटकरीमा बयान गर्नुहोस् ।

(२) 'गोपालवंश' 'नेपालको पहिलो राजवंश हो' यस कथनमा कति सत्यता छ ? सप्रमाण उदाहरण दिनुहोस् ।

(३) लिच्छवि शासनअघि नेपालमा कसले शासन गरेको थियो ? तिनीहरूका शासनको छोटकरीमा परिचय दिनुहोस् ।

(४) लिच्छविकालीन अभिलेखको आधारमा किरातकालीन शासनको ऐतिहासिकताबारे चर्चा गर्नुहोस् ।

(५) किरातकालीन सामाजिक, आर्थिक तथा धार्मिक जीवनबारे छोटकरीमा वर्णन गर्नुहोस् ।

लिच्छविकालीन प्रख्यात राजाहरू

नेपाल उपत्यकामा किरातीहरूपछि लिच्छविको शासन चल्यो । यस वंशका राजाहरूमा मानदेव सबैभन्दा प्रख्यात भए । यिनी धर्मदेवका छोरा शंकरदेवका नाति वृषभदेवका पनाति थिए । मानदेवबारे विस्तृत अध्ययन यिनको ३८६ सम्वत् अङ्कित चाँगुनारायण शिलालेखबाट हुन्छ । यो ३८६ सम्वत् शक सम्वत् हो । शक सम्वत्मा १३५ जोड्यो भने विक्रम सम्वत् बन्दछ ।

मानदेव (वि. सं. ५२१–५६२)

लिच्छविकालमा नेपालका राजाहरूमा मानदेव "प्रथम" ऐतिहासिक "राजा" मानिएका छन् । अर्थात् एक स्वतन्त्र ऐतिहासिक राजामा हुनुपर्ने सबै लक्षण त्यसबेला उनमा देखापर्दछन् । सम्वत् तिथिमिति सहितका बीसौं मानदेव ताकाका अभिलेखहरू प्राप्त भइसकेका छन् । स्वतन्त्र टक यसै बेलादेखि पाइएका छन् । शासनमा स्थिरता, आर्थिक समृद्धि, विद्या र कलामा उन्नति आदि पनि यसबेला देखापरेका छन् । यसकारण मानदेव प्रथम ऐतिहासिक राजा कहलाइएका हुन् । उनीभन्दा अगाडिका लिच्छवि राजाहरूका अभिलेख प्राप्त भएका छैनन् ।

पिताको अकस्मात मृत्यु र सामन्त दमन:– मानदेवका पिता धर्मदेवको अकस्मात् मृत्यु भएको चाँगुको स्तम्भलेखमा उल्लेख छ । त्यसबेला मानदेव भरखर चढ्दो उमेरका युवक थिए । आमा राज्यवती पतिसाथ सती जान तम्सिन् । तर छोरा मानदेवले ज्यादै जोड लाएर आत्महत्या गर्ने धम्की दिएपछि राज्यवती सती गइनन् अनि राज्यवतीले छोरा मानदेवका साथ आफ्ना पतिको काजक्रिया विधिपूर्वक गर्न लगाइन् ।

धर्मदेवको अकस्मात् मृत्यु भएको र युवक मानदेव गद्दीमा बसेको खबर पाएपछि वरपरका सामन्त राजाहरूले स्वतन्त्र हुने चेष्टा गर्न थाले । यस्तो बेलामा साधारणतः सामन्त राजाहरूले केन्द्रको राजदरबारमा उपस्थित भई गद्दीनसिन नयाँ राजाप्रति वफादारी दर्शाउनु पर्दथ्यो । तर सामन्त राजाहरू मानदेवको दरबारमा उपस्थित नभएका हुनाले उनीहरू विद्रोह गर्न तम्सेका छन् भन्ने कुरा मानदेवले राम्ररी बुझे । यी सामन्तहरूलाई कब्जाउन नसके नेपाल राज्य नै टुक्रिने सम्भावना थियो । यसकारण गद्दीमा बस्नेबित्तिकै सर्वप्रथम मानदेवले सामन्त दमनको लागि प्रस्थान गर्नुपरयो । यसका लागि मानदेवले आवश्यक प्रबन्ध मिलाए । यस काममा उनलाई उनका मामाले पूरा सहायता गरे ।

आमा राज्यवतीको आज्ञा लिई फौजसाथ मानदेव पहिले पूर्वतिर लागे । "पूर्वदेश" का सामन्त राजाहरूलाई कब्जाउन मानदेवलाई गाह्रो भएन । चाँडै नै पूर्वतिरका सामन्त राजाहरू

(किरांत राजाहरू) ले मानदेवको आधिपत्य स्वीकार गरे । यसो हुनाले मानदेवले उनीहरू-लाई पूर्ववत् थामिदिए ।

यसरी पूर्वका सामन्त राजाहरूलाई थमौती गरी मानदेव पश्चिमतिर लागे । पश्चिमतिर गण्डकी पारीका "मल्लपुरी" का सामन्त राजाले मानदेवको आधिपत्य मात्र मन्जुर गरेनन्, पहिले त मानदेवले कुराकानी गरी सम्झौता गर्न उनलाई बोलाई पठाए । तर तिनले मानदेवको कुरालाई टेरेनन् । यसले युद्धद्वारा नै तिनलाई अँठ्याउने निश्चय मानदेवले गरे । मल्लपुरीमा आक्रमण गर्न गण्डकी तर्नुपर्थ्यो, गण्डकीमा फौज तार्नु सजिलो थिएन । तर मानदेवले आवश्यक प्रबन्ध मिलाए । गण्डकीमा फौज तार्न मानदेवले "हात्तीको पुल" तयार पारेका कुरा चाँगुको स्तम्भलेखबाट झल्किन्छ । यसरी हात्तीको बथानद्वारा अस्थायी पुलको काम लिने कुराको चर्चा कौटिल्यको अर्थशास्त्र आदि संस्कृत वाङ्मयमा पाइन्छ । यसरी प्रबन्ध मिलाई आफ्ना मामाको फौजलाई पहिले गण्डकी तर्न लगाई "मल्लपुरी" घेर्न पठाए । पछि आफू पनि ठूलो फौजसाथ गण्डकी तरी "मल्लपुरी" मा आक्रमण गर्न पुगे । "मल्लपुरी" का सामान्त राजाले मानदेवको यस आक्रमणको मुकाबिला गर्न सकेनन् । यसो हुँदा उनले विवश भई मानदेवको प्रभुत्त्व स्वीकार गरे ।

दान धर्म:– यसरी सामन्त दमन गरी मानदेव राजधानीमा फर्के । आफू गद्दीमा बस्ने बित्तिकै सामना गर्नुपरेको यो खतरा पार गर्न सकेको हुँदा उनी ज्यादै प्रसन्न थिए । हुन पनि यसबेला पूर्व, पश्चिमका सामन्तहरूलाई कब्जाउन नसकेको भए त्यसबेला नेपाल राष्ट्र टुक्रिने सम्भावना थियो । यसकारण मानदेवलाई हर्ष हुनु स्वभाविक थियो । यसैले मानदेवले आमाकोसाथ निक्कै दानधर्म गरे । चाँगुनारायणको पूजा गरी आफ्नो विजय वर्णन गराई त्यहाँ गरूडध्वज राख्न लगाए ।

शासन स्थिरता:– प्राप्त अभिलेखबाट सम्वत् ३८६ देखि ४२७ सम्म अर्थात् वि. सं. ५२१–५६२ सम्म जम्मा ४१ वर्ष जति मानदेवले शासन गरे भन्ने थाहा पाइन्छ । ४१ वर्षको मानदेवको लामो शासन कालमा देशमा शान्ति सुव्यवस्था कायम भयो । शासनमा स्थिरता कायम भयो । अधिकार हत्याउन भइरहने दाउपेच, हानथाप हुन पाएन । यसकारण शासनमा भएको यस स्थिरताले आर्थिक, सामाजिक उन्नतिमा मद्दत गरयो ।

आर्थिक उन्नति: शासनमा स्थिरता, राष्ट्रमा शान्ति सुव्यवस्था रहने हुनाले मानदेवको शासनकालमा आर्थिक उन्नति हुनथाल्यो । यसैले मानदेव आफ्नो स्वतन्त्र टक प्रचलनमा ल्याउनमा सफल भए । मानदेवको पालामा अनेक विकास कार्य हुनसके । नयाँ राजदरबार मानगृह, बन्यो । धारा, पाटी, पौवा, देवमन्दिर आदि प्रशस्त बने । वैदेशिक व्यापारमा वृद्धि भयो । एक राज्यबाट अर्को राज्यमा गई व्यापार गर्ने व्यापारीको समूहलाई त्यसबेला 'सार्थ' भनिन्थ्यो ।

चाँगुनारायण

सार्थका नाइके 'सार्थवाह' कहलाउँथे । मानदेवका पालाका अभिलेखमा सार्थवाह रत्नसङ्घ, सार्थवाह गृहमित्रहरूको उल्लेख भएको छ । यसबाट यसताका वैदेशिक व्यापार बढेको झलक पाइन्छ ।

विद्या र कलाको उन्नति:– मानदेवको चाँगुको स्तम्भलेख आदि अभिलेखबाट त्यसबेला विद्याको उन्नति भएको थियो । मानदेवका आश्रयमा उच्चकोटीका विद्वान् थिए भन्ने स्पष्ट थाहा पाइन्छ । यसबाट मानदेवले विद्वान्हरूलाई प्रोत्साहन पनि दिएथे भन्ने थाहा पाइन्छ ।

कलाको विकास पनि त्यसबेला राम्ररी भएथ्यो । मानदेवले स्थापना गर्न लाएका पशुपति, तिलगङ्गा र लाजिम्पाटको वामनमूर्ति (विक्रान्तमूर्ति) हरूलाई मात्र हेरे पनि उक्त कुरा थाहा पाइन्छ । भावप्रधान ती भव्यमूर्तिबाट तिनका रचयिता कलाकारको कलाको साधना स्पष्ट थाहा पाइन्छ । यसबाट मानदेवको आश्रयमा सिद्धहस्त निपुण कलाकार थिए भन्ने प्रमाणित हुन्छ ।

धार्मिक समन्वय:– त्यसबेला नेपालमा वैष्णव, शैव, बौद्ध आदि विभिन्न धार्मिक सम्प्रदायहरू प्रचलित थिए । मानदेवले ती विभिन्न धार्मिक सम्प्रदायमा समान आस्था देखाएर धार्मिक समन्वयको राम्रो उदाहरण प्रस्तुत गरेका छन् । मानदेवको वैष्णव धर्ममा विशेष श्रद्धा थियो । त्यसबेला राजकीय धर्म पनि वैष्णव नै थियो । यसैले शिलालेखको शिरोभागमा "शङ्ख, चक्र" कुँदाइन्थे । तर मानदेवले आफ्नै नाममा "मान विहार" बनाउन लाएर बौद्ध धर्ममा पनि मानदेवले उत्तिकै आदर देखाएथे । शिवलिङ्ग स्थापना गरेर शैव धर्ममा पनि मानदेवले उत्तिकै आस्था देखाएथे । मानदेवको राज्यकालमा पलान्चोक भगवती विजयेश्वरीको स्थापना भएथ्यो । यसरी धार्मिक समन्वयमा उनले जोड दिएथे ।

व्यक्तित्व र चरित्र:– व्यक्तित्व र चरित्रका दृष्टिले पनि मानदेव उल्लेखनीय थिए । उनका पालाका अभिलेखहरूको अध्ययन गरर्यौं भने मानदेव अस्त्रशस्त्र चलाउनमा सिपालु, लोकव्यवहारमा कुशल, शूरा र विद्वान् पनि थिए भन्ने थाहा पाइन्छ । अभिलेखमा मानदेवको शारीरिक बनोट पनि राम्रो थियो अर्थात् अग्ला, ठूला छाती, पुष्ट काँध, ठूला ठूला आँखा भएका र गहुँगोरा भिए भन्ने थाहा पाइन्छ । बूढेसकालमा पनि उनी तगडा थिए भन्ने कुरा सूर्यघाटको अभिलेखबाट थाहा पाइन्छ ।

गति कुराबाट लिच्छविकालका राजाहरूमा मानदेवको विशिष्ट स्थान थियो भन्ने स्पष्ट थाहा पाइन्छ ।

शिवदेव प्रथम

मानदेवपछि केन्द्रको शासनमा केही कमजोरी देखापर्यो र आभीर गुप्त खलंकाको उदय भयो । वसन्तदेवको पालामा रवि गुप्त शक्तिशाली सहायक शासक भई निस्के । गुणदेवका पालामा भौमगुप्त अझ शक्तिशाली बने । उनी एक किसिमले अघोषित राजा जस्तै नै थिए । गद्दीमा लिच्छवि राजा नै थिए तापनि सारा शक्ति यी भौम गुप्तकै हातमा थियो । यस्तै बेलामा शिवदेव (प्रथम) गद्दीमा बसे । बूढानीलकण्ठको सम्वत् ५१२ (वि. सं. ६४७) को अभिलखमा सर्वप्रथम शिवदेवको उल्लेख भएको छ । त्यस अभिलेखमा भौम गुप्तको पनि उल्लेख परेको छ तापनि त्यसबेला भौम गुप्तको पतन शुरू हुन थालेको संकेत त्यताबाट पाइन्छ । मेनामा सोह्रै शिवदेवको प्रभाव परिसकेको थियो । 'लिच्छवि कुलकेतु' भन्ने प्रशस्ती लेखाइ शिवदेवले आफ्नो कुलको गौरव दर्शाउन थालेथे । भौमगुप्तमा रहेका राजकीय 'श्री' शब्द खोसिसकेका थिए । यसरी शिवदेवले (प्रथम) को उदयले लिच्छवि राजाको गौरव फेरि बढ्नथाल्यो । हुन पनि लगत्तै पछि नै भौम गुप्त हटाइन्छन्; गुप्तहरूको केही पतन हुन्छ । यसरी शिदेवको उदयले लिच्छविकालको इतिहासमा अर्को परिवर्तन शुरू हुन्छ । यसकारण लिच्छविकालको इतिहासमा शिवदेव (प्रथम) को पनि उल्लेखनीय स्थान रहेको छ ।

यसरी शिवदेवले महत्त्वपूर्ण परिवर्तन गरेका थिए, तापनि उनले स्वयम् धेरै कालसम्म शासन गरेनन्; उनले शासनको बागडोर आफ्नो भानिज अंशुवर्मालाई सुम्पिदिए। अंशुवर्मा योग्य र महत्त्वाकाङ्क्षी शासक हुँदा उनको प्रभावमा शिवदेव परे। अन्त्यमा शिवदेवले राज्य नै त्याग गरे। भनिन्छ पछि शिवदेव भिक्षु बने।

जे होस्, लिच्छविकालको इतिहासमा शिवदेवको पनि उल्लेखनीय स्थान रहेको कुरामा शङ्का छैन। अंशुवर्मा जस्ता योग्य शासकलाई अगाडि ल्याउनमा शिवदेवको ठूलो हात रहेथ्यो। शिवदेव र अंशुवर्माको संयुक्त शासनकालमा नेपालको चौतफी विकास शुरू भएथ्यो।

अंशुवर्मा

लिच्छविकालको इतिहासमा सबभन्दा उल्लेखनीय, बहुमुखी प्रतिभाशाली नेपाल राष्ट्रको चौमुखी विकास गर्ने शासन अंशुवर्मा हुन्। उनी सोझै नेपालको गद्दीमा हकदार थिएनन्। लिच्छवि राजा शिवदेवको उनी भानिज थिए। त्यस नाताले गर्दा उनले नेपालको राजकाजमा हात हाल्ने अवसर पाएथे। शक्तिशाली भौम गुप्तलाई पन्छाउनमा अंशुवर्माको हात थियो। भौम गुप्तहरूलाई पन्छाउने काम त्यति सजिलो थिएन। अंशुवर्माकै बुद्धिमत्ताले गर्दा यो काम सफल भएथ्यो। यसकारण भौम गुप्तलाई पन्छाएपछि 'श्री सामन्त' का रूपमा उनी शिवदेवका सहायक शासक बने। अनि क्रमशः अधिकार बढाउँदै गई उनी 'महाराजाधिराज' सम्म बने। नेपालको इतिहासमा 'महाराजाधिराज' कहलाउने उनी प्रथम शासक थिए। उनको शासन कालको पूर्वार्द्धमा गद्दीमा लिच्छवि राजा शिवदेव नै थिए। तर पछि राजा शिवदेव सत्ताबाट हटे। अनि अंशुवर्माले एक्लै शासन गर्न थाले तै पनि शुरूमा उनी सोझै गद्दीमा बसेनन्। लिच्छवि राजदरबारबाट 'मानगृह' मा पनि उनी बसेनन्। साथै उनले आफूपछि लिच्छवि राजकुमार उदयदेव गद्दीमा बसून् भनी उनलाई युवराज घोषित गरे। अन्तिम समयमा मात्र अंशुवर्मा महाराजाधिराज बनेका हुन्। त्यसपछि लगत्तै उनको अवसान पनि भयो। स्वतन्त्र राजा सरह अंशुवर्माले आफ्नो नाममा टक पनि प्रचलित गरेका थिए।

अंशुवर्मा

जनता सुखी रहून्, राष्ट्रको विकास होस् भन्ने अंशुवर्माको चाहना थियो। यसकारण उनले राजनीतिक, सामाजिक, धार्मिक, आर्थिक सुधारहरू गरे।

राजनीतिक सुधार:– एकातिर अंशुवर्माले राष्ट्रमा सुरक्षाको प्रबन्ध गरे भने अर्कोतिर जनतालाई शासनमा सम्मिलित गराउने उनले 'पाञ्चाली' (पञ्चायत) लाई बढी अधिकार प्रदान गरी जनतालाई बढी सक्रिय बनाए। 'कथं प्रजामे सुखिनः भवेयुःइति' भनेर जनतालाई सुख दिनु नै शासनको मुख्य उद्देश्य हो भन्ने घोषित गरे। तद्नुरूप प्रत्येक ग्रामपाञ्चालीको कार्य-क्षमतालाई ध्यानमा राखी 'स्वायत्त शासन' लाई प्रोत्साहन दिए।

सामाजिक सुधार:– त्यसबेलाको समाजको मुख्य पृष्ठभूमि वर्ण व्यवस्थामा आधारित थियो। वर्ण व्यवस्थाको मूल आधार चाहिँ 'पेशा' थियो। यसकारण प्रत्येक व्यक्तिले आफ्नो जात अनुसारको पेशा गरून्, यसमा तलमाथि नहोस् अर्थात् 'धर्मसङ्कट' नहोस् भन्ने कुरामा अंशुवर्माले जोड दिएर वर्णव्यवस्थालाई व्यवस्थित पारे।

शिक्षा, स्वास्थ्य आदि कति सामाजिक कुराको सञ्चालन त्यसबेला 'गोष्ठी' हरूले गर्दथे। यसकारण अंशुवर्माले गोष्ठी प्रथालाई सरकारी स्तरबाट प्रोत्साहन दिए।

आर्थिक सुधार:–नेपालको आम्दानीको मुख्य स्रोत त्यसबेला कृषि, पशुपालन र वाणिज्य थियो। अंशुवर्माले राष्ट्रको आम्दानी बढाउन उक्त तीनै कुराको विकासमा ध्यान दिए। कृषिको उन्नतिको लागि कुलो आदिको वन्दोबस्त गरे। पशुपालन गर्नेहरूलाई सुविधा दिई पशु-पालनलाई बढावा दिए। वैदेशिक व्यापार विशेष गरी निर्यात् व्यापारलाई प्रोत्साहन दिने काम अंशुवर्माले गरे। टिस्टुङ्गको अभिलेखबाट निर्यात् व्यापारलाई बढावा दिन अंशुवर्माले दिएको व्यापार नीतिको स्पष्ट झलक पाइन्छ।

धार्मिक सुधार:– गुप्तहरूको शासनकालमा यहाँ अलि धार्मिक कलहको वातावरण फैलिन लागेको थियो। एक धार्मिक सम्प्रदायले अर्को सम्प्रदायको निन्दा गर्ने गर्न लागेको थियो। तर अंशुवर्मा सत्तामा आएपछि उनले नेपालका सबै धार्मिक सम्प्रदायमा सरकारी तहमा समान आस्था लिने नीति लिए। अंशुवर्माको शैवधर्मप्रति विशेष आस्था थियो। उनले शैवधर्मलाई राष्ट्रधर्मको स्थान दिए। यसो हो तापनि वैष्णव, बौद्ध आदि धार्मिक सम्प्रदायलाई पनि उनले उत्तिकै प्रोत्साहन दिएथे। यसो हुँदा केही बौद्धहरूले त उनीलाई बोधिसत्त्वकै अवतारको रूपमा प्रशंसा गरेको पाइन्छ।

'श्री कलहाभिमानी' उपनामको ग्रहण:– अंशुवर्मा स्वयम् अत्यन्त विद्वान् राजा थिए। उनले अरू विद्वानहरूलाई पनि आश्रय दिएथे। रातौं दिन पढ्दा मलाई अपार आनन्द लाग्छ भनी उनले बोलेका छन्। यसो हुँदा उनले 'श्री कलहाभिमानी' लक्ष्मीसँग कलह गर्ने अर्थात् 'सरस्वतीका भक्त' भन्ने उपनाम लिएथे।

विद्या र कलामा वृद्धि:– अंशुवर्मा स्वयम् विद्वान् हुनाले उनले विद्वान्हरूलाई प्रोत्साहन दिए। प्रसिद्ध चान्द्रव्याकरणका रचयिता सामन्त चन्द्रवर्मा गोमी उनका दरबारमा थिए।

अंशुवर्माको विद्वत्ताको प्रसिद्धी विदेशमा समेत फैलिएथ्यो । उनको मृत्युपछि भ्रमण गर्न आएका चिनीयाँ यात्री युआन च्याङ्कको वर्णनबाट यो कुरा थाहा पाइन्छ ।

अंशुवर्मा कलाका पनि प्रेमी शासक थिए । उनको कल्पनाको साकार रूप लिएको "कैलाशकूट भवन" दरबारले नेपाली वास्तुकला बाह्य जनतामा पनि प्रसिद्ध भएथ्यो । सैयौं वर्ष-सम्म कैलाशकूट भवन नेपाली वास्तुकलाको नमुनाको रूपमा रहेथ्यो ।

द्वैतशासन:– वसन्तदेवको अन्तिम समयदेखि एक किसिमको "द्वैतशासन" शुरू भएथ्यो । त्यसबेला रविगुप्त क्रमलील राजा वसन्तदेव सँगसँगै सहायक शासकका रूपमा अगाडि देखापरेका थिए । अंशुवर्माको समयमा आएर "द्वैतशासन" स्पष्ट रूपमा देखापरयो । त्यसबेला बाह्र वर्ष जति शिवदेव र अंशुवर्माको द्वैतशासन चल्यो । शिवदेवले राज्यत्याग गरेपछि केही कालको लागि द्वैतशासन समाप्त भयो । अंशुवर्मापछि गुप्तहरूको हातमा शासनको बागडोर गएपछि फेरि द्वैतशासन शुरू भयो । नरेन्द्रदेवको उदय भएपछि समाप्त भएथ्यो ।

व्यक्तित्व र चरित्र:– अंशुवर्माको व्यक्तित्व उज्ज्वल थियो । राजनीतिज्ञ भएर पनि पढ्न मनपराउने विद्वान् प्रकृतिका उनी थिए साथै उनी उदार प्रकृतिका थिए । यसो हुँदा नेपालको सांस्कृतिक विकासमा उनको उदारताको असर परेथ्यो । उनी 'आर्य मर्यादा' अर्थात् वर्ण व्यवस्थाका पूर्ण अनुयायी थिए । गाई र ब्राह्मणको आदर गर्दथे । उनी अग्निहोत्री थिए । यसरी उनी एक आदर्श हिन्दू राजा थिए ।

जिष्णु गुप्त

भौम गुप्तलाई पन्छाई अंशुवर्मा अगाडि बढेथे । अंशुवर्मा जीवित छउन्जेल त गुप्तहरू दबिएर बसे । अंशुवर्माले लिच्छवि राजकुमार उदयदेवलाई आफ्नो उत्तराधिकारी घोषित गरेथे । तद्नुसार अंशुवर्मापछि उदयदेव गद्दीमा बसे । तर उनले गद्दी थाम्न सकेनन् । यसबेला गुप्तहरूले विद्रोह गरे । त्यसको नेतृत्व भौम गुप्तको नाति जिष्णु गुप्तले गरे । उदयदेव यहाँ टिक्न सकेनन् । सपरिवार उनले तिब्बतमा शरण लिए । अनि जिष्णु गुप्तको बाटो सफा भयो । उनले लिच्छवि ध्रुवदेवलाई गद्दीमा राखी शासनको सारा अधिकार आफ्नो हातमा लिई शासन गर्न थाले । ध्रुवदेव त स्थापनाका मात्र राजा थिए । ध्रुवदेवपछि भिमार्जुनदेवलाई उनले गद्दीमा थापे । त्यसबेला पनि सारा अधिकार चाहिं जिष्णु गुप्तकै हातमा रह्यो । वास्तविक राजा त त्यसबेला जिष्णु गुप्त नै थिए । उनी सोझै गद्दीमा मात्र बसेनन् । स्वतन्त्र राजाले जस्तै जिष्णु गुप्तले आफ्नै नाममा टक चलाए । आफ्ना छोरा विष्णु गुप्तलाई उनले युवराज घोषित गरे । जेहोस्, यसबेला फेरि द्वैत शासन शुरू भयो ।

यसरी जिष्णु गुप्त पनि लिच्छविकालका एक उल्लेखनीय शासक हुन आएका छन् । उनी महत्त्वाकाङ्क्षी मात्र थिएनन्, योग्य पनि थिए । अंशुवर्माकै अनुशरण गरी उनले जनता-

लाई प्रसन्न पारिराख्ने नीति लिए । विकास कार्यलाई पनि प्रोत्साहन दिए । विशेष गरी जनतालाई नभै नहुने धारा, पोखरी आदिको निर्माणतिर उनले जोड दिएका थिए । जनतालाई शासनसम्बन्धी अधिकार पनि केही उनले दिएका थिए ।

नरेन्द्रदेव–द्वैतशासनको अन्त

लिच्छविकालका अर्का प्रख्यात राजा नरेन्द्रदेव हुन् । नरेन्द्रदेव उदयदेवका छोरा हुन् । अंशुवर्मापछि उदयदेव गद्दीमा बसेका थिए । तर यहाँ टिक्न नसकी भोट (तिब्बतमा) शरण लिन पुगे । बाबुकोसाथ नरेन्द्रदेव पनि भोट पुगेका थिए । उदयदेव भोटमा शरण लिन पुगेपछि यता गद्दीमा ध्रुवदेवलाई राखी जिष्णु गुप्तले शासन चलाएका थिए । जिष्णु गुप्तपछि विष्णु गुप्तले शासन चलाए । गद्दीमा चाहिं त्यसबेला भिमार्जुनदेव थिए । यस्तो अवस्थालाई नरेन्द्रदेवको उदयले फेरिदियो । भोटको सहायता लिन नरेन्द्रदेव नेपाल फर्के । जनताल उनको साथ दियो । क्रान्ति भयो । गुप्तहरूलाई पन्छाई नरेन्द्रदेवले सोझै एक्लै शासन गरे । यसरी द्वैतशासनको अन्त भयो ।

शासन र स्थिरता:– नरेन्द्रदेवको शासनकालमा देशमा स्थिरता रह्यो । शान्ति सुव्यवस्था कायम भयो । सम्वत् ६७ देखि १०३ सम्मका अर्थात् वि. सं. ७०० देखि ७३६ सम्मका उनका अभिलेख पाइएका छन् । यसरी उनको शासनकाल लामै देखापरेको छ । उनले जनताको हित गर्ने घोषणा गरेथे । जनहितको लागि विकास कार्य पनि उनले गरेथे । उनल जनतालाई स्वशासनको अधिकार पनि प्रदान गरे ।

परराष्ट्र सम्बन्ध:– नरेन्द्रदेवको समयमा परराष्ट्र सम्बन्धमा सुधार भयो । पहिले नेपालको भारतसँग मात्र बढी सम्बन्ध थियो । नरेन्द्रदेवको पालामा नेपालको चीनसँग पनि सोझै सम्बन्ध कायम भयो । साथै नरेन्द्रदेवले भारतसँग पनि राम्रै सम्बन्ध कायम गरेथे । आफ्ना छोराको विवाह सम्बन्ध भारतका ठूला राजवंशसँग जोडे । एकपटक भारतका एक राजाले चिनीयाँ राजदूतको अपमान गर्दा सात हजार अश्वारोही सेना पठाई चीनको मद्दत नरेन्द्रदेवले गरेथे । चीनका राजदूत भारत जाँदा नेपालकै बाटो आवत्–जावत गरेथे । चिनीयाँ राजदूत वाङ्युनचेले राजा नरेन्द्रदेव र कैलाशकूट भवनको राम्रो वर्णन गरेको पाइन्छ ।

धार्मिक संघलाई प्रोत्साहन:– धार्मिक कुरामा नरेन्द्रदेव पनि सहिष्णु र उदार थिए । उनले पनि धार्मिक समन्वयमा जोड दिएथे । विशेष गरी नरेन्द्रदेवले भिक्षु संघ, पशुपति संघ आदि धार्मिक संघलाई निकै प्रोत्साहन दिएथे । उनीहरूलाई आर्थिक स्रोत मिलाइदिनाको साथसाथै प्रशासनिक अधिकारसमेत केही प्रदान गरेथे ।

आर्थिक उन्नति:– नरेन्द्रदेवको पालामा पनि आर्थिक उन्नति केही भएथ्यो । विशेष गरी नेपाल अन्तरराष्ट्रिय राजमार्गमा परेको हुनाले वैदेशिक व्यापार बढ्न थालेथ्यो । पहिले भारत-

सँग मात्र बढ्ता व्यापार हुन्थ्यो भन अब तिब्बतसँग पनि व्यापार बढ्नथाल्यो । तिब्बत-सँगको व्यापार सम्बन्धले नेपालमा निकै लाभ भएथ्यो । यसबाट नेपालमा व्यापारिक बस्तीको विकास बढी मात्रामा हुनथालेथ्यो ।

'पण पुराणं' नामक नयाँ मुद्राको प्रचलन नरेन्द्रदेवको पालामा भएको पाइन्छ ।

नरेन्द्रदेवले 'भद्रधिवास' नामक नयाँ राजदरबार बनाएथे । यसबाट पनि त्यसबेलाको आर्थिक उन्नतिको झलक पाइन्छ ।

यसरी नरेन्द्रदेव पनि लिच्छविकालका प्रमुख शासक हुन् भन्ने स्पष्ट हुन्छ । चिनीयाँ प्रतिनिधिमण्डलको वर्णनबाट यिनको दरबारको ठाँटबाटको वर्णन पाइन्छ । यिनी सक्कली मोती, स्फटिक, मुगा र अम्बरले सुसज्जित हुन्थे । यिनको कानमा मणि जडित कुण्डल सुशोभित थियो । यी बुद्ध मूर्तिले सुशोभित पेटी धारण गर्थे । यिनको सिंहासन हिंस आकृतिको थियो । दरबारमा फूल र अत्तर छरिन्थ्यो । राज्यका उच्च अधिकारी सिंहासनका दायाँ बायाँ बस्थे । सयकडौं सशस्त्र सैनिकहरू राजाको अङ्गरक्षा गर्थे ।

यसप्रकार नरेन्द्रदेवको शासनकाल कतिपय कारणले महत्त्वपूर्ण छ । यिनले लिच्छविको गौरवलाई डुब्नबाट बचाए । गुप्तहरूको आधिपत्यबाट लिच्छविको उद्धार गरे । चीन, तिब्बत र भारतसँग मैत्री सम्बन्ध कायम गरे । देशको आर्थिक, सामाजिक तथा धार्मिक प्रगतिमा योगदान दिए । त्यसैले यिनलाई लिच्छवि आकाशको पूर्णचन्द्र भन्ने चलन छ ।

नरेन्द्रदेवपछिका शासकहरू

राजा नरेन्द्रदेवपछि शिवदेव द्वितीय तथा जयदेव द्वितीय क्रमशः राजा भए । जयदेव द्वितीयपछिको लिच्छवि इतिहास त्यति प्रष्ट छैन । भाषा वंशावली अनुसार जयदेव द्वितीय-पछि बरदेव राजा भए । यिनैको शासनकालमा अरिमुन्डि नाम गरेका कुनै नेपाली राजाले काश्मीरका राजालाई हराएको वर्णन कल्हणको राजतरंगिणीमा परेको छ । बरदेवपछि राजा राघवदेव तथा गुणकामदेवको नाम उल्लेखनीय छ । राघवदेवले नेपालमा नयाँ सम्वत् चलाए भनिएको छ । गुणकामदेवले कान्तिपुर शहरको स्थापना गरे । कतिपय जात्राहरू चलाए भनिएको छ । गुणकामदेवपछि उनका कैयौं पुस्ताहरूले शासन गरे र यसै वंशका विजयकाम-देवको शासनकालमा नुवाकोटे ठकुरी भाष्करदेवले नेपालमा शासन चलाए भनी वंशावलीमा भनिएको छ ।

प्रश्नहरू

(१) नेपालको इतिहासमा राजा मानदेवको के महत्त्व छ ?
(२) मानदेवले किन आपनै सामन्तहरूको विरोधमा हतियार उठाउनु परयो ?

(३) मानदेवको राज्य कहाँसम्म फैलिएको थियो ?

(४) मानदेवको चरित्रको वर्णन गर्नुहोस् ।

(५) मानदेवको शासनकालमा नेपालको आर्थिक, सामाजिक तथा धार्मिक स्थितिको वर्णन गर्नुहोस् ।

(६) मानदेवलाई नेपालको प्रथम ऐतिहासिक राजा किन भनिन्छ ?

(७) शिवदेवको छोटकरीमा टिप्पणी लेख्नुहोस् ।

(८) अंशुवर्माका बारे छोटकरीमा वर्णन गर्नुहोस् ।

(९) "स्वदेशमा मानदेवको नाम थियो भने विदेशमा अंशुवर्माको ख्याति थियो" यस कथनको पुष्टि गर्नुहोस् ।

(१०) मानदेव र अंशुवर्माको तुलना गर्नुहोस् ।

(११) नेपालको प्राचीन इतिहासमा अंशुवर्माको कस्तो स्थान छ ? वर्णन गर्नुहोस् ।

(१२) गुप्तहरू को हुन् ? लिच्छविकालीन नेपालमा यिनीहरूले कस्तो भूमिका खेलेका थिए ? छोटकरीमा बयान गर्नुहोस् ।

(१३) नरेन्द्रदेवले लिच्छवि गौरवलाई कसरी डुब्नबाट बचाए ?

(१४) नरेन्द्रदेवको पालामा नेपालको परराष्ट्र सम्बन्ध कस्तो थियो ?

(१५) नरेन्द्रदेव कस्ता राजा थिए ? यिनको समयमा नेपालको आर्थिक, सामाजिक तथा धार्मिक अवस्था कस्तो थियो ?

चिनीया यात्री हु एन साङ्को नेपालबारे वर्णन

हु एन साङ (वि.सं. ६५७–७२१) एउटा चिनीयाँ यात्री थिए । २० वर्षको उमेरमा यिनी भिक्षु भए । २९ वर्षको उमेरमा आफ्नो ज्ञानको भोक र प्यास मेटाउन र बुद्ध धर्मको अध्ययन गर्न भनी उनी ताशकन्दको बाटो गरी भारतवर्ष आइपुगे । त्यस वर्ष भारतवर्षको कन्नौजमा हर्षवर्द्धन (वि.सं. ६६३–७०४) राजा थिए । भारतवर्षमा यिनले (वि सं. ६८७–७००) १४ वर्ष विताए । यिनले बौद्ध धर्मसँग सम्बन्धित प्रायः सबैजसो ठाउँहरू जस्तैः– कपिलवस्तु, वाराणसी, गया, कुशीनगर, नालन्दा आदि ठाउँको भ्रमण गरे । १४ वर्षसम्म बौद्धधर्मको विस्तृत अध्ययन गरेपछि हर्षवर्द्धनको अनुमति लिएर वि. सं. ७०१ तिर उनी स्वदेश फर्के । यिनले बुद्धका प्रशस्त प्रतिमाहरू र ६५७ थान हस्तलिखित ग्रन्थहरू पनि आफ्नो साथ चीन लगे । वाट्र्स (Watters) को 'हु-एन साङको भारत वर्णन' र बिल (Beal) को 'हु-एन साङको जीवनीबाट' तत्कालीन भारतको राजनीतिक, धार्मिक, सामाजिक जीवनको बोध हुन्छ । यही हु–एन साङको वर्णनमा नेपालबारे केही टिपोट पाइन्छ । यद्यपि हु – एन साङ स्वयम् काठमाडौं आएनन् तर वर्तमान नेपालको लुम्बिनी र कपिलवस्तुको भ्रमण उनले गरे । आफ्नो अध्ययन भ्रमण कालमा उनले वैशाली तथा नालन्दामा नेपालबारे जो सुने, सो आफ्नो यात्रा वर्णनमा टिपोट गरे ।

हु एन साङको वर्णन

नेपालबारे उनको वर्णन यस प्रकारको छः– "यो देश नी-पो-ली हिउँ पर्वतको मध्यमा ४००० ली (चिनीयाँ नाप) को घेरामा आवाद छ । यसलाई माइलमा परिणत गर्दा ६६७ माइल हुनआउँछ । यसको राजधानीको परिधि २० ली. छ, जुन अन्दाजी ३।। माइल हुन आउँछ । सम्पूर्ण देश पहाड र घाँटीले भरिएको छ । यहाँ खाद्यान्न र फलफूल प्रचुरमात्रामा हुन्छ । तामा, चमरीगाई र मिरिङ चरा प्रशस्त पाइन्छन् । व्यापारको निम्ति तामाका मुद्राहरू प्रचलनमा छन् । यहाँका मानिस झूठो बोल्दछन् । चालचलन विश्वसनीय छैन । मानिसमा सत्य निष्ठाको कमि छ । यिनीहरू शिक्षित छैनन् तर कलाकौशलमा भने निपूण छन् । यिनीहरूको अनुहारमा कत्ति पनि आकर्षण छैन । देशमा बौद्ध धर्मको साथसाथै अरू धर्म पनि चलेको छ । बौद्ध मठ तथा हिन्दू मन्दिरहरू सँगै जोडिएका छन् । लगभग २००० बौद्ध भिक्षुहरू यहाँ हीनयान र महायान सम्प्रदायको अध्ययन गर्दछन् । यहाँ लिच्छविकूलको राजा छ । उनलाई अनेक कुराको ज्ञान छ । यिनको चरित्र पवित्र छ । बौद्धधर्ममा यिनी आस्था राख्दछन् । हालसालै यहाँ अंशुवर्मा (अं-चु-फा-भो) नामका राजा थिए । यिनको प्रताप र कीर्ति टाढा-टाढा फैलिएको थियो । यिनले शब्दविद्या (व्याकरण) सम्बन्धी एक ग्रन्थको पनि रचना

गरेका थिए । यी विद्वान् र गुणीहरूको ठूलो आदर गर्थे । उनले राजधानीको दक्षिण-उत्तर पर्ने एउटा अग्निकुण्ड (तेल स्रोतको) को पनि वर्णन गरेका छन् । आगो बाल्यो तुरुन्तै बल्छ । केही कुरा सो अग्निकुण्डमा हाल्यो भने त्यसको स्वरूप तुरुन्तै बदलिन्छ । यो अग्निकुण्डको वर्णन नरेन्द्रदेवको पालामा आएका चिनीयाँ प्रतिनिधिमण्डलले पनि गरे ।"

लिच्छविकालीन सभ्यता

राजनीतिक व्यवस्था

किरांतकालमा नेपालको राजनीति व्यवस्था त्यति स्पष्ट देखिंदैन तर लिच्छविकालमा यो स्पष्ट देखिन्छ । लिच्छविहरूको मूलथलो वैशालीमा थियो । वैशालीमा यिनीहरूले गणतन्त्रात्मक शासनको विकास गरेका थिए । वैशालीको गणतन्त्र मगधको राजतन्त्र अगाडि टिक्न सकेन । यसैले लिच्छविहरूले नेपालमा राजतन्त्रात्मक शासनको विकास गरे तर यसो गर्दा उनीहरूले गणतन्त्रीय भावनालाई कहिले पनि बिर्सेनन् । शासनमा जनताको सल्लाह सुखलाई सधैं नैं प्राथमिकता दिए । त्यसैले लिच्छवि शासनप्रणाली प्रजातन्त्रीय राजतन्त्रमा आधारित थियो । राजतन्त्र वंशानुगत थियो । शासनपद्धति निकै व्यवस्थित थियो । केन्द्रद्वारा सोझै शासन गरिने र सामन्तद्वारा शासन गरिने प्रदेश गरी त्यसबेला नेपाल राष्ट्र प्रशासनको दृष्टिले मुख्य गरी दुई भागमा विभक्त थियो । केन्द्रद्वारा सोझै शासन गरिने राजधानीमाभन्दा अलि टाढाका प्रदेश पनि अनेक 'विषय' (जिल्ला) हरूमा विभक्त थिए । राजधानी वरपरका प्रदेशहरू चाहिं ग्राम, तल द्रङ्गरूपको अनेक प्रशासनिक निकायमा विभक्त थिए । प्राचीन प्रशासनिक परिभाषा अनुसार भन्ने हो भने त्यसबेला जनता दुई तहमा विभक्त थिए– 'पौर' र 'जानपद' । राजधानी वरपरका बासिन्दाहरू 'पौर' कहलाइएका थिए । 'पौर' बाहेक अरू जनता 'जानपद' कहलाउँथे ।

शासनमा राजाको स्थान:– शासन व्यवस्थाको सबभन्दा माथिल्लो तहमा राजाको स्थान हुन्थ्यो । कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकासम्बन्धी सबै प्रशासनिक काम कारवाहीका मुख्य केन्द्रबिन्दु राजा नै थिए । राजामा सर्व प्रशासनिक अधिकार निहित थियो । उनी निग्रह र अनुग्रह गर्न सक्दथे । तर लिच्छवि राजाहरू स्वेच्छाचारी थिएनन् । व्यवस्था अन्तर्गत रही राम्ररी शासन चलाउँथे ।

मन्त्रिपरिषद्:– प्रशासनमा राजालाई सहायता गर्न र सल्लाह दिन 'मन्त्रिपरिषद्' को अस्तित्त्व थियो तर प्रशासन व्यवस्थासँग मन्त्रिपरिषद्को सोझै सम्बन्ध थिएन । लिच्छवि कालमा महाप्रतिहार, सर्वदण्डनायक, महाबलाध्यक्ष, कुमारामात्य आदि मन्त्रिस्तरका अधिकारीहरूको केन्द्रको प्रशासनमा बढी हात रहन्थ्यो । यो कुरा तत्कालीन शिलालेखबाट थाहा पाइन्छ ।

राजदरबार र सरकारी अधिकरणहरू:– प्रशासनको मूलकेन्द्र 'राजदरबार' रहन्थ्यो । राजदरबारका विभिन्न 'द्वार' मा सम्बद्ध अधिकरण रहन्थे । व्यवस्थित रूपमा शासन चलोस् भनी केन्द्रमा अनेक सरकारी अधिकरणहरू (अड्डा अदालत) रहेका थिए । तिनमा कुथेर, शुल्ली,

लिङ्ग्वल, माप्चोक- यी चार अधिकरण मुख्य थिए। यी बाहेक पूर्वाधिकरण, पश्चिमाधिकरण, महाधीकरण आदि अरू अनेक अधिकरणहरू थिए ।

अन्तरासन, परमासन:– लिच्छविकालको केन्द्रीय प्रशासनमा सबभन्दा महत्त्वपूर्ण अधिकरण अन्तरासन, परमासन हो जसले राष्ट्रको शासनसम्बन्धी हरकुराको रेखदेख गर्दथ्यो । राजाको अध्यक्षतामा बस्ने यो 'राजसभा' (भारदारी सभा) हो । राजदरबारमा उजूर परेका र राष्ट्रमा आइपरेका अरू समस्याको सामाधान पनि अन्तरासनले गर्दथ्यो । 'अन्तरासन' जनतासँग सम्बन्ध राख्ने प्रमुख प्रशासनयन्त्र थियो भन्न सकिन्छ । पञ्चहरूले छिन्न नसकेका मुद्दा मामिला वा अरू कुनै पनि समस्या 'प्रतिहार' मार्फत यस अन्तरासन' मा पेश गरिन्थ्यो । महिना दिनभित्र त्यस्ता हर उजूरी वा समस्याको समाधान राजाको रेखदेखमा 'अन्तरासन' ले गर्दथे ।

युवराज:– राजापछि युवराजको स्थान रहन्थ्यो । युवराजले पनि शासनसम्बन्धी केही अभिभारा बोक्दथे । मुख्य गरी 'दूतक' का रूपमा राजाको आज्ञा जनतासम्म पुऱ्याउने अभिभारा युवराजमा रहेको हुन्थ्यो ।

सहायक शासक र संयुक्त शासक:– वसन्तदेवको समयदेखि नरेन्द्रदेवको उदय नहुन्जेल लिच्छविकालमा शासनको बागडोर गद्दीनशीन राजाको हातबाट अरू सहायक शासक र संयुक्त शासकहरूको हातमा सरयो । यसो हुनाले एक शताब्दीभन्दा लामो कालसम्म यस बीचको शासन व्यवस्थामा सहायक शासक र संयुक्त शासकहरूको स्थान उल्लेखनीय रह्यो । रविगुप्त, क्रमलील, भीम गुप्तहरू सहायक शासकको श्रेणीमा पर्दछन् । जिष्णु गुप्तहरू संयुक्त शासकको श्रेणीमा पर्दछन् । अंशुवर्मा पनि शुरूमा सहायक शासकको रूपमा देखापरेका थिए। पछि उनी पूर्ण शासक बने ।

सामन्त शासक:– लिच्छविकालमा नेपाल राष्ट्रभित्र पूर्व र पश्चिमतिर अनेक सामन्त राजाहरू भएथे । त्यहाँको प्रशासन सोझै ती सामन्तका अधीनमा थिए । यी बाहेक कति 'सामन्त' पदधारी व्यक्तिहरू केन्द्रकै प्रशासनमा पनि संलग्न थिए । शासकहरू आफ्ना मनपरेका व्यक्तिलाई 'सामन्त' पद्वीले विभूषित गर्थे र तिनीहरूलाई केन्द्रकै केही प्रदेशको रेखदेखको काम लगाउँथे । यसरी केन्द्रकै प्रशासनमा पनि सामन्तको केही हात परेको पाइन्छ ।

विषयपति:– केन्द्र अन्तर्गतका विभिन्न 'विषय' (जिल्ला) हरूको प्रशासन चलाउन 'विषयपति' नामको अधिकारी नियुक्त हुन्थे । विषयपतिको मातहतमा अरू कर्मचारी रहन्थे । भन्सारका हाकिम र सुरक्षा चौकीका प्रमुख पनि 'विषय' हरूमा रहन्थे ।

पाञ्चाली:– लिच्छविकालको स्थानीय प्रशासनमा जनतासँग सोझै सम्बन्ध राख्ने सबभन्दा महत्त्वपूर्ण एकाइ 'ग्राम पाञ्चाली' (पञ्चायत) हो । लिच्छविकालको शासन व्यवस्थाको प्रमुख विशेषता नै 'पाञ्चाली–पद्धति' हो भनी सहजै भन्न सकिन्छ । लिच्छविकालका शासकहरूले विके-

न्द्रीकरणको नीति लिई 'स्वायत्त शासन' लाई प्रोत्साहन दिएथे। यसकारण 'पाञ्चाली' ले स्थानीय प्रशासनसम्बन्धी निकै अधिकार पाएथे ।

'पाञ्चाली' मा अनेक सदस्य हुन्थे । पाञ्चालीको गठन नियमपूर्वक गरिन्थ्यो । पाञ्चालीमा केही सदस्यको नियुक्ति राजाबाट पनि गरिन्थ्यो ।

'पाञ्चाली' को काम मुख्य गरी दुई किसिमका थिए। एक स्थानीय प्रशासन चलाउनु, आफ्नो इलाकामा भएका झैझगडा मिलाइदिनु, मुद्दा मामिला छिनिदिनु। अर्को काम आफ्नो इलाकाका जनताका हितका लागि पाटीपौवा, धारा, कुलो, देवमन्दिर आदि निर्माणसम्बन्धी विकासकार्य गर्ने र तिनको संरक्षण गर्ने। यसरी लिच्छविकालको शासन व्यवस्थामा 'पाञ्चाली' को महत्त्वपूर्ण स्थान रहेथ्यो ।

उपसंहार:– यसरी लिच्छविको शासन व्यवस्था व्यवस्थित थियो। राजा र प्रजामा नजीकको सम्बन्ध थियो। शासक र शासितको भावनाभन्दा माथि उठेर राजा र प्रजामा बाबु र छोराको जस्तो सम्बन्ध रहनुपर्दछ भन्ने त्यसबेलाको आदर्श थियो । यसकारण जनतालाई पीरमर्का नपरोस्, अन्याय नहोस्, अधिकारीहरूले जनतालाई कष्ट नदिऊन् भन्ने कुरामा राम्ररी ध्यान दिइएको पाइन्छ । कर व्यवस्था पनि राम्रो थियो । न्याय सुलभ थियो । जनता धेरै अंशमा सुखी थिए ।

लिच्छविकालमा सामाजिक, आर्थिक र धार्मिक अवस्था

सामाजिक अवस्था:– लिच्छविकालको समाज निकै संगठित र समृद्ध नै थियो । समाजमा विविधता भएर पनि निकै एकता वा संगठन पनि कायम थियो। जनहीतको धेरैजसो काम 'गोष्ठी' आदि जनताको संगठन मार्फत हुने हुनाले समाज आर्थिक र अरू दृष्टिले पनि केही उठेको थियो। यसो हुँदा चीनजस्तो समृद्ध र सभ्य देशबाट आएका यात्री र राजदूतहरूले यहाँको जनजीवन केही उठेको चर्चा गरेका छन् ।

चारवर्ण अठाह्र जातको व्यवस्था:– नेपालमा शुरूशुरूदेखि नै विविध जातिको बसोबास हुन थालेथ्यो । तिनलाई सामान्यतः दुई वर्गमा विभाजित गर्न सकिन्छ । एक आर्य परिवारको र अर्को आर्येतर परिवारको । नेपालमा समय-समयमा आई बसोबास गरेका गोपाल, लिच्छवि, बृजिक, शाक्य, मल्ल आदि आर्य परिवारभित्र पर्दछन । आर्य परिवारका जातिको प्रवेशभन्दा पहिले नै यहाँ आर्येतर परिवारका अर्थात् किरातपरिवार जातिको बसोबास भैसकेको थियो। नेपाली सामाजको रचनामा यही दुई वर्गको समन्वय रहेथ्यो।

लिच्छविहरूले वर्ण व्यवस्थालाई नै अनुसरण गरे । विशेष गरी अंशुवर्माको समयदेखि वर्णव्यवस्थालाई अझ बढी बल दिइयो । यसो हुँदा समाजलाई ब्राह्मण, क्षेत्री, वैश्य, शुद्र चार-

वर्णका रूपमा वर्गीकृत गरियो । वर्णव्यवस्था लागू गर्दा यस व्यवस्थाभन्दा पहिलेदेखि छुट्टै रहेका किराँत, थारू आदि वर्गलाई बलजफ्ती यस वर्गमा गाभ्ने काम भने भएन । वर्णव्यवस्था-भन्दा भिन्न रहेका यी वर्गलाई अठाह्र जातका रूपमा भिन्नै अस्तित्व कायम राख्न दिइयो । यसो हुँदा जनतालाई सम्बोधन गरी राखिएका लिच्छविकालका अभिलेखमा 'ब्राह्मणप्रधान अष्टादशप्रकृतयः' भन्ने उल्लेख पाइन्छ । त्यही अठाह्र जात पछि दोब्बरिई 'छत्तीस जात' का रूपमा परिणत भयो ।

यस व्यवस्थाले गर्दा अनेकता भईकन पनि एकता भएको समाज रहनामा निकै बल मिल्यो ।

संयुक्त परिवार प्रथाः– त्यसबेलाको समाजमा संयुक्त परिवार प्रथा विशेष रूपमा प्रचलित थियो । अभिलेखमा जनतालाई सम्बोधन गर्दा 'कुटुम्बी' भनी सम्बोधन गरेको पाइन्छ । राजद्रोह, हत्या, चोरी आदि ठूलठूला अपराध एक जना व्यक्तिले गरयो भने पूरै परिवारलाई सजाय गरिन्थ्यो । यसरी कानूनी दृष्टिले संयुक्त परिवार प्रथालाई मान्यता दिइएको पाइन्छ ।

समाजमा गोष्ठीको स्थानः– आवश्यक कामकुरा मिली गर्ने परम्परा त्यसबेलाको समाजको विशेषता रहेको पाइन्छ । मुख्य गरी शिक्षा, स्वास्थ्य आदि समाजका कतिपय आवश्यकताको पूर्ति 'गोष्ठी' को रूपमा मिली गर्ने गरिन्थ्यो । लिच्छविकालका अभिलेखमा समाजसेवा गर्ने यस्ता अनेक गोष्ठीहरूको उल्लेख पाइन्छ । प्रणालीगोष्ठी र पानीयगोष्ठीहरूले जनतालाई खाने पानीको बन्दोबस्त गर्दथे । साथै धारा बनाउने प्रविधिको तालिम पनि यस्ता गोष्ठीहरूले दिन्थे । जनताको औषधोपचारको लागि गोष्ठीको रूपमा 'आरोग्यशाला' थिए । साथै आयुर्वेदको अध्ययन, अध्यापन पनि यस्ता गोष्ठीले गर्दथे । अभिलेखमा बाटो बढार्ने गुठी, 'मार्गोन्मार्गन गोष्ठी' सम्मको उल्लेख भएको छ । एउटा-एउटा विषयको तालिम अध्ययन अध्यापनको लागि भिन्ना–भिन्नै गोष्ठीहरूको गठन गरिन्थ्यो । उदाहरणार्थ वेदको एक विशेष शाखाको अध्ययनको लागि बनेको, 'तैत्तिरीय शाखा गोष्ठी' लाई देखाउन सकिन्छ । मूर्ति बनाउने तालीमको लागि 'अर्चागोष्ठी' बनेको उल्लेख पाइन्छ । 'सनाथ्यगोष्ठी' उल्लेख पनि अभिलेखमा भएको छ । 'सनाथ्यगोष्ठी' को रूपमा जुन अहिलेसम्म प्रचलित रहेको छ । 'सना गुठी'ले मृतकको काज-क्रियासम्म सघाउने आदि सामाजिक कार्य गर्दथ्यो । यसैगरी समाज सेवासम्बन्धी अनेक किसिमका गोष्ठीहरू त्यसबेला थिए । धार्मिक काम गर्ने गुठीहरू पनि प्रशस्त थिए ।

यस्ता गोष्ठीहरूलाई सरकारी तर्फबाट प्रोत्साहन दिइन्थ्यो । गोष्ठीका सदस्य 'गोष्ठीक' हरूको सामाजिक मान्यता थियो । हुने पुग्ने जनतातर्फबाट पनि यस्ता गोष्ठीहरूलाई आर्थिक सहायता दिइन्थ्यो । यसरी त्यसबेलाको समाजमा गोष्ठी प्रथाको महत्त्वपूर्ण स्थान थियो ।

शिक्षाः– शास्त्रीय शिक्षा र व्यावसायिक शिक्षाको रूपमा त्यसबेला शिक्षाका दुई भेद थिए । शास्त्रीय शिक्षा ब्राह्मण, क्षत्री आदि उच्च वर्णले मात्र लिन्थे । यिनीहरू वैदिक,

साहित्य, धर्मशास्त्र, ज्योतिष, आयुर्वेद आदि विषयका शास्त्रहरू पढ्दथे । त्यबेलाको समाज पेशाकै आधारमा विभक्त हुनाले व्यावसायिक शिक्षा वंश परम्पराअनुसार आफ्नो-आफ्नो पेशाअनुसार लिन्थे । यसरी शास्त्रीय शिक्षा बहुसंख्यक जनताले लिँदैनथे तापनि आफ्नो-आफ्नो व्यावसायको तालीम भने जनताले लिन्थे ।

दासप्रथाको कमी:– मिलेर काम गर्ने परम्परा हुँदा लिच्छविकालको समाजमा दासप्रथाको निकै कमी थियो । खेती गर्दा पनि गुहार दिई मिली गर्ने चलन थियो । यस्तो अवस्था हुँदा अन्तको तुलनामा यहाँ दासप्रथाको निकै कमी थियो । ठूल्ठूला देवमन्दिरमा आरतीको बेला नृत्य गर्न र मन्दिरमा सरसफाई गर्न देवदास, देवदासी रहन्थे । राजदरबारमा र धनीका घरमा केही दासदासी हुँदा हुन् तर ती नगण्य मात्रामा थिए ।

समाजमा स्त्रीको स्थान:– समाजमा आइमाईको स्थान केही राम्रो नै थियो । राजा मानदेवले आफ्नो टकमा बडामहारानी भोगिनी पनि नाम अङ्कित गराई उच्चस्थान दिएका थिए । त्यसबेलाको उच्च वर्गमा बहु-विवाहको पनि चलन थियो तापनि सर्वसाधारण वर्गमा पुनर्विवाह, विधवा विवाह पनि प्रचलित थियो । माली गाउँको विष्णु गुप्तको अभिलेखमा स्थानीय जनतालाई पुनर्विवाह, विधवा विवाह गर्ने कुरालाई सरकारी मान्यता दिएको कुरा परेको छ । यी कुरा र अरू यस्तै कुराले लिच्छविकालसम्म केही अंशमा आइमाईहरूलाई स्वतन्त्रता रहेको पाइन्छ ।

सतीप्रथा:– लिच्छविकालमा उच्चवर्गमा सतीप्रथा चलेको थियो । तर सतीप्रथा अनिवार्य थिएन । मानदेवकी राज्यवती, भौम गुप्तकी आमा आभीरी, जयदेवकी आमा वत्सदेवी आदि सती नगएको घटनाबाट हामी यो कुरा थाहा पाउँछौं ।

स्त्री शिक्षा:– उच्चवर्गका आइमाईहरू नृत्य, गीत, वाद्य आदि कलासम्बन्धी शिक्षा लिन्थे । मानदेवकी छोरी विजयावतीले यस्तै कलासम्बन्धी शिक्षा लिएको वर्णन अनेक अभिलेखमा परेको छ । साथै केही धार्मिक कुराको शिक्षा पनि आइमाईहरूलाई दिइन्थ्यो ।

रहनसहन र भेषभूषा:– 'नेपालीहरू नुवाइधुवाई सफा रहन्छन्, नाचगान गरी रमाइरहने उनीहरूको बानी छ' आदि कुरा चिनीयाँ वृत्तान्तमा परेको छ। लोग्ने मानिस प्रायः 'जामा' जस्तो लुगा लगाउँछन् भन्ने पनि चिनीयाँ वृत्तान्तमा लेखिएको पाइन्छ। लिच्छविकालमा मूर्तिहरूबाट पनि त्यसबेलाको भेषभूषाको झलक पाइन्छ। चाबहिल चैत्यमा अङ्कित मूर्तिहरूबाट त्यसबेलाका आइमाईका विविध केशविन्यासको झलक पाइन्छ। चिनीयाँ वृत्तान्त र अभिलेखबाट लवाइखुवाइ पनि राम्रो थियो भन्ने थाहा पाइन्छ ।

चाडपर्व मनोरञ्जनका पनि अनेक झलक अभिलेखबाट पाइन्छ। यसरी लिच्छविकालको सामाजिक अवस्था राम्रै थियो भन्ने थाहा पाइन्छ ।

आर्थिक अवस्था

नेपालको आर्थिक विकासको शुरू किरांतकालमं भइसकेको पाइन्छ । विशेष गरेर ऊनी वस्त्र उद्योग त्यसबेला विकसित भएको थियो । नेपाली ऊनी वस्त्रको माग बाहिर पनि थियो ।

लिच्छविकालमा पुगेर नेपालको आर्थिक विकासको गति बढ्यो । त्यसबेलाका शिलालेख, चिनोयाँ वृतान्त आदिको आधारमा विचार गर्दा लिच्छविकालमा नेपाली जनताको आर्थिक अवस्था राम्रो थियो भन्ने थाहा पाइन्छ । खेती, पशुपालन, उद्योग, व्यापारको विकास यसबेला राम्ररी भएको पाइन्छ ।

कृषि र भूमि व्यवस्था:– कृषिको उत्पादन बढाउन लिच्छविकालमा शासकहरूले विशेष दृष्टि दिएथे । आकाशे खेतीको भर पर्न नपरोस् भनी खेतीको लागि राजकुलाको बन्दोबस्त गरेका थिए । साथै राजकुलाको पानी बाँडिलिने कुरामा पनि कलह नहोस् भनी त्यसको पनि व्यवस्था मिलाएको कुरा शिलालेखमा परेको छ ।

भूमिव्यवस्था राम्रो थियो । जग्गासम्बन्धी कलह नहोस् भनेर र प्रत्येक जग्गाको चार किल्ला निश्चित गरिएको हुन्थ्यो तथा भूस्वामित्त्व निश्चित हुन्थ्यो जग्गा धनीलाई भूस्वामित्त्वको लागि सरकारतर्फबाट 'लेख्य' पत्र (रजिष्ट्रेशन भएको निस्सापत्र) दिइन्थ्यो । यसो हुनाले जग्गा किनबेच गर्दा सजिलो पर्दथ्यो । प्रत्येक जग्गाको उत्पादन हेरी कूत, पोत आदि तोकिएको हुन्थ्यो । कृषि उत्पादनको एक अंश पोतको रूपमा सरकारी कोषमा जान्थ्यो । एअ अंश कूतको रूपमा जग्गा धनीकोले पाउँदथ्यो । बाँकी खेतीवालले पाउँथ्यो ।

जग्गाको विभाजन प्रायः तीन प्रकारले गरिएको देखिन्छ । सोझै सरकारको अधिनमा रहेका जग्गा, धार्मिक संगठन र ब्राह्मण आदिलाई बितारूपमा दिइएका जग्गा र जनताको अधीनमा रहेका जग्गा ।

लिच्छविकालमा जग्गाको नापीलाई बुझाउने शब्द 'भूमि' थियो । भूमि 'एक' रोपनी बराबरको हुन्थ्यो । अनाजको नापीलाई बुझाउने शब्द 'मानिका' थियो । 'मानिका' शब्दले एक मुरी जतिलाई बुझाएको अनुमान हुन्छ ।

त्यसबेलाको कृषि उत्पादनमा धान र गहुँको नै प्रमुखता रहेको थियो । साथै फलफूल सागपातको उत्पादन पनि राम्रै थियो । उखुको खेती पनि यहाँ राम्रै हुन्थ्यो ।

पशुपालन:– लिच्छविकालको जनताको आयस्रोतमा पशुपालनको पनि प्रमुख स्थान रहेको थियो । गाई, चमरी गाई, भैंसी, भेडा, घोडाको पालन विशेष रूपमा हुन्थ्यो । यसैगरी हाँस, कुखुरा, सुँगुर, माछापालन आदिको पनि व्यवसायका रूपमा प्रचलित थियो । त्यस बेला नेपालबाट विदेशमा निकासी हुने पदार्थमा ऊनको विशेष स्थान थियो । यसो हुनाले त्यसबेला भेडा प्रशस्त मात्रामा पालिन्थ्यो ।

उद्योग:– लिच्छविकालमा जीवनका लागि अत्यावश्यक अन्नपात, लत्ताकपडा आदि धेरैजसो वस्तुको उत्पादन यहीं भएको देखिएको छ । त्यसताका नेपालको विदेशसँगको व्यापार पनि प्रशस्तमात्रामा चलेको थियो । बाहिर पदार्थ निकासी गर्न यहाँ उद्योगधन्दा चलाउनु आवश्यक हुनु स्वाभाविक थियो । त्यसबेला वृहत्‌रूपमा उद्योगधन्दा चलेको पाईंदैन तापनि घरेलु रूपमा भने अनेक उद्योगधन्दा चलेको हामी पाउँछौं ।

वस्त्र उद्योग, भडाकुँडा, गरगहना बनाउने उद्योग, फलाम आदि खानीसम्बन्धी, काष्ठ उद्योग, तेल उद्योग आदि अनेक थरी उद्योग त्यसबेला यहाँ राम्ररी चलेका थिए । यी उद्योग राम्ररी चलून् भनी सरकारीतर्फबाट सुविधा दिई प्रोत्साहन दिइएको पाइन्छ ।

व्यापार:– लिच्छविकालमा जनताको एक प्रमुख आम्दानीको स्रोत व्यापार पनि थियो । "नेपालमा व्यापार गर्ने संघहरू धेरै छन्, स्थानीय बजार पनि गुलजार छ" भन्ने भाव त्यसबेला नेपाल आएका चिनीयाँ राजदूतले व्यक्त गरेको पाइन्छ । 'व्यापार गर्ने संगठन' भनी उनले विदेशतिर गई व्यापार गर्ने संगठनलाई लक्ष गरेको देखिन्छ । विदेशसँग व्यापार गर्ने यस्तो संगठनलाई त्यसबेला 'सार्थ' भनिन्थ्यो । 'संगठनका नाइके' लाई 'सार्थवाह' भनिथ्यो । लिच्छविकालका शिलालेखमा यस्ता 'सार्थवाह' को उल्लेख पाइने हुनाले त्यसबेला यहाँ विदेशसँग व्यापार गर्ने संगठनहरू थिए भन्ने सिद्ध हुन्छ ।

लिच्छविकालका शासकले विशेषगरी अंशुवर्माले निकासी व्यापार बढोस् भनी कर नीतिमा सुधार गरेथे । त्यसताका नेपालबाट बाहिर बढी निकासी हुने पदार्थमा ऊन, फलाम, चमर, कस्तुरी, तामाका भाँडाकुँडा आदि मुख्य थिए ।

स्थानीय बजार पनि गुल्जार थिए । 'द्रङ्ग' अर्थात व्यापारिक बस्तीको प्रशस्तमात्रामा उल्लेख पाइने हुनाले उक्त कुराको पुष्टि हुन्छ ।

यसरी कृषि, पशुपालन, उद्योग व्यापारको अवस्था राम्रो हुनाले त्यसबेला जनताको आर्थिक अवस्था राम्रो थियो । जनजीवनको स्तर माथि उठेको थियो भन्ने स्पष्ट थाहा पाइन्छ ।

धार्मिक अवस्था

धार्मिक अवस्थाको दृष्टिले लिच्छविकाल राम्रै रहेको छ । हाम्रो यहाँ राजा र प्रजाहरूले धर्मप्रति उद्धार भावना लिएको हुनाले विविधि धार्मिक सम्प्रदायहरूले सजिलैसँग फस्टाउने अवसर पाए । गोपालहरूकै पालामा यहाँ शैवधर्मले प्रवेश पायो । किराँत राजाहरूले पनि शैव-

धर्मलाई प्रोत्साहन दिए । किरांतकालमै यहाँ बौद्ध धर्मको प्रवेश भयो । कपिलवस्तुका शाक्यहरू, रामग्रामका कोलीहरू र वैशालीका लिच्छविहरू प्रशस्त संख्यामा यहाँ आइबसेपछि बौद्ध-



(पशुपतिनाथको मन्दिर)

धर्मको पनि बढी प्रचार हुनथाल्यो र अनेक बौद्ध विहारहरू बन्नथाले । लिच्छवि सत्तामा आए पनि उनीहरूले शुरूमा वैष्णव धर्मलाई नै राजकीय धर्मको रूप दिए । यसकारण यहाँ चार नारायणस्थान आदि वैष्णव धर्मका केन्द्र बन्नथाले । यसै गरी शाक्त, सौर आदि धार्मिक सम्प्रदाय पनि फैलिए ।

लिच्छविकालका शासकहरूले पनि धार्मिक समन्वयलाई नै जोड दिए । जनता पनि धर्म-प्रति सहिष्णु थिए । यसकारण विविध धार्मिक सम्प्रदाय फैलिए पनि हाम्रो यहाँ लिच्छविकालमा धार्मिक कलह भएन ।

धर्म नेपाली जनजीवनको एक अमूल्य अंग थियो । जन्मदेखि मृत्युसम्म जे जति विधि-विधान गरिन्थे । ती प्रायः आफ्नो धार्मिक परम्परामै आधारित थियो । यसकारण तात्कालीन जनजीवन पद्धति धार्मिक भावनामा नै बढी आश्रित थियो ।

त्यसबेला उच्चवर्गमा वेद, धर्मशास्त्र, माहाभारत, पुराण र विभिन्न धार्मिक शास्त्रको

प्रभाव परेको थियो । साधारण जनतामा पनि यी धार्मिक शास्त्रको प्रभाव परेको थियो । साथै साधारण जनतामा आपना-आपना परम्परागत चलनको पनि प्रभाव थियो ।

यसरी लिच्छविकालका जनजीवनमा धर्मको ठूलो प्रभाव परेको हामी पाउँछौं ।

कला:– लिच्छविकालमा वास्तुकला (मन्दिर तथा घर बनाउने कला) को निकै प्रगति भएको देखिन्छ । राजा मानदेवको मानगृह, अंशुवर्माको कैलाशकूट भवन र नरेन्द्रदेवको भद्रानिवास

(बूढानीलकण्ठ)

भवन लिच्छविकालका प्रसिद्ध राजभवनहरू हुन् । यी भवनहरूको अस्तित्व फेला पार्न सकिएको छैन तर तात्कालीन अभिलेखमा यसको उल्लेख गरिएको छ । चिनीयाँ राजदूतको भनाइ अनुसार कैलाशकूट भवनको माथिल्लो भागमा दश हजार मानिस अटाउन सक्दछन् । यो सात तल्लाको छ, छाना तामाको छ, दलीन खम्बा सबै असल किमती पत्थरले बनेका छन् । बुर्जाको चारै कुनामा माछाका आकारमा सुनका टुटीबाट पानी झर्दा छहरा झैं शोभायमान देखिन्छ । यसरी यो भवन विशुद्ध नेपाली कलाको प्रतीक थियो । यस वर्णनको आधारमा चीनमा प्रचलित पैगोडा शैलीको उद्गमस्थल नेपाल नै हुनुपर्दछ भन्ने विद्वान्हरूको विचार छ । यस्तै मूर्ति कलाको क्षेत्रमा त्रिविक्रमको पलान्चोक भगवतीको, धुम्बाराहीको मूर्ति र बूढानिलकण्ठको मूर्ति आदिले यस क्षेत्रमा पनि निकै उन्नति भएको रहेछ भन्ने बुझिन्छ ।

प्रश्नहरू

(१) हु एन् साङ्ग को हुन् ? यिनले आफ्नो यात्रा वर्णनमा नेपाल बारे के लेखेका छन् ? छोटकरीमा वर्णन गर्नुहोस् ।

(२) लिच्छविकालीन सभ्यताबारे छोटो निबन्ध लेख्नुहोस् ।

(३) लिच्छविकालीन नेपाली शासन व्यवस्थाकोको वर्णन गर्नुहोस् ।

(४) लिच्छविकालीन नेपाली समाजको छोटो परिचय दिनुहोस् ।

(५) लिच्छवि समाजमा "गोष्ठी" को महत्त्वबारे प्रकाश पार्नुहोस् ।

(६) लिच्छविकालको नेपालको आर्थिक अवस्थाको चर्चा गर्नुहोस् ।

(७) छोटो परिचय दिनुहोस्

(क) लिच्छविकालको धार्मिक जीवन

(ख) पाञ्चाली व्यवस्था

मल्लकालीन नेपालको पूर्वार्द्धमा नेपालको राजनीतिक अवस्था

विक्रम सम्वत् तेह्रौं शताब्दीको उत्तरतिर नेपाल उपत्यकामा "मल्ल" नामधारी राजाहरूले शासन गरेका थिए । यही मल्ल शासनकालको प्रारम्भतिर नेपाल मण्डलभित्र अर्का दुई प्रभावशाली राज्यहरू पनि थिए । त्यसमा एउटा पश्चिमको मल्ल राज्य र अर्को तराईको डोय (तिरहुते) राज्य थियो । यी दुई राज्यका शासकहरूले नेपाल उपत्यकामा आफ्नो प्रभाव जमाउन पनि खोजेका थिए । त्यसैले यिनीहरूले मौका र सुबिस्ता हेरी उपत्यकामा आक्रमण पनि गरे ।

दुर्भाग्यवश नेपाल उपत्यकाका मल्ल राज्यहरू यसताका त्यति बलिया थिएनन् । यहाँ 'देव' नामधारी र 'मल्ल' नामधारी दुई राज्यवंशले राज्य गर्ने चलन भएको देखिन्छ । एउटाको 'त्रिपुरा' अर्काको 'युथुनियम' दरबार थियो । कहिले मल्ल नामधारीको शासन हुन्थ्यो भने कहिले देव नामधारीको शासन हुन्थ्यो । त्यसैले दुवै राजवंशका व्यक्ति एकान्तर रूपमा पालो-पालो गरी गद्दीमा बस्ने नियम थियो भन्ने इतिहासकार धनबज्रजीको भनाइ छ ।

पश्चिमको खस राज्य:– वर्तमान जुम्लाको सिंजालाई राजधानी बनाई विक्रमको बाह्रौं शताब्दीतिर यो खस मल्ल राज्यको स्थापना भएको थियो । विक्रमको चौथो शताब्दीतिर यसको निकै विस्तार भएको थियो । पश्चिममा गढवाल, उत्तरमा तिब्बतको गुर्गे प्रदेश, पूर्वमा गोरखा, नुवाकोट र दक्षिणमा कपिलवस्तुसम्म यस राज्यको विस्तार भएको थियो । यही वंशका जितारी मल्लले १३४४, १३४६, १३४६ वि. सं. मा नेपाल उपत्यकामा आक्रमण गरेका थिए । यही वंशका रिपु मल्ल र आदित्य मल्लले पनि काठमडौंमा आक्रमण गरे ।

तराईको डोय राज्य:– नेपालको मध्य तराई सिमरौनगढमा राजधानी रहेको यो तिरहुते राज्यको स्थापना कर्नाटवंशी नान्यदेवले वि.सं. ११५४ (१०९७ ई.) मा गरेका थिए । यसलाई डोयराज्य पनि भन्ने चलन छ । यस राज्यका शासकहरूले पनि नेपाल उपत्यकामा आक्रमण गरेका थिए ।

मल्लकालीन नेपाल

विजय कामदेवपछि मल्ल नामधारी अरि मल्लको शासन शुरू हुन्छ । उनी कसरी शासनमा आए, यो थाहा पाउन सकिएको छैन । हस्तलिखित ग्रन्थमा पाइएको सूचनाको आधारमा उनले बिस्तार-बिस्तार शक्तिको विस्तार गरेको भान हुन्छ । अरि मल्ल (वि.सं. १२५८–७३) पछि अभय मल्ल (वि.सं. १२७३–१३१२) राजा भए । यिनी पछि जयदेव (वि.सं. १३१२–१३१५) र जयभीमदेव (वि.सं. १३१५–१३२८) ले पालैसँग राज्य गरे । यही जयभीम देवको शासन कालमा नेपालका प्रसिद्ध कलाकार अरनिकोले तिब्बत र चीनमा

नेपाली कलाको प्रचार गरे । त्यसपछि जयसिंह मल्ल (वि.सं. १३२८–१३३१) र अनन्त मल्लले (वि.सं. १३३१–१३६७) सम्म पालैसँग राज्य गरे । यही अनन्त मल्लको पालामा वि.सं. १३४४–१३४६ सम्म जुम्लाका खस राजा जितारी मल्लले नेपाल उपत्यकामा तीन पटक आक्रमण गरे । यस बाह्य आक्रमणले गर्दा अनन्त मल्लको आन्तरिक स्थिति पनि कमजोर भयो । यही मौका छोपी दक्षिणका कर्नाटवंशी राजाले पनि १३६७ वि.सं. मा आक्रमण गरे । प्रशस्त लुटपाट मचाई धेरै धन लिई स्वदेश फर्के ।

अनन्त मल्लपछि आनन्ददेव राजा भए । यिनैको शासन कालमा खस राजा रिपु मल्ल वि.सं. १३६९ मा डोयको आक्रमणबाट नेपाल उपत्यकालाई बचाउन आएका थिए । तर डोय राजा फर्किसकेका हुनाले रिपु मल्ललाई कुनै युद्ध गर्नु परेन । उनले यहाँ १८ दिन बसी प्रसिद्ध देवी-देवताको दर्शन गरी लुम्बिनीको दर्शन गर्दै स्वदेश फर्के । यसरी तिरहुतेको आक्रमण भएको अव्यवस्थाले गर्दा उपत्यकाको राजनीतिमा एउटा नवयुवक भारदारले आपनो योग्यता बढाउने मौका पाए । ती हुन्– रुद्र मल्ल । आनन्ददेव राजा भए तापनि यिनी भादगाउँमा शक्तिशाली थिए । आनन्ददेवपछि अरि मल्ल राजा भए । यस बखत पनि रुद्र मल्ल शक्तिशाली नै थिए । यही अरि मल्ल र रुद्र मल्लको संयुक्त शासन कालमा हरिसिंह देव नेपालको पहाडी भागमा पसेथे ।

राजा हरिसिंह देव

हरिसिंह देव मिथिलाका राजा थिए । यिनको राजधानी सिमरौनगढमा थियो । सिमरौनगढ वर्तमान नेपालको बारा जिल्लामा पर्दछ । यिनका छ पुस्ता अगाडिका राजा नान्यदेवले यहाँ राज्य स्थापना गरेका थिए । नान्यदेव दक्षिण भारतको कर्नाटक देशबाट आएका थिए । त्यसैले यिनलाई कर्नाट राजा भनिएको हो । यो राज्यको स्थापना वि.सं. ११५४ (१०९७ ई.) तिर भएको थियो । यस राज्यलाई डोय पनि भन्ने चलन छ । उत्तर भारतमा मुसलमानहरूको राज्य थियो । तिरहुतेको यो राज्यले हिन्दूधर्मलाई प्रश्रय दिएको थियो । वाग्मतीको किनारै-किनार नेपाल उपत्यकामा पस्ने बाटोघाटोको सुविधा हुनाले डोयहरूले नेपाल उपत्यकामा प्रभाव फैलाउने चेष्टा गरेका थिए । नेपाल उपत्यकाको आन्तरिक स्थिति सुदृढ नभएकोले वि.सं. १३६७ मा यिनीहरूले यहाँ आक्रमण गरी लुटमार मच्चाएका थिए । यही लुटमारलाई तिरहुतेका मन्त्री चण्डेश्वरले 'नेपाल जितें' भनी गर्व गरेका थिए ।

हिन्दूहरूको यो समृद्ध सिमरौनगढको राज्यमा वि.सं. १३८१ मा एउटा ठूलो संकट आई परयो । यस समय हरिसिंहदेव यहाँका राजा थिए । यिनैको शासनकालमा दिल्लीका बादशाह गयासुद्दीन तुगलक (वि.सं. १३७७-१३८१) ले बंगालमा आक्रमण गरे । बंगालको विद्रोह दबाएर दिल्ली फर्कंदा उनले तिरहुतेमा हिन्दूहरूको समृद्ध सिमरौनगढ राज्यबाट बारे सुने । त्यसैले यिनले

सिमरौनगढमा आक्रमण गर्ने विचार गरे। हरिसिंहदेव गयासुद्दीन तुगलकको आक्रमण रोक्न असफल भए । अतः सपरिवार यिनी आफ्ना राजगुरु कामेश्वरको सल्लाह अनुसार नेपाल उपत्यकातर्फ लागे । केही काल यताउति लागी अन्तमा यिनी दोलखातिर लागे। यहीं तिनपाटन भन्ने ठाउँमा वि.सं. १३८२ मा यिनको मृत्यु भयो । उनका जहान छोरा आदि कैद गरिए। यिनीहरूले रुद्र मल्लसँग शरण मागेको हुनाले हरिसिंहदेवकी रानी देवलदेवी र छोरा जगतसिंहहरूले रुद्र मल्लको दरबारमा 'युथुनियम्' मा प्रवेश पाए ।

हरिसिंहदेवको महत्त्व

हरिसिंहदेवको नेपाल उपत्यकातर्फ आगमन दुई कारणले महत्त्व राख्दछ । प्रथम यिनी स्वधर्मी थिए । अधर्मीहरूसँग अड्न नसकी धर्म रक्षाको लागि यिनी आएका हुनाले नेपालीहरूले यिनीप्रति सहानुभूति देखाए । यिनले आफूसँग इष्टदेवी तुलजाभवानी ल्याएका थिए भन्ने किंवदन्ती छ । यिनै तुलजाभवानी पछि मल्ल राजाहरूकी इष्टदेवी भइन् । दोस्रो यिनकी रानी देवलदेवी र छोरा जगतसिंहले समसामयिकता राजनीतिमा प्रमुख भूमिका खेलेका थिए । हरिसिंहदेवका साथ आएका तिरहुतका विभिन्न जातका मानिसहरू पनि यहाँ स्थायी रूपबाट बसोबास गर्न थालेका थिए ।

बाह्य हमलाहरू:– हरिसिंहदेवको नेपाल उपत्यकातर्फको आगमनको लगत्तैपछि भादगाउँका शक्तिशाली शासक रुद्र मल्लको वि.सं. १३८३ मा ३० वर्षको उमेरमा मृत्यु भयो । रुद्र मल्लको मृत्युबाट फाइदा उठाई वि.सं. १३८४ मा खस राजा आदित्य मल्लले नुवाकोट कब्जा गरी उपत्यकामा आक्रमण गरे । ललितपुरमा २२ दिन बसी दण्डको रूपमा धन उठाई उनी स्वदेश फर्के ।

खस मल्लको आक्रमणपछि अर्को आक्रमण सुल्तान समसुद्दीन (वि.सं. १४०२-१४१४) को थियो। यिनी बंगालका सुल्तान थिए । यिनले वि.सं. १४०६ मा अकस्मात् हमला गरे । यस समयमा जयराज देव (वि.सं. १४०१-१४१७) राजा थिए । जयराज देवले आवश्यक व्यवस्था मिलाउन सकेनन् । राजा प्रजा सारा आत्मरक्षा गर्नतर्फ लागे । आक्रमणकारीहरूले चारैतर्फ हाहाकार मच्चाए; लुटपीट गरे; प्रसिद्ध देवमन्दिरहरू भत्काई दिए; ठाउँ-ठाउँमा आगो लगाई दिए । सबै जङ्गलतर्फ लागे । सात दिनसम्म लुटपाट गरी आक्रमणकारी स्वदेश फर्के । यस आक्रमणले आर्थिक हानि भए तापनि राजनीतिक र सामाजिक जीवनमा यसको कुनै खास असर भने परेन । अनन्त मल्लको शासनकालदेखि नै नेपाल उपत्यकाको राजनीतिक स्थिति दरिलो थिएन । द्वैधराज्यको बोलवाला थियो । खस तिरहुतको आक्रमणले गर्दा राजनीतिक जनजीवन अशान्त थियो। समसुद्दीनको आक्रमणमा त आम जनताले झनै कष्ट भोग्नु परेको थियो। यसैले

गर्दा राष्ट्र रक्षा गर्नसक्ने बलियो शासकको अभाव जनतामा खट्किन थाल्यो र यही अभावको पूर्ति जयस्थिति मल्लले गरे ।

देवलदेवी हरिसिंह देवकी रानी तथा जगत सिंहकी आमा थिइन् । यी आमा छोरा दुवैले रुद्र मल्लको दरबारमा शरण पाएका थिए । वि.सं. १३८३ मा रुद्र मल्लको मृत्यु भयो उनको मृत्युको साथ उनकी रानी पनि सति गइन् । रुद्र मल्लकी छोरी नायक देवी थिइन् । भादगाउँको राजनीतिमा नायक देवी विशेष महत्त्व राख्दथिइन् । रुद्र मल्लकी आमा पदुमलदेवीले नायक-देवीको हेरविचार गर्न थालिन् । तर पदुमलदेवी वृद्धा थिइन् । यसैले नायकदेवीको हेरचाहको अभिभारा देवलदेवीले बोकिन् । यसबाट यहाँको राजकाजमा हात हाल्ने मौका देवलदेवीले पाइन् । राजमाता पदुमलदेवीले नायकदेवीको विवाह काशीको राजवंशका कुमार हरिश्चन्द्रसँग वि.सं. १३८६ मा गरिदिएकी थिइन् । यस विवाहबाट राजदरबारमा हरिश्चन्द्रको प्रभाव बढ्नु स्वाभाविकै थियो । यो कुरा भारदारलाई मन परेन । हरिश्चन्द्र देव दरबारी षडयन्त्रमा मारिए । पदुमलदेवीको पनि मृत्यु भएकोले नायकदेवी देवलदेवीको रेखदेखमा रहन लागिन् । एकै दरबारमा रहँदा नायकदेवी र जगत सिंहको सम्पर्क बढ्यो र यसले विवाहको रूप लियो । यही विवाहबाट वि. सं. १४०३ मा राजल्लदेवीको जन्म भयो । यसको दश दिनपछि नायक देवीको मृत्यु भयो । जगत सिंह पनि भारदारी षडयन्त्रका शिकार भए । यसो हुँदा देवलदेवीले अति कष्ट गरी नातिनी राजल्लदेवीलाई हुर्काइन् । राजल्लदेवी आठ वर्षकी हुनेबित्तिकै उनको लागि वर खोजियो र वि.सं. १४११ मा राजल्लदेवीको विवाह जयस्थिति मल्लसँग भयो । यस विवाहले गर्दा जयस्थिति मल्लको महत्त्व बढ्न गयो ।

जयस्थिति मल्लको उदय

जयस्थिति मल्लको उदयलाई नेपालको इतिहासमा एउटा महत्त्वपूर्ण घटना मान्नुपर्छ । उनी कुन वंशका हुन् यो अझै किटान गरेर भन्न सकिएको छैन । वि. सं. १४३७ मा लेखिएको "मानव न्याय धर्मशास्त्र" भन्ने पुस्तकमा उनलाई "स्थिति मल्ल नृपते राजल्लदेवी पत्ते" भनिएको छ । यसबाट उनी राजल्लदेवीको पति भएकोमा गौरव अनुभव गर्थे भन्ने देखिन्छ । यो वैवाहिक सम्बन्धले गर्दा उनलाई समसामयिक राजनीतिमा आफ्नो योग्यता देखाउने अनुकूल वातावरण मिल्यो । जयराज देवको मृत्युपछि उनका छोरा अर्जुन देव (१४१७-१४३९) राजा भए । यही अर्जुन देवको शासन कालमा उनले आफ्नो प्रभावको लगातार विस्तार गरे । करीब ४० वर्ष जति भादगाउँको राजनीतिमा प्रभावशालिनी भएकी देवलदेवीले गर्दा जयस्थिति मल्ललाई अगाडि बढ्न सजिलो भएको थियो । तर स्वयम् जयस्थिति मल्ल पनि परिस्थिति बुझ्ने चतुर व्यक्ति थिए । उनमा साहस र युद्ध कुशलताको पनि कमी थिएन ।

वि.सं. १४२३ मा देवलदेवीको मृत्यु भएपछि जयस्थिति मल्लको सोझै राजकाजसँग सम्बन्ध रह्यो । शुरूमा महामन्त्री जयसिंहराम उनका विरोधी र अर्जुन मल्लका पक्षपाती थिए । पाटनका महामन्त्रीहरू पनि उनका विरोधी थिए तर चतुर जयस्थिति मल्लले पाटनका महापात्र जयत मुल्मीलाई आफूतर्फ मिलाएर विरोधी जयसिंहरामलाई पक्री कैदमा पारे । जयसिंहरामलाई वन्दी बनाएकोले ललितपुरका भारदारहरूले प्रजा उठाई स्थिति मल्लको विरोधमा लड्न यिनीहरू ठिमीसम्म आइपुगे । यस लडाईमा स्थिति मल्ल विजयी भए (वि.सं. १४२७) यस लडाईपछि स्थिति मल्ललाई स्वागतसाथ ललितपुर दरबारमा भित्र्याइयो । यसप्रकार आफ्ना विरोधीहरूलाई सखाप पारेपछि राजा अर्जुनदेव निस्तेज भए । जयस्थिति मल्लले उपराजको हैसियतले शासन गर्न लागे । वि. सं. १४३७ तिर राजा अर्जुनदेव बनेपा धपाइए । तर बनेपा धपाइएको लगत्तैपछि अर्जुनदेव भक्तपुर आए । यिनलाई स्थिति मल्लले पक्रेर त्रिपुर दरबारमा कैदमा राखे । भादगाउँलेले कुनै विरोध देखाएनन् । यहीं कैदमा उनको वि.सं. १४३९ मा मृत्यु भयो ।

वंशावलीमा जयस्थिति मल्लको शासन काल ४१ वर्षको लामो अवधि देखाए तापनि वैधानिक रूपबाट उनको शासन (वि.सं. १४३८-१४५२) १४ वर्ष मात्र थियो । वि.सं. १४११ मा राजल्लदेवीसँग विवाह भएदेखि उनको राजनीतिक अधिकार भादगाउँमा बढ्न गएको थियो र वि.सं. १४२७ देखि उनले जयार्जुनदेवको नामबाट शासन गरेका थिए ।

जयस्थिति मल्ल एउटा महत्त्वाकांक्षी, वीर, कुशल शासक तथा सुधारक राजा थिए । यिनले राजनीतिक, सामाजिक, आर्थिक तथा धार्मिक सुधार गरेर नेपाली जनजीवनमा ठूलो क्रान्ति ल्याए । उनको नाम सुधारकर्ताको रूपमा अमर भएको छ ।

यिनले राजनीतिक अस्तिरताको वातावरण अन्त गरे । देशमा शान्ति शुव्यवस्था कायम गरे । पुराना भारदारहरूलाई दमन गरे वा आफूपट्टि मिलाए । उनले भारदारलाई जागिर दिए र राजाप्रति निष्ठावान् बनाए ।

उनको नाम नेपालको इतिहासमा सुधारको रूपमा प्रख्यात छ । उनको समयमा समाजमा वर्ण व्यवस्था, जातपात, वैवाहिक सम्बन्ध आदि सामाजिक मर्यादामा बेवास्ता आएको थियो । मध्यकालमा अधिकांश बौद्ध भिक्षुहरू गृहस्थ भैसकेका थिए । अतः यिनीहरूको पनि राम्रो व्यवस्था गर्नुपर्ने समस्या स्थिति मल्ललाई आइपरेको थियो । जयस्थिति मल्लको पालामा उपत्यकाको समाजमा धेरै नयाँ जातिको प्रवेश भएको थियो र तिनीहरूबाट उपजाति पनि बढी सकेका थिए ।

यस परिस्थितिमा जयस्थिति मल्ललाई सामाजिक तथा आर्थिक स्थिति बाँध्नुपरेको थियो। यस कार्यमा उनलाई मद्दत गर्न ५ जना पण्डितको एउटा समिति थियो । तिनीहरू कीर्तिनाथ उपाध्याय, रघुनाथ झा, रामनाथ, श्रीनाथ र महिनाथ भट्ट थिए ।

सामाजिक सुधार:– सामाजिक संगठनको आधार धर्मशास्त्र भएकोले यिनले नेपाली समाजलाई मुख्य गरी ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र आदि चार भागमा विभाजन गरे। हिन्दूहरूले प्राचीन आर्य वर्ण व्यवस्थामा चल्नुपर्ने भयो । ब्राम्हणहरू पञ्चगोड र पञ्चद्राविडमा बाँडिए । यिनीहरूले आफ्नो जीविका चलाउनको लागि पूजापाठ, दानादि र कर्मकाण्ड गर्न थाले । हिन्दू वर्णव्यवस्था अनुसार संगठन गरी आचार्य, वैद्य, श्रेष्ठ, दैवज्ञ यी चार थरी उच्चजातिका मानिन लागे। अरू समाजका अधिकांश भाग जस्तैः– शिल्पकार, सुवर्णकार, क्षेत्रकार, तण्डुकार चर्मकार, धोबी आदिलाई ६४ भागमा संगठन गरियो । आर्थिक पेशाको कारणले बन्न गएको यस वर्गलाई पनि जातिको रूपमा लिइयो । यसै वर्गमा कृषक वर्गहरूलाई पनि लिइयो, जसमा ज्यापूहरूलाई पनि ठाउँ दिइएको थियो । ठूला जातका स्त्रीले तल्लो जातिसँग वैवाहिक सम्बन्ध गरेमा स्त्री पुरुषकै जातिमा ओर्लने बन्दोबस्त भयो । पहिरनको विषयमा पनि यिनले धेरै सुधार गरे । अब उप्रान्त तल्लो जातका मानिसहरूले पनि प्रतिबन्ध लागेका दुई चार चीज-बाहेक राम्राराम्रा गहना लुगा लगाउन पाए । कसाइले बाहुला भएका लबेदा, पोडेहरूले टोपी, जुत्ता र सुनका गहना लगाउन नपाइने नियम बनाइयो। यिनीहरूले झिंगटीवाल घर पनि बनाउन नपाउने भए । प्रत्येक जातले आफ्नो सामाजिक उत्तरदायित्व पूरा गर्नुपर्दथ्यो । उत्तरदायित्व पूरा नगरेमा दण्डको भागी बन्नुपर्दथ्यो ।

जस्तैः– हजामले उत्तरदायित्व पूरा नगरेमा १२ दाम, धोबीलाई ३ दाम दण्ड गरिन्थ्यो भने जुन परिवारसँग उनीहरूको सम्बन्ध थियो, त्यो परिवारले तिनीहरूलाई नबोलाई अरू कुनै हजाम वा धोबीसँग काम गराएमा गराउनेले पनि दण्ड तिर्नुपर्दथ्यो । यसबाहेक जयस्थिति मल्लले हरेक जातिको भोजन, बसोबास, जन्म, विवाह, मृत्युसम्बन्धी अनेकौं स्थिति बाँधिदिए ।

आर्थिक सुधार:– भूमिबाट राजस्वको वृद्धि गर्न उनले भूमिसम्बन्धी नियम बनाए । भूमि नाप्ने जंजीर १०।। हातबाट घटाएर ७।। हातको बनाइयो । एक हात बराबरको बूढी आँलाको पहिलो जोर्नीको २४ गुना निर्धारित गरियो । खेतलाई रोपनीको हिसाबले विभाजन गरियो। उब्जनीका आधारमा खेतपनि चार किसिमको बनाइयो । पहिलो किसिममा ९५ हात, दोस्रामा १०९ हात, तेस्रोमा ११२ हात, चौथोमा १२५ हातको घेराको नियम बनाइयो । घरको पनि तीन भेद गरियो जसमा शहरको घर, गल्लीको घर, गल्लीभित्रको घरको, भिन्नाभिन्नै मोल हुने व्यवस्था गरियो । घरको जमीन नाप्ने तक्षकार र खेतीको जमीन नाप्ने क्षेत्रकार कहलाए । उनले घर जमीनको बेचबिखन र बन्धक राख्न पाउने व्यवस्था गरे । उनले धार्नी, माना पार्थीमा सुधार ल्याएर तौल र नापको समेत नियम लागू गरे ।

न्यायिक सुधार:– उनको न्यायिक सुधारबारे विस्तृत जानकारी हुन सकेको छैन । तर उनले मध्यकालीन व्यवस्थाको न्याय "आँखाको बदला आँखा", "दाँतको बदला दाँत" सिद्धान्तमा आधारित शारीरिक दण्ड दिने व्यवस्थाको अन्त गरे र अपराधको आधारमा आर्थिक दण्ड दिने नियमको व्यवस्था पनि लागू गरे । यसले गर्दा सरकारको राजस्वमा वृद्धि हुनगयो ।

धार्मिक कार्यहरू:– पाटनको प्रसिद्ध कुम्भेश्वरको मन्दिर यिनैले निर्माण गराएका हुन् । भादगाउँको उन्मत्त भैरवको मन्दिर पनि यिनैको देन हो । कुम्भेश्वर अगाडिको पोखरी सफा गर्दा पाइएका नारायण, गणेश, वाशुकी, गौरी आदि देवताका मूर्तिहरू पनि यिनले ठाउँ-ठाउँमा स्थापना गर्न लगाए । गोरखनाथ र गोकर्णेश्वरको पूजाको पनि चलन चलाए । यिनले कोटिहोम पनि गरेका थिए ।

साहित्य:– मणिक नामक प्रसिद्ध विद्वान्ले यिनको राज्यमा आश्रय पाएका थिए । मणिकले लेखेका "भैरवानन्द नाटक", "अभिनव नाटक" बडो महत्त्वपूर्ण मानिएका छन् । महत्त्वपूर्ण अवसरमा यी नाटकहरू खेलिएका थिए ।

यसप्रकार जयस्थिति मल्ल एउटा कुशल राजनीतिज्ञ, वीर, प्रजापालक, सुधारवादी राजा थिए । यिनले देशलाई राजनीतिक स्थिरता प्रदान गरे । सामन्तहरूलाई आफ्नो वंशमा राखे । सुधारको माध्यमबाट भौंडिन लागेको समाजलाई जोगाए । आर्थिक सुधारको माध्यमबाट प्रत्येक जातिलाई कामको बाँडफाँड गरे । देशको आर्थिक स्रोत बढाए । धार्मिक कार्यद्वारा धर्ममा आम जनताको श्रद्धा बढाए । यी सबै कारणहरूले गर्दा मल्ल राजाहरूमा जयस्थिति मल्ल सर्वप्रथम सुधारवादी तथा सर्वश्रेष्ठ राजा थिए भन्न सकिन्छ ।

यक्ष मल्ल (१४८५–१५३८)

वि. सं. १४५२ मा स्थिति मल्लको मृत्यु भयो । यिनका जयधर्म मल्ल, जयज्योति मल्ल र जयकीर्ति मल्ल तीन छोरा थिए । त्यस समयको चलन अनुसार तीनै जनाको संयुक्त शासन १२ वर्षसम्म चल्यो । तर पछि जयज्योति मल्लको एकलौटी शासन चल्यो । यिनी पनि योग्य शासक थिए । बीस वर्षजतिको यिनको शासन कालमा देशमा शान्ति सुव्यवस्था कायम रह्यो । उनले स्वयम्भू आदि देवमन्दिरहरूको जीर्णोद्धार गराएका थिए । स्वयम् विद्याप्रेमी राजा हुँदा यिनका पालामा विद्या प्रचार बढिरह्यो । यिनकी रानी संसारदेवी थिइन् । यिनैबाट यक्ष मल्लको जन्म वि. सं. १४६५ मा भएको थियो । वि. सं. १४८५ मा बाबुको मृत्यु भएपछि यिनी राजगद्दीमा बसे र ५३ वर्षसम्म राजकाज चलाए ।

स्थिति मल्लले सुसङ्गठित गरेको राज्यलाई यिनले अझै शक्तिशाली, प्रभावशाली र महत्त्वपूर्ण पारेको थाहा पाइन्छ । बाबुको शासनकालमा नै यिनले राजकाजमा विशेष अनुभव हासिल

गरेका थिए र आफ्नो प्रशासनिक दक्षता देखाएका थिए। मल्ल राजाहरूमध्येमा उपत्यका बाहिर टाढा-टाढासम्म आफ्नो प्रभाव फैलाउने यिनी पहिला राजा थिए । त्यसैले मल्ल राजाहरूमा यिनी पराक्रमी मानिन्छन् । वि. सं. १६७१ मा लेखिएको "नरपतिनर्याचर्या स्वरोदय टीका" भन्ने एउटा हस्तलिखित ग्रन्थमा यिनको राज्य विस्तारको वर्णन परेको छ । यक्ष मल्लले "मिथिला राज्य जितेर मगधको गयासम्म र पूर्वमा मोरङ्ग जितेर बङ्गालको सिमानासम्म, पश्चिममा गोरखा र पाल्पासम्म र उत्तरतर्फ सात दिनको बाटोसम्म (सिकाजोङ्ग) जिती नेपाललाई अकण्टक बनाएको" बयान पाइन्छ।

यक्ष मल्लको वि. सं. १५१० को पशुपतिमा रहेको ताम्रपत्रको आधारमा केही इतिहासकारले उक्त बयानलाई सत्य प्रमाणित गर्न खोजेका छन्। उक्त ताम्रपत्रमा यक्ष मल्लले चम्पारण, लोहावर र कोकी राज्यहरूका विरुद्ध सैनिक अभियान गर्न आफ्ना पाटन, फर्पिङ्ग र साँखुका सामन्तहरूलाई पशुपतिको धर्मशिला छुवाएर किरिया खान लगाई उक्त अभियानमा सम्पूर्ण रूपले सहयोग गर्न लगाएको कुरा परेको छ।

यक्ष मल्लले बन्दोबस्त साथ आक्रमण गरिएका चम्पारण, लोहावर र कोकी क्रमशः मिथिला विहार र बङ्गालका क्षेत्र हुन् भन्ने अन्दाज गर्न सकिन्छ। तर लोहावर र कोकीको परिचय पाउन सकिएको छैन । यस विषयमा अरू सामग्रीको प्राप्ति पछि मात्र बढ्ता बोल्न सकिने छ भन्ने डा. जगदीशचन्द्र रेग्मीको भनाइ छ । यक्ष मल्लले पश्चिममा पाल्पासम्म, पूर्व र दक्षिण-पूर्वमा जनकपुर (मिथिला) को हाराहारीसम्म र उत्तरमा शिकारजोङ्गसम्मका क्षेत्रमा सैनिक अभियान गरेको र केही समयसम्म तिनमाथि नियन्त्रण गरेको मान्न सकिन्छ। यस्तै गतिविधिले उनको सोख र शान पनि बढेको देखिन्छ । त्यतिखेरका अभिलेख र टिपोटहरूमा यक्ष मल्ललाई नेपाल मण्डलेश्वर, नेपालेश्वर, चक्रचूडामणि,जस्तो प्रभावशाली पद्वी लेखिएको छ ।

त्यस बेलाको राजनीतिक आदर्शमा विजित प्रदेशहरूमाथि सोझै शासन कायम गर्ने चलन थिएन । कर उठाउने र केही आर्थिक लाभ उठाउने त्यस समयको प्रचलित चलन थियो । यसो हुँदा राजनीतिक एकता कायम हुँदैनथ्यो । केन्द्र कुनै कारणवश कमजोर हुनासाथ वरपरका क्षेत्रबाट प्रभाव हट्दथ्यो । यही घटना यक्ष मल्लसँग पनि घटथो । यसकारण यक्ष मल्लको प्रभावक्षेत्र विस्तारको कुनै स्थायी नतीजा निस्केन ।

यक्ष मल्ललाई धर्ममा ठूलो श्रद्धा थियो । यिनले गोसाइँकुण्डको धार्मिक यात्रा गरेका थिए । भादगाउँको प्रसिद्ध दत्तात्रेयको मन्दिर पनि यिनैले बनाएका हुन् । यिनी साहित्यकला प्रेमी राजा थिए । उनको समयमा अनेक कलापूर्ण देवमन्दिर बने, अनेक ग्रन्थ लेखिए, यसरी समृद्धिका चिह्न देखा परे ।

उपत्यकाको विभाजन

यक्ष मल्ल योग्य शासक थिए तापनि पूर्व प्रचलित शासन व्यवस्थामा यिनले विशेष सुधार गर्न सकेनन् ।

वि सं. १५३८ मा यिनको मृत्यु भयो । पुरानै चलन अनुसार यिनका छोराहरूको संयुक्त शासन चल्नथाल्यो । छोराहरूको साथसाथै छोरीको छोरा भीम मल्ललाई पनि शासनमा अधिकार दिइयो। यक्ष मल्लका ६ छोराहरू राय मल्ल, रत्न मल्ल, रण मल्ल, राम मल्ल. अरि मल्ल, पूर्ण मल्ल थिए। ६ दाज्यूभाइहरूको संयुक्त शासन चल्नु स्वभावतः गाह्रो थियो । राय मल्ल कमजोर र सोझा थिए भने रत्न मल्ल महत्त्वाकांक्षी र बाठा थिए । बाबु मरेको ३ वर्षपछि नै यिनले कान्तिपुरका महापात्रलाई दबाई आफ्नो स्वतन्त्र राज्य कायम गरे । उनले ललितपुरमा पनि आफ्नो अधिकार विस्तार गर्न खोजे तर सकेनन् । उनले रण मल्ललाई बनेपामा स्वतन्त्र राज्य खडा गर्न उक्साए । यसरी यक्ष मल्लको शेषपछि उनका छोराहरूको परस्पर कलहले गर्दा नेपाल उपत्यकामा तीन स्वतन्त्र राज्यको बीउ रोपियो । यसले गर्दा उपत्यकाको मल्ल राज्य कमजोर हुन गयो।

प्रश्नहरू

(१) मल्लवंशको स्थापना कालमा नेपालको राजनीतिक अवस्था कस्तो थियो ? संक्षेपमा वर्णन गर्नुहोस् ।

(२) हरिसिंहदेव को हुन् ? नेपालको इतिहासमा उनको के महत्त्व छ ?

(३) जयस्थिति मल्लको उदयभन्दा अगाडि नेपालमा कुन–कुन जातिले आक्रमण गरे ? यस आक्रमणले नेपाल उपत्यकाको राजनीतिमा कस्तो प्रभाव पर्न गयो ? छोटकरीमा बयान गर्नुहोस् ।

(४) कुन परिस्थितिमा जयस्थिति मल्लको राजनीतिक उदय भयो ? उनको राजनीतिक जीवनीको छोटकरीमा परिचय दिनुहोस् ।

(५) जयस्थिति मल्ललाई कति कारणले सुधार गर्नुपर्यो ?

(६) जयस्थिति मल्लको सामाजिक सुधारबारे आफ्नो मन्तव्य दिनुहोस् ।

(७) "सबैले काम पाऊन्" भन्ने आधारमा जयस्थिति मल्लको आर्थिक सुधार आधारित थियो । पुष्टि गर्नुहोस् ।

(८) "सामाजिक र आर्थिक सुधार एक अर्काका पूरक हुन्" यस परिप्रेक्षमा जयस्थिति मल्लको सुधारको विवेचना गर्नुहोस् ।

(९) नेपालको इतिहासमा यक्ष मल्लको कस्तो महत्त्व छ ?

(१०) यक्ष मल्लको विजय केमा आधारित छ ? उनको विजय किन स्थायी हुन सकेन?

(११) उपत्यकाको विभाजन कसरी भयो ? यसले नेपालको राजनीतिमा कस्तो असर पार्‍यो ?

भादगाउँ

राय मल्ल

यक्ष मल्लको मृत्युपछि उनका जेठा छोरा राय मल्ल भादगाउँको पैतृक राज्यको राजा भए । यिनैको सरल स्वभावले गर्दा नेपाल उपत्यकाको विभाजन भयो । राय मल्लपछि उनका छोरा सुवर्ण मल्ल राजा भए । यिनको अर्को नाम भुवन मल्ल पनि थियो । भुवन मल्लका दुई छोराहरू प्राण मल्ल र जित मल्ल थिए । भुवन मल्लपछि प्राण मल्ल र जीत मल्लको संयुक्त शासन केही वर्षसम्म चल्यो । वि. सं. १५९२ पछि प्राण मल्लको एकलौटी शासन भएको थाहा पाइन्छ ।

विश्व मल्ल

प्राण मल्लपछि उनका छोरा विश्व मल्ल राजा भए । यिनकै शासनकालमा भादगाउँको दत्तात्रय मन्दिरको जीर्णोद्धार तथा विस्तार गरिएको थियो । प्रसिद्ध पूजारी मठको निर्माण पनि यिनैले गरेका थिए । विश्व मल्ल र गंगादेवीका त्रैलोक्य मल्ल र त्रिभुवन मल्ल नाम गरेका दुई छोरा थिए । विश्व मल्लपछि त्रैलोक्य राजा भए । यिनी कान्तिपुरका शिवसिंह मल्लका समकालीन थिए । शिवसिंहले नै पाटन आफ्नो अधीनमा ल्याएका थिए । साँखुको एउटा १६५२ वि. सं. को अभिलेखमा शिवसिंहको नाम दिइएको छ । यसबाट शिवसिंहले भादगाउँबाट साँखु जितेको भन्ने देखिन्छ ।

जगज्योति मल्ल (वि. सं. १६७०–१६९३)

आफ्ना पिता त्रैलोक्य मल्लपछि जगज्योति मल्ल राजा भए । भादगाउँको इतिहासमा यिनको बडो ख्याति छ । यिनी कवि, लेखक र संगीतकार पनि थिए । यिनले गीत पञ्चाशिका (गीत संग्रह), संगीत चन्द्र, संगीत सार संग्रह, दश अवतारनृत्यम्, मुदित कुवलयाश्व आदि धेरै ग्रन्थहरू रचेका थिए । यिनैको पालामा लेखिएको नरपतिजयाचर्या स्वरोढयपटीकामा यक्ष मल्लको विजयको वर्णन पाइन्छ । यिनीपछि यिनका छोरा नरेश मल्ल (१६९३–१७०० वि.सं.) राजा भए । त्यसपछि नरेश मल्लका छोरा जगतप्रकाश (१७००–१७३० वि. सं.) राजा भए । जगत्प्रकाश कान्तिपुरका प्रताप मल्लका समकालीन थिए । प्रताप मल्लले पाटनका श्री निवास मल्लसँग मिली भादगाउँमा आक्रमण गरेका थिए । यस आक्रमणमा भादगाउँको पराजय भएको थियो ।

जगतप्रकाशले आफ्ना कतिपय गाउँहरू प्रताप मल्ललाई दिई सन्धि गर्नुपरेको थियो । पछि प्रताप मल्ल र श्रीनिवास मल्लबीच फाटो बढ्न गयो । श्रीनिवासमल्लले प्रताप मल्लको भादगाउँलाई पूर्ण नष्ट पार्ने योजनामा सहयोग गरेनन् । फलतः भादगाउँको राज्य नष्ट हुनबाट बच्यो ।

जगत्प्रकाश धार्मिक तथा प्रजाप्रेमी राजा थिए । अनेक देवताका मन्दिरमा यिनले गुठी राखिदिएका थिए । यिनले नाना गीत संग्रह तथा पद्म समुच्चय (गीत संग्रह) को रचना गरेका थिए । यसैले यिनले 'कवीन्द्र' उपाधि लिएका थिए ।

जितामित्र मल्ल (वि. सं. १७३०–१७५३)

यिनी जगत्प्रकाश मल्लका छोरा थिए । यिनको नाम अगाडि सुमति राखिएकोले यिनी बडो बुद्धिमान भएको अनुमान हुन्छ । यिनले जैमिनी नाटक र अश्वमेघ नाटक लेखेका थिए । भादगाउँ राजदरबारको पनि कतिपय भागको मर्मत यिनले गरेका थिए ।

भूपतीन्द्र मल्ल (वि. सं. १७५३–१७७९)

जितामित्र मल्लका छोरा भूपतीन्द्र मल्लको जन्म वि. सं. १७३२ मा भएको थियो। जितामित्र मल्लले यिनलाई योग्य शासक बनाउन राम्रो तालीम दिलाउने वन्दोबस्त मिलाएका थिए ।

(भूपतीन्द्र मल्ल)

आफ्नो जीवनकालमा नै जितामित्रले यिनलाई राजकाजमा सहभागी बनाएका थिए । २१ वर्षको उमेरमा यिनी राजा भए। अरू राजाहरूलाई जस्तो यिनलाई भारदारहरूले मिच्न सकेनन् । शुरूमा केही वर्ष यिनले आमा लालमती र काका उग्र मल्लबाट राजकाजमा सहायता लिएका थिए ।

यिनी आफ्नो समयको एउटा सफल र महत्त्वाकांक्षी राजा थिए । काठमाडौंको विभाजित समसामयिक राजनीतिमा यिनको भूमिका वडो महत्त्वपूर्ण छ । वि. सं. १७५९ मा पाटन, भादगाउँ, गोरखा, मकवानपुर र तनहुँले आपसमा मैत्री सम्बन्ध कायम राख्ने विचार गरे । तर केही कारणले गर्दा पाटनका राजा योगनरेन्द्रले १७६२ मा भादगाउँमाथि आक्रमण गरे । आक्रमणको रेखदेख गर्न यिनी स्वयम् साँखु आई बसेका थिए । तर यही समयमा कसैले यिनले खाने गरेको तमाखुमा विष हालिदिएकोले यिनको एक्कासी मृत्यु भयो । योगनरेन्द्र मल्लको मृत्युबाट कान्तिपुरले फाइदा उठाउने विचार गरयो । तर पाटनलाई यस आपत्तिबाट भूपतीन्द्र मल्लले बचाए । भूपतीन्द्र मल्ल आफैं पाटन पुगे । उनले योगनरेन्द्र मल्लकी छोरीको छोरा लोकप्रकाशलाई आफ्नै हातले राजतिलक दिए । कान्तिपुरले भादगाउँमाथि पनि आक्रमण गरयो । तर यस आक्रमणको पनि भूपतीन्द्र मल्लले कडा प्रतिरोध गरे र उनले आक्रमणकारीहरूलाई धपाए ।



(पचपन्न झ्याले दरबार)

यस किसिमबाट भादगाउँका राजाहरूमध्ये भूपतीन्द्रमल्लको विशेष स्थान छ । उनले भादगाउँको प्रतिष्ठा माथि उठाए । पाटन र काठमडौंको राजनीतिक मनोकांक्षालाई दबाए। भूपतीन्द्र मल्लको समयमा जति भादगाउँको प्रतिष्ठा उठ्यो त्यति योभन्दा अघिका राजाहरूका पालामा कहिले पनि उठेको थिएन । पादरी डेशीडेरीको भनाइ अनुसार भादगाउँको १०० वर्षको कालमा भूपतीन्द्र मल्ल नै पहिलो शासक थिए, जसले काठमाडौंलाई कुनै किसिमका कर तिरेको थिएन । वि. सं. १७७६ पछि उनले राजनीतिबाट बिस्तार–बिस्तार हात झिके र राज्यको काम आफ्नो छोरा रणजीत मललाई सुम्पिदिए ।

भूपतीन्द्रमल्ल सफल राजनीतिज्ञ हुनुको साथसाथै यिनको चरित्रको अर्को पक्ष सांस्कृतिक गतिविधिमा छ ।

यिनलाई देश मन्दिर र दरबार बनाउने ठूलो सोख थियो। यिनले बनाएको ५५ झ्याले दरबार अझै पनि अद्वितीय छ । यिनैले मालति चोकको निर्माण गरे र हनुमान तथा नरसिंहको



(पाँचतले मन्दिर)

मूर्ति स्थापना गरे । ५५ झ्याले दरबारतर्फ फर्केको हात जोडेर रहेको सालिक पनि यिनैको हो । भादगाउँको प्रसिद्ध पाँचतले देवल (न्यातपोल) यिनैको स्थायी कृति हो । यस देवलमा यिनले तन्त्रशास्त्रका भगवती 'भवानी' (सिद्धीलक्ष्मी) को स्थापना गरे। यी भवानीको स्थापना गर्नुको उद्देश्य भैरबलाई शान्त गर्नु भनिएको छ । यसबाहेक यिनले बाराही, कुमारी र वैष्णवीका देवल पनि बनाएका थिए । यिनले स्थापना गरेका मूर्तिहरूमध्ये उग्रचण्डी र भैरबको मूर्ति अति प्रसिद्ध छन् । यिनले ढुङ्गेधाराको निर्माण पनि गरेका थिए । यिनकी रानी विश्व-लक्ष्मीले पनौतीको ब्रह्मायणी देवीको पूजाको निम्ति १५ रोपनी जग्गाको गुठी राखिदिएकी थिइन् ।

यसरी यिनले भादगाउँ दरबारलाई काठमाडौं दरबारभन्दा बढ्ता राम्रो बनाउने विचार गरेका थिए । अहिलेसम्म पनि यो दरबार नेपालको दर्शनीय स्थानहरूमध्ये एक भएको छ ।

भूपतीन्द्र मल्ललाई काव्यप्रति गहिरो रुचि थियो । यिनलाई मैथिली भाषामा कविता लेख्ने खूब सौख थियो । उनको पदावलीको प्रशंशा गरिएको छ । उनले नेवारी तथा मैथिली नाटक तथा गीतहरू पनि लेखेका थिए ।

रणजीत मल्ल (वि. सं. १७७९–१८२६)

रणजीत मल्ल भूपतीन्द्र मल्लका छोरा थिए । यिनको जन्म वि. सं. १७५९ मा विश्व-लक्ष्मी देवीको कोखबाट भएको थियो । यिनी भूपतीन्द्र मल्लको जीवनकालमै राजा भएका थिए । भक्तपुरका अन्तिम मल्ल राजा यिनै हुन् ।

यिनी पनि आफ्ना पितासरह कलाप्रेमी तथा साहित्यिक प्रतिभा भएका राजा थिए । भादगाउँ दरबारको मूल प्रवेशद्वारको स्वर्णद्वार पनि यिनैले बनाएका हुन् । बाबुले बनाएको दरबारमा यिनले कतिपय चोक तथा ढोका थपेका थिए । यिनले अन्नपूर्णको मन्दिरमा एक ठूलो घण्टा हाल्न लगाएका थिए ।

यिनी उच्चकोटीका नाटककार थिए । यिनले मदनचरित्र, नलचरित्र, रूक्मिणी परिणय आदि धेरै नाटक रचेका थिए ।

रणजीत मल्लको शासनकाल उपत्यकाको पतनका घटनावलीहरूसँग ज्यादा सम्बन्ध राख्दछ । कान्तिपुरसँग यिनको बैरभाव भएकोले नै यिनले आरम्भमा गोरखाका राजासँग मैत्री सम्बन्ध राखे । रणजीत मल्लले आफ्नो छोरा वीरनसिंहको मितेरी युवराजाधिराज पृथ्वी-नारायण शाहसँग गरिदिएका थिए । गोरखालाई पनि कान्तिपुरको विरोधमा भादगाउँको मैत्री आवश्यक थियो । त्यसैले पृथ्वीनारायण शाहले आफ्ना मीतबाबुलाई साँखु, चाँगु, नालाङ्गम्,

महादेव पोखरी, दोलखा आदि प्रदेशहरू दिलाउने प्रलोभन देखाएका थिए । तदनुसार वि. सं. १८०१ मा नुवाकोट कब्जा गरेपछि पृथ्वीनारायण शाहले नालादूम, महादेव पोखरी, दोलखा आदि पूर्वी भेकका प्रदेशहरू कब्जा गरी रणजीत मल्ललाई सुम्पिदिए । नालादूम तथा महादेव पोखरीमा जयप्रकाश मल्लले फेरि अधिकार गरे । वि. सं. १८११ मा पृथ्वीनारायण शाहले कालु पाँडेको नेतृत्वमा गोरखाली सेना पठाई, नालादूम महादेव पोखरीमाथि अधिकार जमाए । यस पटक पृथ्वीनारायण शाहले ती प्रदेशहरू रणजीत मल्ललाई सुम्पेनन् । आफ्नो अधिकारमा राखे । वि. सं. १८१४ मा कीर्तिपुरको लडाइँमा भक्तपुरले पनि अप्रत्यक्ष रूपबाट सहयोग गरेकोले पृथ्वीनारायण शाह रणजीत मल्लसँग असन्तुष्ट थिए । वि. सं. १८१६ मा गोरखाली सेनाले काभ्रे अधिकार गरेपछि गोरखा र भादगाउँको मैत्री सम्बन्ध टुट्न गयो । त्यसपछि भादगाउँले पृथ्वीनारायण शाहको विरोधमा पाटनलाई उक्साउन र सहायता दिन थाल्यो ।

वि. सं. १८२५ मा कान्तिपुर र पाटन विजय भएपछि जयप्रकाश तथा तेजनरसिंह मल्ल भादगाउँमा शरण लिन पुगे । रणजीत मल्लले दुवैलाई शरण दिएर आफ्नो राज्यमा राखे । पृथ्वीनारायण शाहले 'यिनीहरूलाई बुझाइदिनू' भन्दा रणजीत मल्लले शरणको मरण गर्नु उचित सम्झेनन् । फलतः गोरखाली सेनाले वि. सं. १८२६ कार्तिक महिनामा भादगाउँ घेरा हाले । दुई दिनसम्म लडेपछि मार्ग १ गते रणजीत मल्लले आत्मसमर्पण गरे । उनी आफ्ना मीत बुबा भएकोले पृथ्वीनारायण शाहले उनलाई बनेपाको केही गाउँ जागीर दिन खोजे । तर रणजीत मल्लले काशी जाने इच्छा प्रकट गरे । पृथ्वीनारायण शाहले उनको इच्छा मुताबिक काशी जाने व्यवस्था गरिदिए। बूढा रणजीत मल्लको काशीमानै मृत्यु भयो ! यस-प्रकार सम्पूर्ण उपत्यकामाथि पृथ्वीनारायण शाहको अधिकार भयो ।

प्रश्नहरू

१. उपत्यकाको विभाजनमा राय मल्ल कुन हदसम्म उत्तरदायी थिए ?
२. भादगाउँको इतिहासमा जगज्योति मल्ल कति कारणले प्रसिद्ध थिए ?
३. भूपतीन्द्र मल्लको राजनीतिक जीवनीको चर्चा गर्नुहोस् ।
४. भादगाउँका राजाहरूमध्ये सर्वश्रेष्ठ राजा को थिए ?
५. भादगाउँको इतिहासमा भूपतीन्द्र मल्लको सांस्कृतिक योगदानको संक्षिप्तमा वर्णन गर्नुहोस् ।
६. भादगाउँका अन्तिम राजा को हुन् ? मल्ल वंशको पतनमा उनी कुन हदसम्म उत्तरदायी छन् ?

ललितपुर (पाटन)

पाटनका सिंहवंशी राजाहरू

यक्ष मल्लअघि पाटनका 'सपृकुटुम्वज महापात्रहरू' स्थानीय शासकका रूपमा पाटनमा शासन चलाउँथे। यक्ष मल्लको समयसम्म पनि पाटनमा तीन महापात्रहरू मिली शासन चलाउँथे। यक्ष मल्लको मृत्युपछि उनका छोराहरूले ती महापात्रहरूलाई कजाउन सकेनन् र तिनीहरू-मध्ये एकजना विष्णुसिंहले पाटनमा स्वतन्त्र राज्य गरे। त्यसबेला कान्तिपुरमा शिवसिंह राजा थिए। यिनी बडा महत्त्वाकांक्षी थिए। यिनैले पाटनमा आक्रमण गरी विष्णुसिंहका छोरा पुरन्दरसिंहलाई हराएर पाटन अधीनस्थ तुल्याए। शिवसिंहले आफ्ना छोरा हरिहरसिंहलाई पाटनका शासक तुल्याए।

पाटनका मल्लवंशी राजा

हरिहरसिंहका लक्ष्मीनरसिंह र सिद्धिनरसिंह दुई छोरा थिए। हरिहरसिंहको मृत्य शिवसिंहकै जीवनकालमा भएको थियो। त्यसैले शिवसिंहको मृत्युपछि वि. सं. १६७५ मा लक्ष्मी नरसिंह कान्तिपुरका राजा भए। भाइ सिद्धिनरसिंह पाटनका राजा भए।

सिद्धिनरसिंह

सिद्धिनरसिंहको जन्म लालमतीको गर्भबाट वि. सं. १६६३ मा भएको थियो। शिवसिंहले हरिहरसिंहको मृत्यु भएपछि यिनैलाई पाटनको शासक तुल्याएका थिए। यिनी नाबालक भएका हुनाले शासनको सम्पूर्ण अभिभारा यिनकी बुद्धिमती आमा लालमतीले सह्यालेकी थिइन्। बाजे शिवसिंहको मृत्यु भएपछि लक्ष्मीनरसिंह कान्तिपुरको गद्दीमा र सिद्धिनरसिंह पाटनको गद्दीमा बसे। पाटन स्वतन्त्र भएको लक्ष्मीनरसिंहलाई मनपरेको थिएन। त्यसैले उनले विरोध प्रकट गरेका थिए। तर पछि आफ्नो केही नलागेकोले दाजुभाइ मिलेर बस्नु नै उचित ठानी वि. सं. १६७७ मा दुवै दाजुभाइ 'एकानी शत्रु एकानी मित्र' गरी सत्यवाचा गरी सन्धि गरेर आफ्नो राज्यमा स्वतन्त्रपूर्वक राज्य गर्न थाले।

सिद्धिनरसिंह पाटनका योग्य शासक थिए। उनको नेतृत्वमा पाटनको प्रशस्त उन्नति भएको थियो। सबभन्दा पहिले उनले बडो बुद्धिमत्तापूर्ण तरीकाबाट पाटनको स्वतन्त्रता जोगाए। पाटन स्वतन्त्र भएको उनका भतिजा कान्तिपुरका युवराज प्रताप मल्ललाई मनपरेको थिएन। त्यसैले प्रताप मल्लले पाटनको आर्थिक स्रोत नै सुकाउन पाटन अधीनस्थ केरुङ्गको व्यापारिक मार्गमाथि आक्रमण गरे र यसमाथि कब्जा गरे। उनले कान्तिपुरबाट पाटन जाने बाटो पनि बन्द गरिदिए। सिद्धिनरसिंह मल्लले प्रताप मल्लको यस अभिप्रायलाई विफल पार्न

गोरखाका राजासँग व्यापारिक तथा राजनीतिक सन्धि गरे। यस सन्धि अनुसार पाटनलाई कान्तिपुरको विरुद्ध गोरखाले मद्दत दिने बदलामा पाटनले गोरखाको व्यापारिक विकासमा (पाटनका साहुहरूले गोरखामा व्यापारिक कोठी खोले) सहयोग गर्ने निर्णय गरियो। यस सन्धि अनुसार यदि पाटन तथा गोरखामा उत्तराधिकारीको समस्या भएमा एकले अर्को राज्यमा उत्तराधिकारी पठाउने पनि निर्णय गरियो। सिद्धिनरसिंह मल्लको गोरखासँग भएको यस सन्धिले गर्दा नै प्रताप मल्लले सिद्धिनरसिंह मल्ललाई केही गर्न सकेनन्।

(सिद्धिनरसिंह मल्ल)

सिद्धिनरसिंह मल्ल आफ्नी आमा लालमती जस्तै बडो धार्मिक प्रवृत्तिका राजा थिए। उनलाई सांसारिक सुखमा भन्दा आध्यात्मिक सुखमा बढ्ता रुचि थियो। यिनले देवालय, धारा, पाटी तथा बौद्धमठहरू पनि स्थापना गरेका थिए। देवताका बडा भक्त भएकाले यिनले पाटनमा अनेकौं देवल, धारा तथा पोखरीहरू बनाए। यीमध्ये वि.सं. १६९३ फाल्गुनमा बनेको शिखर शैलीको २१ गजूर भएको राधाकृष्णको मन्दिर अति प्रसिद्ध छ। यो सुन्दर मन्दिर नेपालमा कालीगढको एक नमूना भएर रहेको छ।

नेपालमा बन्ने धेरै मन्दिरहरूमा ईंट र काठको सम्मिश्रण पाइन्छ। तर यो पूर्णरूपले पत्थरबाट बनेको छ। यसका भित्तामा रामायण र महाभारतका मुख्य–मुख्य घटनाहरूका चित्र कुँदिएका छन्। यो मन्दिर स्थापना गरिएको दिन मौका छोपी काठमाडौंका राजा प्रताप मल्लले पाटनमा हमला गरेका थिए। तर सिद्धिनरसिंहले तिनलाई हराएर फर्काए। यही सम्झनामा राजाले ४० दिन लगाई कोटिहोम गरे। यसै बखत उनले ब्राह्मणहरूलाई एक तण्डुल पर्वत र असंख्य असर्फी दान गरे।

यिनले पाटन दरबारको विस्तार गरे, तलेजु तथा देगुतले मन्दिर बनाए। कार्तिक नाच शुरू गरे। आफ्नी आमा लालमतीको सम्झनामा जाउलाखेलमा पोखरी खनाए।

यिनी संस्कृतका विद्वान्, कवि, नाटकार तथा साहित्यका सोखी पनि थिए। यिनैले मैथिलीमा भक्ति कविताहरू लेखेका थिए। यिनी बडो सात्त्विक प्रवृत्तिका राजा थिए।

आफ्नो जीवन बडो साधा किसिमबाट बिताउँथे । यिनी चान्द्रायण गरी गर्मीमा पञ्चाग्नि तापेर र जाडोमा खुला चोकमा चिसो ढुङ्गाको खाटमा बसी तपस्या गर्दथे । वि.सं १७१४ मा यिनले राजकाज त्यागे र राजर्षि भए । यिनको बाँकी जीवन काशीमा बित्यो र वि.सं. १७३२ तिर यिनको मृत्यु भयो ।

(कृष्ण मन्दिर)

श्रीनिवास मल्ल

भानुमतीको गर्भबाट श्रीनिवास मल्लको जन्म वि. सं. १६८४ मा भएको थियो । ३४ वर्षको आयुमा यिनी राजगद्दीमा बसे । राजा सिद्धिनरसिंह मल्लले राजकाजबाट हात झिकेको हुनाले वि. सं. १७१८ अघि नै यिनी राज्यको हर्ताकर्ता भै काम गर्न लागेका थिए । यिनले मन्त्री भगीरथ भैयाको सहायताले राम्रो शासन गरी पाटनको गौरव बढाएका थिए । भक्तपुर र काठमाडौंसँग पनि यिनको लडाई परिरहन्थ्यो । यिनले कान्तिपुरसँग मिली भादगाउँमा आक्रमण गरेका थिए र भक्तपुरका केही गाउँ हात पारेका थिए । प्रताप मल्ल भादगाउँको पूर्ण विनाश चाहन्थे ।

तर यसो गर्दा कान्तिपुरको शक्ति बढ्ने र पछि कान्तिपुरबाट पाटनलाई समेत खतरा हुने सम्झी उनी प्रताप मल्लको भादगाउँ विनाश गर्ने योजनामा सहयोगी बनेनन् । यिनले गोरखा, तनहुँ, काठमाडौंसँग मिली वि.सं. १७२८ मा मकवानपुरमा हमला गरी मकवानपुरका राजा शुभसेनलाई कायल पारेका थिए । पछि यिनले शुभसेनसँग मिली विजयपुरमा पनि आक्रमण गरेका थिए । यसप्रकार उनी पनि बाबुसरह नै योग्य थिए । यिनले भादगाउँको स्वतन्त्रता कायम राखे । कान्तिपुरको हातबाट भादगाउँलाई नष्ट हुनबाट बचाए ।

यी राजा दानी र धर्मात्मा थिए । पाटनको प्रसिद्ध भीम मन्दिर पनि यिनैले बनाएका थिए । राजदरबारभित्र यिनले मूल चोक तथा सुन्दरी चोक बनाए । कार्तिके नाचको समय १५ दिनबाट बढाई २५ दिन गरे र योग नरेन्द्रको पालामा यो नाच १ महिनासम्मको भयो ।

वि.सं. १७३७ मा यिनकी रानी मृगावतीको मृत्यु भयो । त्यसपछि यिनलाई छोराबाट विद्रोह हुने सम्भावना हुँदा वि.सं. १७४१ मा यिनले छोरा योगनरेन्द्र मल्ललाई राज्य सुम्पिदिए । वि.सं. १७४३ मा यिनको मृत्यु भयो ।

योगनरेन्द्र मल्ल

श्रीनिवास मल्लका छोरा योगनरेन्द्र मल्लको जन्म वि.सं. १७२४ मा भएको थियो । पिताको जीवनकालमा नै दाउपेच खेली यिनले राज्य आफ्नो हातमा पार्न खोजेका थिए । त्यसैले पिताको जीवनकालमा नै यिनी बि.सं. १७४१ मा राजा भए। यिनी महत्त्वाकांक्षी थिए । आफ्नो पितासरह यिनले पनि समसामयीक राजनीतिमा प्रमुख भूमिका खेले । कान्तिपुरसँग मिलेर यिनले भक्तपुरमा आक्रमण गरे । यिनले भक्तपुरको ओभु इलाका कब्जा गर्न यिनी स्वयम् चांगुमा आएर बसे । त्यहीं भादगाउँका मन्त्रीले षडयन्त्र गरी योगनरेन्द्र मल्लले खाने तमाखुमा विष हाल्न लगाए । फलतः योगनरेन्द्र मल्लको मृत्यु वि. सं. १७६२ मा हुनगयो ।

(योगनरेन्द्र मल्ल)

यिनले मच्छेन्द्रनाथको यात्राको मुहूर्त हेर्नको लागि ज्योतिषीहरूलाई भनी भनी मण्डप बनाएका थिए । ललितपुरको भीमसेन जात्रा यिनैले चलाएका हुन् । ललितपुर दरबार अगाडिको स्तम्भमा रहेको सालिक यिनैको हो । यिनी संगीतका बडा सोखी थिए । यिनको सिक्कामा 'संगीतावर्ण पारग' अङ्कित भएकोले यिनी संगीतका मर्मज्ञ भएको बुझिन्छ । आफ्नो सैनिक बहादुरी देखाउन यिनले नेपाल चुडामणि पद्वी लिएका थिए ।

योगनरेन्द्र मल्लको मृत्युपछि पाटनमा शक्तिशाली राजा कोही भएनन् । त्यसबेला राजाहरू धेरैजसो सानै उमेरका हुन्थे । त्यसैले मन्त्रीहरू नै सर्वेसर्वा थिए । योगनरेन्द्रपछि लोकप्रकाश मल्ल, इन्द्र मल्ल, महीन्द्र मल्ल, ऋद्धिनरसिंह, भाष्कर मल्ल, योगप्रकाश मल्ल तथा विष्णु मल्ल आदि राजाहरूले पाटनमा शासन गरे । राजा विष्णु मल्लको शासनमा ६ जना प्रधानहरूको चकचकी थियो । तिनीहरूमध्ये काजी धनवन्त, कालीदास र भिङरूवा आदि प्रसिद्ध थिए । यिनीहरू जसलाई मनपर्थो उसैलाई राजा तुल्याउँदथे । आफ्नो अधीनमा नबस्ने राजालाई केही न केही आरोप लगाई गद्दीबाट हटाइदिन्थे । विष्णु मल्लपछि राज्यप्रकाश, विश्वजीत मल्ल, राजा भए। यिनीहरू बडो कमजोर थिए। विश्व मल्लपछि पाटनका प्रधानहरूले

आफ्नो स्वार्थ अनुसार कहिले कान्तिपुर, कहिले भादगाउँ, कहिले गोर्खाका राजालाई पाटनमा शासन गर्न निम्त्याए जयप्रकाश मल्लले पाटनका प्रधानहरूलाई दण्ड दिने कोशिश गरेका थिए । उनले कालिदासको हत्या गर्न लगाए । भिङ्खवा र धनवन्तलाई काठमाडौं डाकी मार्न लगाए । केही भारदारहरूलाई सार्वजनिक रूपमा अपमानजनक स्थितिमा शहरको परिक्रमा गर्न लगाए । जयप्रकाशको कठोर व्यवहारले गर्दा पाटनका प्रधानहरूले गोरखाधीश पृथ्वीनारायण शाहलाई काठमाडौं आक्रमण गर्न उक्साए । पाटनका अन्तिम राजा तेजनरसिंह मल्ल (१८२२–२५) थिए । पृथ्वीनारायण शाहले काठमाडौं वि.सं. १८२५ आश्विन १३ गते विजय गरेपछि आश्विन २४ गते पाटन विजय गरे। पाटनमा राजा तेजनरसिंह मल्ल जयप्रकाशका साथ भादगाउँतर्फ लागे ।

प्रश्नहरू

१. ललितपुरको स्वतन्त्र अस्तित्व कायम गर्नमा सिद्धिनरसिंह मल्लको योगदान कस्तो थियो ?

२. सिद्धिनरसिंह मल्लले प्रताप मल्लको मनसुवालाई कसरी विफल तुल्याए ?

३. 'योग्य बाबुको योग्य छोरा' यस कथनको पुष्टि श्रीनिवास मल्लको जीवनीले कसरी गर्छ ? बयान गर्नुहोस् ।

४. "ललितपुरको पतन योगनरेन्द्र मल्लपछि भयो" प्रमाणित गर्नुहोस् ।

५. ललितपुरमा राजनीतिक अस्थिरता कहिलेदेखि शुरू भयो ? यो अस्थिरता आउनका कारणहरू के थिए ?

६. ६ प्रधानहरूले ललितपुरको राजनीतिमा कस्तो भूमिका खेलेका थिए ? यिनीहरूलाई कसले दबाउन खोजे ? उनी कतिसम्म सफल भए ?

कान्तिपुर

रत्न मल्ल

यक्ष मल्लका छोराहरूमध्येमा रत्न मल्ल सबैभन्दा योग्य, कूटनीतिज्ञ तथा महत्वाकांक्षी थिए । त्यस समय कान्तिपुरमा महापात्रहरू स्थानीय शासकको रूपमा थिए । कान्तिपुरका महापात्रहरूलाई हटाएर रत्न मल्लले वि. सं. १५४१ तिर कान्तिपुरमा अलग्गै राज्य खडा गरी शासन गर्न लागे। संयुक्त आधिपत्य रहेको कान्तिपुरमा रत्न मल्लले आफ्नो एकलौटी अधिकार कायम गरेको राय मल्ललाई मननपर्नु स्वाभाविकै थियो। रत्न मल्लले भाइहरूलाई आफूपट्टि मिलाउन रण मल्ललाई बनेपामा स्वतन्त्र राज्य खडा गर्न उक्साए। रत्न मल्लले ललितपुरका महापात्रहरूलाई आफ्नो अनुकूल बनाए । यहाँ पनि आफ्नो प्रभाव फैलाए । तर कान्तिपुरका महापात्रहरूलाई जस्तै ललितपुरका महापात्रहरूलाई रत्न मल्लले सिध्याउन भने सकेनन् । यस-कारण ललितपुरमा उनको प्रभुत्वको साथसाथै महापात्रहरूको अस्तित्व पनि कायमै रह्यो । यिनी ललितपुरमा सफल नभए तापनि नुवाकोट आफ्नो अधीनमा ल्याउन सफल भए । वंशा-वलीमा रत्न मल्लको राज्यमा भोटेहरूको भयङ्कर आक्रमण भएको कुरा लेख्निएको छ । त्यस आक्रमणमा रत्न मल्लले आफ्नो शक्तिले दबाउन नसकेकोले पाल्पाका राजा मुकुन्दसेनसँग सैनिक सहायताका लागि अनुरोध गरेका थिए । यिनैको शासनकालमा मुसलमानहरूको आगमन कान्ति-पुरमा भयो भनिएको छ । उनीहरू व्यापारी वा झारफुकेको रूपमा यहाँ आएका थिए । वि.सं. १५७७ मा यिनको मृत्यु भयो।

यिनीपछि यिनका छोरा सूर्य मल्ल राजा भए । यिनले भादगाउँमाथि आक्रमण गरेका थिए । सूर्य मल्लपछि यिनका छोरा अमर मल्ल (नरेन्द्र मल्ल) राजा भए। यिनीपछि यिनका छोरा महेन्द्र मल्ल राजा भए।

महेन्द्र मल्ल

महेन्द्र मल्ल नरेन्द्र मल्लका छोरा हुन्। बाबुपछि यिनी गद्दीमा बसे । यिनी योग्य शासक थिए । यिनी एउटा सुयोग्य राजा थिए । राज्यको आर्थिक स्थिति दरिलो नभई राज्य सुदृढ हुँदैन भन्ने यिनले राम्ररी बुझेका थिए । त्यसैले यिनले देशमा कपडा, भाँडाकुँडा आदिको उत्पादनमा ध्यान दिए । यिनले देशमा उत्पादित वस्तुहरूको निकासीको व्यवस्था मिलाए । विदेशमा प्रचलित सीप सिक्ने बढावा दिए । यी सबै प्रयासले गर्दा यस राज्यको आर्थिक स्तर बढ्न थाल्यो । फलतः यिनले नै सर्वप्रथम उपत्यकामा चाँदीको मुद्रा प्रचलनमा ल्याए । नेपाल अधिराज्यमा सर्वप्रथम चाँदीको टक चलनचल्तीमा ल्याउने दोलखाका राजा इन्द्र-

सिंहलाई मानिएको छ। यसको भारतीय सिक्कासँग विनिमय गर्ने प्रबन्ध पनि उनले मिलाए। उनले टोलका प्रधानहरूलाई आफ्ना इलाकाभित्र कोही भोकै नरहुन्; कसै उपर अन्याय नहोस् भन्ने कुराको रेखदेख गर्ने आदेश दिएका थिए। यिनले मल्ल परिवारको इष्टदेवी तलेजुको मन्दिर पनि बनाउन लगाएका थिए। यी बाहेक महादेवको मन्दिर, भीमसेनको मन्दिर आदि पनि उनले बनाएका थिए। वि. सं. १६३२ मा यिनको मृत्यु भयो।



(महेन्द्र मल्लको चाँदीको मुद्रा)

महेन्द्र मल्लपछि उनका जेठा छोरा सदाशिव मल्ल राजा भए। यिनी अयोग्य भएकाले राम्ररी राज्य चलाउन सकेनन्। त्यसैले यिनी भादगाउँतर्फ धपिइनु परयो। यसपछि यिनका भाइ शिवसिंह मल्ल राजा भए।

शिवसिंह मल्ल

यिनको पालामा कान्तिपुरको शक्ति बढेको थियो। यिनले पाटनको स्वतन्त्र शासक विष्णुसिंहका छोरा पुरन्दर सिंहलाई दबाए र आफ्नो छोरा हरिहरसिंहलाई त्यहाँको हाकिम बनाए। यिनले दोलखा पनि आफ्नो अधीन तुल्याएका थिए। शिवसिंहका छोरा हरिहरसिंहको मृत्यु शिवसिंहकै जीवन कालमा भएकोले शिवसिंह पछि तत्कालीन राजनीतिमा उनका नाति लक्ष्मीनरसिंह र सिद्धिनरसिंह देखा परे। यी दुवै हरिहरसिंहका छोरा थिए।

लक्ष्मीनरसिंह मल्ल

बाजे शिवसिंहको मृत्युपछि लक्ष्मीनरसिंह कान्तिपुरका राजा भए। यिनी सोझा स्वभावका थिए। यिनले पाटनमा आफ्नो अधिकार राख्न सकेनन्। सिद्धिनरसिंहले दाज्यू लक्ष्मीनरसिंहसँग एउटा सन्धि गरी 'एकानी शत्रु एकानी मित्र' पाटनका राजा भए।

प्रताप मल्ल (१६९८–१७३१)

प्रताप मल्ल एउटा महत्त्वाकांक्षी राजा थिए। यिनको जन्म वि. सं. १६८० मा भएको थियो। यिनी युवराज छँदै पाटनका सिद्धिनरसिंह मल्लको नेतृत्त्वमा स्वतन्त्र भएको उनलाई मनपरेको थिएन। अझ सिद्धिनरसिंहको नेतृत्त्वमा पाटनको उन्नति हुँदै गएको हुनाले उनलाई झन् जलन हुनथाल्यो। त्यसैले वि. सं. १६९३ तिर सिद्धिनरसिंह कोटिहोम गर्न लागेको बखतमा

कान्तिपुरले ललितपुरमा हमला गरी केही किल्ला कब्जा गरे । प्रतापमल्लको एउटा शिलालेखमा पाटनलाई लुटेको, गोरखाका राजा डम्बर शाहलाई हराएको, कुतीमाथि अधिकार गरेको भनी वर्णन गरिएको छ । संभवतः पाटनलाई लुटेको अर्थ प्रताप मल्लको केरूङ विजय हुन सक्छ । केरूङ त्यस समय पाटन अधीनस्थ थियो । केरूङ केही समय कान्तिपुरको अधीनमा रहे तापनि पछि सिद्धिनरसिंहले फिर्ता लिए । तर यस घटनाले गर्दा कान्तिपुर र पाटनको सम्बन्धमा कटुता ल्यायो ।



(प्रताप मल्लको स्तम्भ)

वि. सं. १६९८ मा यिनले आफ्नो बाबुलाई नजरबन्द पारेर आफैं राजा भए । यिनी कान्तिपुरको नेतृत्वमा उपत्यकाको एकीकरण गर्न चाहन्थे । एकीकरणको निम्ति उनले पाटन र भादगाउँको स्वतन्त्र अस्तित्व खतम पार्नुपर्ने भयो । समान शक्ति भएका यी दुवै राज्यहरूलाई एकैचोटि नष्ट गर्न नसकिने हुनाले यिनले कहिले ललितपुरको सहायता लिई भादगाउँलाई अठघाउने, कहिले भक्तपुरको सहायता लिई ललितपुरलाई अँचेट्ने नीति लिए ।

यही नीति अनुसार प्रताप मल्लले पाटनका सिद्धिनरसिंह मल्लका सहायताबाट भादगाउँलाई पराजित गरेका थिए। भादगाउँ अधीनस्थ कतिपय गाउँहरूमाथि कब्जा गरे। उनले भादगाउँको जगज्योति मल्लले बनाएको मन्दिरमाथिको वासुकी नागका स्वर्ण छत्तर दुई सिंह मूर्ति पनि विजयको प्रतीक स्वरूप काठमाडौं ल्याएका थिए। भादगाउँसँग भएको यस लडाईंको वर्णनको उल्लेख इसाई पादरी ग्रुवरले पनि गरेका छन्। उनले प्रताप मल्ललाई दूरबीन पनि उपहार दिएका थिए ।

यसरी प्रताप मल्लले समसामयिक राजनीतिमा प्रमुख भूमिका खेले तापनि उनको मल्ल राज्य एक गर्ने सपना पूरा हुनसकेन । उनमा संगठनात्मक शक्तिको अभाव थियो । पाटनमा उनका काका सिद्धिनरसिंह उनीभन्दा बढ्ता योग्य तथा बुद्धिमान् थिए । उनले भादगाउँलाई केही थिचे तापनि श्रीनिवास मल्लको विरोधले गर्दा पूर्णतः दमन गर्न भने सकेनन् ।

कान्तिपुर राज्यलाई समृद्ध पार्नामा प्रताप मल्लको पनि योगदान थियो। यिनले काजी भीम मल्लको सहायताबाट भोटतर्फ कुती प्रदेश आफ्नो राज्यमा मिलाएका थिए । यसले गर्दा तिब्बतसँग व्यापार वृद्धि हुनगयो ।

प्रताप मल्ललाई सांस्कृतिक कार्यहरूमा पनि रुचि थियो । उनले अनेक मन्दिरहरूको निर्माण गरेर शहरको शोभा बढाएका थिए । वर्तमान हनुमान ढोकाको दरबार पनि यिनैले बनाएका हुन् । यिनी संस्कृत भाषाका श्रेष्ठ विद्वान् थिए । यिनले कवीन्द्र पद्वी धारण गरेका थिए । उनलाई १५ भाषाको ज्ञान थियो । उनले विद्वान्हरूलाई आफ्नो राज्यमा आश्रय दिएका थिए । वंशमणि उपाध्याय उनका समयका प्रख्यात विद्वान् थिए । उनले कतिपय स्तुतिपद्यको रचना गरेका थिए, जसमा 'कालिकाष्टक' उच्चकोटिको मानिएको छ । राजालाई तान्त्रिक विद्यामा पनि सोख थियो । लमकर्ण भट्ट र जामुना गुभाजु उनका समकालीन थिए।

उनले दरबारको विस्तार गरे। मोहनचोक र न्याशलचोक थपे । दरबारभित्र भण्डारखाल बनाए । उनले जगन्नाथ मन्दिर, कृष्ण मन्दिर, विश्वरूपको मूर्ति, काल भैरवको मूर्ति आदि स्थापना गरे । दरबार अगाडि उनले अग्लो पत्थर स्तम्भमा आफ्नो शालिक थापे। तर सबै निर्माणहरूमध्येमा रानीपोखरीको निर्माण बडो महत्त्वपूर्ण छ । यसले शहरको शोभा बढाउनको साथसाथै वरपरका मानिसको पानीको समस्यालाई समाधान गरयो ।

उनले कोटिहोम गरे, तुलादान गरे तथा काठमाडौंबाट पशुपति जाने बाटोमा कतिपय शिवालय बनाए । कोटिलिंगको पनि स्थापना गरे ।

वंशावली अनुसार यिनी चरित्रहीन थिए । एकदिन हरिसिद्धिको नाच हेर्दा अत्यधिक रक्त वमनले गर्दा उनको मृत्यु भयो (वि. सं. १७३१) । प्रताप मल्लका ५ छोराहरू थिए;

भूपेन्द्र मल्ल, चक्रवतीन्द्र मल्ल, नृपेन्द्र मल्ल, पार्थिवेन्द्र मल्ल र महीपतीन्द्र मल्ल । प्रताप मल्ल आफ्ना कान्छा छोरा महीपतीन्द्र मल्ललाई उत्तराधिकारी बनाउन चाहन्थे । तर यसो गर्नुभन्दा अघि नै प्रताप मल्ल वि. सं. १७३१ मा मरे । दाज्यु छँदै भाइलाई राजा गर्नु अनुचित सम्झी कान्तिपुरका भारदारले श्रीनिवास मल्लको सहायताबाट नृपेन्द्र मल्ललाई गद्दीमा राखे । प्रथम दुई भाइको मृत्यु प्रताप मल्लकै जीवन कालमा भैसकेको थियो । ७ वर्षपछि नृपेन्द्र मल्ल मरे । यसपछि भाइ पार्थिवेन्द्र मल्ल राजा भए । यिनको शासनकालमा चौतारा लक्ष्मीनारायण जोशी शक्तिशाली भए । यिनले पार्थिवेन्द्र मल्ललाई विष दिएर मारे भने कान्छा महीपतीन्द्र मल्लको पनि हत्या गर्न लगाए । पार्थिवेन्द्र मल्लको नाबालक छोरा भूपालेन्द्र मल्ललाई गद्दीमा राखी चौतारा लक्ष्मीनारायण सर्वेसर्वा भए। तर विरोधीहरूले लक्ष्मीनारायणको पनि वि. सं. १४४७ मा हत्या गरिदिए । भूपालेन्द्र मल्ल भारतको अयोध्यामा तीर्थ यात्रा गर्न गएका थिए । त्यहीं यिनको मृत्यु भयो । यिनीपछि यिनका नाबालक छोरा भाष्कर मल्ल राजा भए ।

भाष्कर मल्ल

यिनको नाबालक कालमा यिनकी आमाले शासन चलाइन् । उमेर पुगेपछि यिनले शासन आफ्नो हातमा लिए । यिनलाई हात्ती खेदा गर्न जाने सौख थियो । एक पटक हात्ती पकडेको खुशीयालीमा यिनले आफ्नो नाम "गजपति महीन्द्र सिंह" राखेका थिए । केही कालसम्म यिनले यही नामबाट ललितपुरको गद्दीमा पनि बसेका थिए । यिनको शासन कालमा कान्तिपुरमा ठूलो माहामारी परेर धेरै जना सखाप भएका थिए। त्यस समयमा तिब्बतबाट फर्केका इसाई पादरीले यस महामारीको वर्णन गरेका छन् ।

भाष्कर मल्ल निःसन्तान थिए । त्यसैले उनीपछि जगज्जय मल्ल राजा भए। जगज्जय मल्ल प्रताप मल्लका छोरा महीपतीन्द्र मल्लका छोरीपट्टिका सन्तान थिए । जगज्जयपछि जयप्रकाश मल्ल राजा भए ।

जयप्रकाश मल्ल (१७९२–१८२५)

नेपालको इतिहासको एउटा दुखान्त नायकको रूपमा जयप्रकाश मल्ललाई लिन सकिन्छ । उनी बहादुर, निर्भीक, योद्धा थिए, तर भाग्यले उनको साथ दिएन । कुनै पनि परिस्थितिमा उनले आत्मसमर्पण गर्ने काम गरेनन् । जयप्रकाश मल्ल स्वभावले अलि कडा र शङ्कालु प्रवृत्तिका थिए । त्यसैले भारदारहरू उनलाई मनपराउँदैनथे । दुर्भाग्यवश यस समय काठमाडौं उपत्यकाको अवस्था राम्रो पनि थिएन । उपत्यकाका तीनै राजाहरू आपसमा लडिरहन्थे । भारदारहरू पनि आफ्ना स्वार्थ पूर्तितर्फ लागेका थिए ।

यस्तो परिस्थितिमा जयप्रकाश मल्ल राजगद्दीमा बसे । गद्दीमा बस्नासाथ भारदारहरूको एक गुटले उनका भाइहरूलाई अगाडि बढाई उनको विरोधमा षडयन्त्र गर्नथाले । यो थाहा

(जयप्रकाश मल्ल)

पाएर उनले आफ्नो भाइ राज्यप्रकाशलाई देश निकाला गरे । राज्यप्रकाश भागेर ललितपुर गए । ललितपुरका राजा विष्णु मल्लले उनलाई आफ्नो उत्तराधिकारी बनाए ।

राज्यप्रकाशलाई देश निकाला गरेपछि अब विरोधी भारदारहरूले नरेन्द्रप्रकाशलाई अघि सारे । उनीहरूले नरेन्द्रप्रकाशलाई द्यौपाटन लगी साँखु, चाँगु, गोकर्ण भेकको राजा बनाए । जयप्रकाशले तुरुन्त विद्रोहीहरूमाथि कारबाही गरी तिनीहरूलाई हराए । नरेन्द्रप्रकाश भादगाउँमा शरण लिन पुगे । भादगाउँले नरेन्द्रप्रकाशलाई शरण दिएकोले जयप्रकाश मल्लको सम्बन्ध भादगाउँसँग नराम्रो हुनगयो ।

कान्तिपुरको यस्तो अवस्थाबाट फाइदा उठाउन गोरखाका राजा नरभूपाल शाहले नुवाकोटमाथि आक्रमण गर्न जयन्त रानालाई पठाए । तर यस आक्रमणमा गोरखालीहरूको पराजय भयो । यस पराजयले गोरखालीहरूले हिम्मत हारेका थिएनन् । त्यस बखत वर्तमान नेपाल अधिराज्यका निर्माता श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले वि.सं. १८०१ मा नुवाकोट आक्रमण गरेर नुवाकोट विजय गरे ।

नुवाकोटको विजयले पृथ्वीनारायण शाहको आर्थिक स्थिति दरिलो भयो भने जयप्रकाशको सैनिक प्रतिष्ठामा ठूलो आघात परयो । उनले नुवाकोट उकास्न काशीराम थापाको नेतृत्वमा सेना पठाए । तर काशीराम थापा असफल भए । यस पराजयपछि काशीराम थापा जयप्रकाश मल्लसँग भेट्दै नमेटी आफ्नो घरतर्फ लागे । यसले गर्दा जयप्रकाश मल्ललाई काशीराम थापाको राजभक्तिमा नै शंका भयो । जयप्रकाश मल्ललाई काशीराम थापा गोरखालीतर्फ मिलेको शंका भयो । त्यसैले एक दिन काशीराम थापा पशुपति आएको मौका छोपी जयप्रकाश मल्लले उनलाई पक्रन पठाए । काशीराम थापा काटिए । काशीराम थापासँग मिलेको आरोपमा जयप्रकाशले आफ्नो दरबारका पुराना भारदार काजी भिङ्खवालाई पनि प्राणदण्ड दिए । अर्को काजी तौढिक ललितपुरमा भागेर ज्यान जोगाए ।

यो हत्याकाण्डको नतिजा जयप्रकाशको निम्ति राम्रो भएन । काशीराम थापाका भाइ परशुराम थापा र काजी तौढिकले जयप्रकाश मल्लको विरोधमा षड्यन्त्र रच्नलागे । कान्तिपुरको यस आन्तरिक गडबडीबाट फाइदा उठाई गोरखा र भादगाउँ मिलेर साँखु र चाँगुमाथि अधिकार गरे । साँखु र चाँगुको पतनले जयप्रकाशको प्रतिष्ठामा झन् आघात परयो । यही मौका छोपी काजी तौढिकले रानी दयावती समेतलाई आफ्नो हात पारी जयप्रकाशलाई गद्दीबाट हटाए । जयप्रकाशको नाबालक छोरा ज्योति प्रकाशलाई गद्दीमा राखे । नाबालक ज्योति-प्रकाशको नायबभै रानी दयावतीले तौढिक काजीको सहायताबाट शासन ४ वर्षसम्म चलाइन्। यसै समयमा साँखु, चाँगु भादगाउँबाट फिर्ता पनि लिइयो ।

जयप्रकाश मल्लले राजगद्दीबाट च्यूत हुन परे तापनि उनले हिम्मत हारेनन् । उनले अत्यधिक धीरता र शौर्यता देखाए । उनी गुह्येश्वरीको पूजारीको घरमा लुकेर बसेका थिए । यो कुराको सुइँको पाएर काजी तौढिकले उनलाई पक्रन सेना पठाए । यस्तो विकट परिस्थितिमा उनले सेनाको अगाडि एक्कासी प्रकट भएर सेनाको राजभक्तिको प्रशंशा गर्दै सेनालाई आफू-तर्फ वफादार रहन आव्हान गरे । सेनाको राजभक्ति जयप्रकाश मल्लतर्फ उलियो । सेना उनैको समर्थक भए । यही सेनाको सहायताबाट उनले विद्रोहीहरूलाई दण्ड दिए । चार वर्षको फिरन्ता जीवनपछि पुनः राजगद्दीमा बसे । विद्रोहीका नेता काजी तौढिकले आत्महत्या गरे । रानी दयावती कैदमा परिन् ।

गद्दी पुनः पाएपछि जयप्रकाश आफ्नो स्थिति सुदृढ पार्नेतर्फ लागे । उनको ध्यान गोरखालीको बढ्दो शक्तितर्फ गयो । गोरखालीले नुवाकोट तथा मकवानपुर विजय गरेपछि कान्तिपुरकै सामरिक महत्त्वको डाँडो कीर्तिपुरतर्फ आक्रमण गर्ने योजना बनाए । कीर्तिपुर विजय गर्न पृथ्वीनारायण शाहलाई तीन पटक आक्रमण गर्नुपरयो । पहिलो आक्रमणमा उनी नराम्रोसँग पराजित भए (१८१४) । उनको प्रसिद्ध सेनापति कालु पाँडेको ज्यान गयो । वि.सं. १८२१ मा दोस्रो पटक कीर्तिपुर आक्रमण गर्न पठाए । यस पटक उनका भाइ शूरप्रताप शाहको एउटा आँखा गुम्यो । दुई पटक हारे तापनि उनले हिम्मत हारेनन् । हारले विजयको लालसा झन् उत्तेजित गरयो । वि.सं. १८२२ मा तेस्रो आक्रमण भयो । पृथ्वीनारायण शाह यस पटक सफल भए ।

कीर्तिपुरको पतनले गोरखालीहरू उपत्यकाको प्रवेशद्वारसम्म आइपुगे । निरन्तर लडाईंले गर्दा जयप्रकाशको आर्थिक स्थिति एकदम कमजोर हुनगयो । ढुकुटी रित्तिदै गयो । सेनालाई तलब दिन पैसा भएन । उनलाई घटिया किसिमको टक प्रचलनमा ल्याउनुपरयो । देवमन्दिरको सम्पत्तिमाथि उनले जबरजस्ती अधिकार गरे । उपत्यकाका अन्य राजाहरूबाट सहायता पाउने सम्भावना नभएकोले उनले आफ्नो प्रतिनिधि बेतिया पठाए । कम्पनी सरकारसँग सैनिक सहायता माग गरे । कम्पनी सरकारले पनि मौकाबाट फाइदा उठाउन खोज्यो । नेपालको बाटो गरी तिब्बतसँग व्यापार गर्दा इष्ट इण्डिया कम्पनीलाई राम्रो आर्थिक लाभ हुने संभावना भएकोले कम्पनी सरकारले कप्तान किनलोकको नेतृत्वमा एउटा सेना जनकपुरको बाटो गरी काठमाडौं पठायो । तर दूरदर्शी पृथ्वीनारायण शाहले कम्पनीको सेनालाई पहाडमा घेर्ने योजना बनाए । सिंधुलीगढीको लडाईंमा वि.सं. १८२४ मा गोरखाली सेनाले अंग्रेजसेनालाई नराम्रोसँग पराजित गरयो । कप्तान किनलोक जनकपुर आई बसेका थिए । उनले कम्पनी सरकारसँग दोस्रो आक्रमण गर्ने अनुमति माग्ने । कम्पनी सरकारले जयप्रकाशलाई मद्दत दिने बहाना पाउनुभन्दा अघि नै पृथ्वीनारायण शाहले जयप्रकाशलाई खतम पार्ने अठोट गरे । त्यसैले वि.सं. १८२५ आश्विन १३ गतेको रात्रीमा काठमाडौंमा तीनतर्फबाट आक्रमण गरियो । इन्द्र जात्राको चाड थियो । हनुमान ढोका दरबारलाई भीमसेनथान, नरदेवी तथा टुँडीखेल तीनतर्फबाट घेरा हालियो । केही घण्टाको लडाईंपछि जयप्रकाश पराजित भए र पाटनतर्फ लागे । पृथ्वीनारायण शाह काठमाडौंको राजगद्दीमा बसे ।

यसरी काठमाडौं विजय भएको ११ दिनपछि अर्थात् २४ आश्विनका दिन पाटन पृथ्वीनारायण शाहको अधीनमा आयो । पाटनका राजाका साथ जयप्रकाश मल्ल भादगाउँ लागे । वि.सं. १८२६ मार्ग १ गते भादगाउँ पृथ्वीनारायण शाहको अधिकारमा आयो । भादगाउँको लडाईंमा जयप्रकाश घाइते भए । केही दिनपछि उनको आर्यघाटमा मृत्यु भयो ।

प्रश्नहरू

१. काठमाडौंका पहिला राजा को हुन् ? उनी कसरी राजा भए ?

२. रत्न मल्लको राज्यकालको संक्षिप्त वर्णन गर्नुहोस् ।

३. महेन्द्र मल्लको शासनको आधार कस्तो थियो ? उनको शासनकालमा नेपालको कस्तो किसिमको आर्थिक प्रगति भएको थियो ?

४. प्रताप मल्लको राजनीतिक जीवनको वर्णन गर्नुहोस् ।

५. 'आज पनि प्रताप मल्ल काठमाडौंको वरिपरि जीवित छन्' यस कथनको पुष्टि गर्नुहोस् ।

६. 'जयप्रकाश वीर तर अभागी राजा थिए' यस कथनको पुष्टि गर्नुहोस् ।

७. जयप्रकाश मल्लको पालामा काठमाडौंको आर्थिक अवस्था किन कमजोर हुन गयो ।

८. "पहिलो कीर्तिपुरको गल्तीले गर्दा नै जयप्रकाश मल्लको पराजय भयो " यस कथनको पुष्टि गर्नुहोस् ।

९. "जयप्रकाशको पतन ऐतिहासिक आवश्यकता थियो" के तपाई यस कथनबाट सहमत हुनुहुन्छ ?

१०. छोटकरीमा टिप्पणी लेख्नुहोस्

(क) सदाशिव मल्ल (ख) शिवसिंह मल्ल (ग) लक्ष्मीनरसिंह मल्ल

(घ) भाष्कर मल्ल (ङ) नुवाकोटको आर्थिक र सामरिक महत्त्व

(च) परशुराम थापा

मल्लवंशको पतन

मल्लहरूले नेपालमा झण्डै साढे पाँच सय भन्दा बढी वर्षसम्म शासन गरे । वि.सं. १८२६ मा मल्ल शासनको अन्त गोरखाधीश पृथ्वीनारायण शाहबाट हुनगयो । काठमाडौं उपत्यकाको मल्ल राज्य नेपालमण्डलभित्र पर्ने सबै राज्यहरूमध्येमा बढ्ता समृद्धिशाली थियो । यस समृद्धिको मुख्य आधार नै मल्लवंशको वैदेशिक व्यापार थियो ।

मल्लवंशको पतनका कारणहरू निम्न थिए

काठमाडौं उपत्यकाको विभाजित राजनीति:– मल्लवंशको पतनको बीउ साँच्चै भन्ने हो भने यक्ष मल्लका छोराहरूले नै रोपिसकेका थिए । यही पतनरूपी बीउ उम्रँदै गयो र अन्तमा पतनको अभिभारा जयप्रकाश मल्ल, तेजनरसिंह मल्ल र रणजीत मल्लले लिन परयो । संयुक्त उपत्यका छँदा पनि शक्तिशाली आक्रमणकारीहरूले संगठित आक्रमण गर्दा उपत्यकाका शासकहरूले आक्रमणलाई रोक्न सकेका थिएनन् । यस सन्दर्भमा जुम्लाका मल्ल शासकहरूको आक्रमण तथा बंगालका नवाब शामशुद्दीन इलियाँसाको आक्रमणलाई लिन सकिन्छ । सानो उपत्यकाको विभाजनले गर्दा उपत्यकाका राज्यहरू झन् कमजोर हुँदै गए । यसरी कमजोर उपत्यका संगठित आक्रमणको वेगलाई रोकनसक्ने स्थितिमा थिएन ।

आपसी सहयोगको अभाव:– काठमाडौं उपत्यका राजनीतिक रूपबाट विभाजित मात्र होइन, विभाजित राज्यहरूमा आपसी सहयोग पनि थिएन । यी राजाहरू आपसमा एक अर्कोदेखि डाह गर्थे र सानो कुरालाई लिएर झगडा पनि गरिरहन्थे । साँच्चै भन्ने हो भन्ने विभाजित उपत्यकाको इतिहास नै आपसी वैमनस्य तथा संघर्षको इतिहास हो भन्नुमा अत्युक्ति नहोला । उपत्यकाको विभाजन भएदेखि भादगाउँको राजनीतिक स्थिति बडो कमजोर थियो । भादगाउँको यस कमजोरीबाट कान्तिपुर तथा ललितपुरले हमेशा फाइदा उठाए । भादगाउँले कैयौंपटक कान्तिपुरबाट अपमानित हुनुपरेको थियो । एक पटक त झण्डै भादगाउँको अस्तित्व नै खतम हुन लागिसकेको थियो । त्यसैले भादगाउँको राजाको कान्तिपुरदेखि ठूलो रिस, इर्ष्या, द्वेष थियो । यही इर्ष्याको भावनाले गर्दा भादगाउँले गोरखासँग हात मिलायो । गोरखाका राजकुमार पृथ्वीनारायण शाहलाई राज्यमा निम्त्यायो । यहाँको राजनीतिक अवस्थाको अध्ययन गर्ने अवसर गोरखाली राजकुमारलाई दिइयो ।

त्यस्तै गरी ललितपुरले पनि आफ्नो अस्तित्व बचाउन गोरखासँग व्यापारिक सम्बन्ध गरयो र एकपटक त पृथ्वीनारायण शाहका भाइ दलमर्दन शाहलाई आफ्नो राजा बनाए ।

कमजोर आन्तरिक स्थिति:– उपत्यकाका तीनै राजाहरूका बीच आपसमा मेलमिलाप थिएन । फेरि यी राजाहरूको आन्तरिक स्थिति पनि कमजोर थियो ।

जयप्रकाश मल्ल स्वभावका हठी भएकाले भारदारहरू उनलाई मनपराउँदैनथे । संभवतः कान्तिपुरका भारदारहरू पाटनको राजनीतिबाट प्रेरित थिए । तिनीहरू पनि पाटनका प्रधान जस्तै राजकाजमा शक्तिशाली हुन चाहन्थे । यसैले तिनीहरूले जयप्रकाशलाई षडयन्त्र गरी गद्दीबाट हटाए ।

पाटनको आन्तरिक अवस्था त झनै सोचनीय थियो । यहाँ ६ प्रधानहरू सर्वशक्तिशाली थिए । तिनीहरू आफ्नो मन परेकालाई राजा बनाउने र गद्दीबाट हटाउने गर्थे । यी भारदारहरूले आफ्नो व्यक्तिगत स्वार्थको निम्ति राष्ट्रिय स्वार्थलाई हमेशा लतारे ।

भादगाउँको आन्तरिक स्थिति पनि राम्रो थिएन । भादगाउँको राजनीतिमा रणजीत मल्लका भिन्निनीपट्टिका सन्तानहरू सक्रिय थिए । तिनीहरू वैधानिक राजकुमारलाई भादगाउँको उत्तराधिकारीबाट हटाई आफैं उत्तराधिकारी बन्न चाहन्थे । अतः यस्तो आन्तरिक कलहको स्थितिमा राज्योपतन हुनु स्वाभाविकै थियो ।

पृथ्वीनारायण शाहको उच्चकोटिको सैनिक तथा आर्थिक नेतृत्वः– पृथ्वीनारायण शाह एउटा कुशल अर्थशास्त्री र उच्च सैनिक गुणले सम्पन्न व्यक्ति थिए । कुनै पनि देशको राजनीतिक स्थायित्व त्यस देशको आर्थिक स्थितिमा भर पर्दछ । यो कुरा पृथ्वीनारायण शाहले राम्ररी बुझेका थिए । काठमाडौंको आर्थिक स्रोत नै उत्तर–दक्षिणको व्यापार हो । अतः उत्तर–दक्षिणको व्यापारमा नियन्त्रण गरी पृथ्वीनारायण शाहले काठमाडौंमा आर्थिक संकट ल्याउने अठोट गरे । उनी यस उद्देश्यमा सफल पनि भए । नुवाकोट र मकवानपुरको विजयले गर्दा काठमाडौंको आर्थिक मुहान् नै सुक्नथाल्यो । जयप्रकाशले बाध्य भएर सेनालाई तलब बाँड्न भनी देवमन्दिरको सम्पत्तिमा अधिकार गरे । धार्मिक सम्पत्तिको अधिकरण अधार्मिक कार्य सम्झियो र प्रजाको श्रद्धा उनीप्रति कम हुन गयो । दैनिक उपभोगका वस्तुहरूको कमीले प्रजालाई कष्ट हुनथाल्यो । जयप्रकाशको अन्तविना उनीहरूको कष्टको अन्त हुनेछैन भन्ने भावना प्रबल हुनगयो ।

मल्ल राजाहरू रसिक र साहित्य, कला तथा संगीतप्रति आसक्त थिए । पृथ्वीनारायण शाह ज्यानको परवाह नगरी आफैं युद्धमा अघि सर्दथे तर मल्ल राजाहरू भारदारकै भरमा युद्ध ल्याउन चाहन्थे । यसले गर्दा जयप्रकाशको सेनामा यतिको जोश पाइँदैनथ्यो, जति पृथ्वीनारायण शाहको सेनामा थियो । फेरि पृथ्वीनारायण शाहले 'भरवट' व्यवस्था गरेर आफ्नो सेनाको परिवारको सुरक्षा गरिदिएका थिए । सेनामा उत्साह बढाउन पृथ्वीनारायण शाहकी रानी आफ्नै हातबाट खाना बाँड्ने गर्थिन् । यस किसिमको सैनिक व्यवस्था मल्ल सेनामा थिएन ।

मल्ल राजाहरूको वैदेशिक सम्बन्ध नगण्य थियो । तर पृथ्वीनारायण शाह दूरदर्शी थिए । उनले भारतको तत्कालीन राजनीतिक स्थितिको राम्रो अध्ययन गरेका थिए । अंग्रजले भारत-

माथि बिस्तार गरेको प्रभाव र नियन्त्रणलाई उनले राम्ररी बुझेका थिए । उनको वैवाहिक सम्बन्ध पनि राजनीतिक उद्देश्यबाट प्रेरित थियो । जयप्रकाशको अराष्ट्रिय नीतिले गर्दा अंग्रेज यहाँ पस्न लागिसकेका थिए। तर राष्ट्रिय भावनाले प्रेरित भएका पृथ्वीनारायण शाहले आफ्ना सैनिक बाहुबलद्वारा अंग्रेजलाई काठमाडौं खाल्टोभित्र हुल्न दिएनन् । यसरी देश प्रेम र पुनीत आदर्श लिएर पृथ्वीनारायण शाह अगाडि बढेका हुनाले सबै परिस्थिति उनको अनूकूल हुँदैगयो ।

प्रश्नहरू

१. मल्लकालमा भएका आन्तरिक कलहको छोटो परिचय दिनुहोस् ।

२. "काठमाडौं उपत्यकाको विभाजित राजनीति नै मल्लवंशको पतनको मूल कारण थियो" के यस कथनसँग तपाईं सहमत हुनुहुन्छ ?

३. 'पृथ्वीनारायण शाहको उच्च सैनिक तथा आर्थिक नीतिले गर्दा नै मल्लवंशको पतन भयो" साबित गर्नुहोस् ।

४. मल्लवंशको पतनका कारणहरू के हुन् ? यी कारणहरूमध्येमा कुनै एकको वर्णन गर्नुहोस ।

मध्यकालीन सभ्यता

राजनीतिक अवस्था

मध्यकालमा पनि लिच्छविकाल जस्तै राजतन्त्र थियो । राजाले आफ्नो अधिकार दैवी सिद्धान्तमा पाएका थिए । उत्तराधिकारको क्रम राजाबाट जेठा छोरामा जाने चलन थियो तर कहिलेकाहीं राज्यमाथि दाज्यूभाइहरूले संयुक्त शासन चलाएको उदाहरण पनि पाइन्छ ।

राजकाजमा राजालाई मद्दत गर्ने मन्त्रिपरिषद् हुन्थ्यो। मन्त्रिपरिषद्मा प्रायः चार मन्त्री हुन्थे । एक जना चौतारा पनि हुन्थे । गोरखामा चौताराको पद राजपरिवारलाई मात्र दिने चलन थियो । तर मल्लकालमा योग्य कुनै पनि भारदारलाई यो पद दिएको पाइन्छ । कहिलेकाहीं चौतारा बडो शक्तिशाली हुन्थ्यो । यस सन्दर्भमा चौतारा लक्ष्मीनारायण, चौतारा भगीरथ भैयाको उदाहरण लिन सकिन्छ । मन्त्रीलाई अमात्य, प्रधानाङ्ग, प्रधान पनि भनिन्थ्यो ।

यस कालमा राजाहरूको राज्यक्षेत्र सीमित हुँदै गएकोले प्रशासनिक विभाजन कस्तो थियो प्रष्ट उल्लेख पाइँदैन । भक्तपुर, कान्तिपुर, ललितपुर, राजधानी नै रहेका हुनाले यहाँका प्रशासन राजकुल (राजदरबार) बाटै चलाइन्थ्यो । यी तीन शहर बाहिरका ठूला बस्तीमा (देउपाटन, कीर्तिपुर) स्थानीय प्रशासन चलाउन राजाद्वारा परमान (बडा हाकिम) नियुक्त भएका हुन्थे । अरू सानासाना बस्तीमा 'द्वारे' नियुक्त गरिएका हुन्थे । स्थानीय शासनमा परमानलाई सहायता पुऱ्याउन 'श्रेष्ठ' हुन्थे । सुरक्षाका लागि 'उमरा' नियुक्त गरिएका हुन्थे ।

सेनाको प्रधानलाई जोधपति भन्ने चलन थियो । राजाका स्थायी सेना कमै संख्यामा हुन्थे । युद्धको बेलामा जनतालाई नै युद्धमा खटिनुपर्दथ्यो । सुरक्षाको दृष्टिले महत्त्वपूर्ण ठाउँमा क्वाढ बनाएका हुन्थे । यसको व्यवस्था गर्ने अधिकारीलाई क्वाढ नायक भनिन्थ्यो । चोर आदि अपराधी नियन्त्रण गर्न 'ठाना' पनि थिए ।

लिच्छविकालमा जस्तै यस कालमा पनि स्थानीय प्रशासनमा पञ्चायतको महत्त्व थियो । प्रत्येक टोलमा पञ्चायतको पहिलो तह देखिन्छ । टोल टोलको पञ्च भेलालाई 'पञ्चसमुच्य' भनिन्थ्यो । यही पञ्चसमुच्यले स्थानीय मुद्दा छिन्ने, धारा, पाटीपौवा बनाउने आदि काम गर्ने गर्थे । पञ्चसमुच्यले गरेको निर्णयमा चित्त नबुझे राजकुलमा उजूरी गर्न पाइन्थ्यो । कुनै महत्त्वपूर्ण नर्णय लिनुपर्दा प्रजा पञ्च (राजा, भारदार र प्रजा) को राय लिने चलन थियो । विशेष गरेर भक्तपुरमा प्रजा पञ्चको बढी स्थान रहेको बुझिन्छ । यसप्रकार मल्लकालमा पनि जनता र प्रशासनमा राम्रो सम्बन्ध रहेको बुझिन्छ ।

सामाजिक अवस्था

मध्यकालमा पनि समाजको मूल आधार वर्ण व्यवस्था नै थियो । लिच्छविकालको "चार वर्ण अठार जात" अब चारवर्ण छत्तिस जातको रूपमा देखा पर्नथाल्यो । फेरि एक जातका अनेक उपजात पनि हुन्थे ।

समाजमा ब्राह्मणको स्थान उच्च थियो । ब्राह्मणहरूले जस्तोसुकै ठूलो अपराध गरे तापनि तिनीहरू मृत्यु दण्डबाट मुक्त थिए । ब्रह्महत्या ठूलो पाप मानिन्थ्यो । राजकाजमा पनि ब्राह्मणहरूको ठूलो प्रभाव हुन्थ्यो। ब्राह्मणपछि क्षेत्रियहरूको स्थान थियो। यिनीहरू राजकुलका थिए । वैश्यहरू व्यापार गर्थे । तर यस कालमा केही वैश्यहरू शासक पनि थिए । यिनीहरूले मन्त्री, सामन्त, राजा तथा महापात्रका रूपमा शासन गरेका थिए । उदाहरणको लागि पलाञ्चोकको रामवर्धन परिवार, नुवाकोटे ठकुरी, कान्तिपुरका महापात्रहरूलाई लिन सकिन्छ। शुद्रवर्गमा पनि अनेक जात थियो । यिनीहरूमा पानी चल्ने र पानी नचल्ने दुई भेद थियो ।

मध्यकालमा पेशाको आधारमा अनेक थरको उत्पत्ति भयो। उदाहरणको लागि मुल्मी, अमात्य, प्रधानाङ्ग, प्रधान आदिलाई लिन सकिन्छ। भारदारलाई बोध गराउने शिष्ट श्रेष्ठ पछि श्रेष्ठ थर बन्न पुग्यो ।

समाजमा जन्मेदेखि मृत्युसम्म गरिने अनेक विधि व्यवहारहरू प्रचलित थिए । ती व्यवहारमा जातकर्म, अन्नप्राशन, व्रतबन्ध, इही (बेलसँग विवाह), विवाह, दीक्षा, भीमरथारोहण अन्त्येष्टिक्रिया आदि प्रमुख थिए । आफ्नो–आफ्नो चलन अनुसार यी विधि व्यवहार गर्नु पर्दथ्यो ।

समाजमा स्त्रीको स्थान पुरुषसरह नभए तापनि त्यति खराब थिएन । पर्दा प्रथाको रिवाज थिएन । पारपाचुके गर्ने चलन थियो । बहुसंख्यक साधारण जनतामा पुनर्विवाह, विधवा विवाह प्रचलित थिए । 'इही प्रथा' ले पनि यसलाई धार्मिक रूपबाट मान्यता दिएको थियो । दाइजो स्त्रीको पेवा हुन्थ्यो । यसरी साधारण जनतामा नारीको स्थान सम्मानपूर्ण भए तापनि उच्चवर्गमा नारीको सम्मान घट्दै गएको देखिन्छ । लिच्छविकालमा बालविवाहको चलन देखिदैन । सती जानुपर्ने पनि अनिवार्य थिएन । तर मध्यकालमा बालविवाहको प्रचलन बढ्दै गयो । बहुविवाहको चलन अप्रत्याशितरूपले बढ्यो । विधवा विवाहमा रोक लाग्यो । सती-प्रथालाई प्रोत्साहन दिइयो । यसरी उच्चजातिमा नारीको सम्मान घट्दै गए तापनि कहिलेकाहीं आइमाई पनि शासन गर्न तम्सिएको देखिन्छ (देवल, देवी, लालमती, योगमती आदि) । यस कालमा डोलाजी प्रथा पनि चलेको देखिन्छ। छोरीको निम्ति बाहीरबाट दुलाहा खोजेर विवाह गरिदिने प्रथालाई डोलाजी प्रथा भनिन्छ । राजल्ल देवीको विवाह यस्तै किसिमबाट भएको थियो । यो प्रथा केही अंशमा साधारण जनतामा पनि प्रचलित थियो ।

मल्लकालीन समाजमा धर्मप्रति आस्था बढाउन तथा अनेक किसिमबाट मनोरञ्जन पुऱ्याउन धेरै प्रकारका चाडपर्व जात्रा आदि प्रचलित थिए । यी चाडपर्वहरूमा यिनीहरू खूब मोजमज्जा तथा आनन्द गरी रमाउँथे । यस आदतले एकातिर नेपाली समाजमा अलि कमजोरी ल्यायो भने अर्कोतिर यसले सांस्कृतिक परम्परालाई जोगाएर राख्यो । प्रमुख चाडपर्वहरूमध्ये सिठी, घण्टाकर्ण, गाईजात्रा, इन्द्रजात्रा, दशैं, तिहार, घोडाजात्रा, भोटोजात्रा, बिस्केटजात्रा आदि प्रमुख छन् । यी चाडपर्वहरूमा जाँड, रक्सी र राँगाको मासु बढी प्रयोग हुन्थ्यो । चाडपर्वबाट मनोरञ्जन गर्नको साथसाथै नाचगानको पनि खूबै प्रचलन थियो । नाचगान प्रदर्शनको निम्ति टोलटोलमा डबली बनेका हुन्थे । मनोरञ्जनको रूपमा शतरञ्ज, त्रिपासा आदिको खेल पनि प्रचलित थियो ।

आर्थिक अवस्था

बहुसंख्यक जनता कृषिमा लागेका थिए । धान, गहुँ, जौ, कोदो, मकै आदिको खेती हुन्थ्यो । उपत्यकाका बाहिर पश्चिमी भेकमा उखूको खेती गरिन्थ्यो । खेतीको विकासका निम्ति बाँध, कुलोको व्यवस्था थियो । मल्लशासकहरूले कुलोको पानी समान रूपबाट वितरण गर्ने नियमहरू बनाएका थिए ।

राजा र राज परिवारका अधीनमा रहेका जग्गालाई राजक्षेत्र भनिन्थ्यो । सरकारी कर्मचारीहरूलाई नगद तलबको सट्टा भूमि जागीरको रूपमा दिइन्थ्यो । आवाद जग्गालाई बिर्ताको रूपमा परिणत गर्ने पनि चलन थियो । गुठी अन्तर्गत पनि जग्गा थिए ।

राज्यको एकाई सानो भएकोले मल्लकालमा स्थायी करहरू धेरै थिएनन् । मल्लकालमा अस्थायी कर बढी उठाउने चलन थियो ।

राजपरिवारको विवाह, व्रतबन्ध आदि विशेष अवसरमा धुरीकर लिने चलन थियो । आवाद नभएका जग्गा बेचेर पनि राजस्व संकलन गर्ने चलन थियो । यस कालमा विदेश व्यापार पनि खास गरेर भारतसँग घट्दै गएको थियो । नेपालले लिच्छविकालमा जस्तो उत्तम ऊनको निकासी गर्न सकेन । यस क्षेत्रमा नेपालको भन्दा काश्मीरको व्यापार बढ्नथाल्यो । नेपालमा उत्पादन हुने भाँडाकुँडा भोटमा निकासी हुन्थ्यो । भारतका सामानहरू पनि भोटमा नेपालको बाटो गरी निकासी गरिन्थ्यो । यसबाट नेपाललाई भन्सार उठ्थ्यो । भोटमा चाँदीको टक पठाएर पनि राजस्व बढाइन्थ्यो । काजी भीम मल्लले भोटमा व्यापारिक कोठीहरू खोलेका थिए । व्यापारको विकासमा कान्तिपुरका राजा महेन्द्र मल्लले भाँडाकुँडा र राम्रा कपडा आदिको निकासी बढाउन विशेष प्रोत्साहन दिएका थिए ।

मध्यकालमा ढलौटका मूर्तिहरू, काष्ठकला, वास्तुकलाको निर्माण गर्नमा नेपालीहरू सिपालु थिए । त्यसैले नेपाली कालिगढको माग विदेशमा थियो । इसाई पादरीहरूले ल्हासामा

नेपाली कलाकारहरूले काम गरिरहेको भन्ने उल्लेख गरेका छन् । जडीबुटी आदिको निकासी-बाट पनि केही आम्दानी हुन्थ्यो । यस्तै गरी कागज, रंग, तेल, उद्योग पनि घरेलुस्तरमा चलेका थिए ।

मल्लकालमा भोटको व्यापारले गर्दा बान्तिपुरको आर्थिक स्थिति राम्रो थियो । त्यसैले महेन्द्र मल्लले सर्वप्रथम चाँदीको मुद्रा प्रचलनमा ल्याए । पछि गएर उपत्यकाका अरू राजा-हरूले पनि चाँदीको टक चलनमा ल्याए । चाँदीको मोहरको साथसाथै सुकी, दाम आदिको पनि प्रचलन चलनथाल्यो ।

यसप्रकार मल्लकालमा नेपालको आर्थिक अवस्था उन्नत थियो । तर मल्ल शासनको अन्त्यतिर नेपालको आर्थिक अवस्था बिग्रनथाल्यो । पृथ्वीनारायण शाहको आर्थिक नाकाबन्दीको नीतिले गर्दा विदेशी व्यापारबाट हुने आय स्रोत घट्नथाल्यो । त्यसैले मल्ल राजाहरूले मिसौटे टक प्रचलनमा ल्याउनथाले । यसले गर्दा मल्ल टकको अवमूल्यन हुनथाल्यो । पृथ्वीनारायण शाहले उपत्यका विजय गरेपछि शुद्ध टक चलन चल्तीमा ल्याएर मुद्रालाई अवमूल्यन हुनबाट रोके ।

धार्मिक अवस्था

मल्लकालको धार्मिक जीवन सहिष्णुतामा आधारित थियो । लिच्छवि राजाहरू जस्तै मल्ल राजाहरू पनि हिन्दू तथा बौद्ध धर्मप्रति समान श्रद्धा तथा आस्था राख्थे । जयस्थिति मल्लले धौपाटनको अभिलेखमा आफूलाई पशुपतिका भक्त भनी लेखाएका छन् भने स्वयम्भूको अभिलेखमा बुद्धप्रति भक्ति देखाएका छन् । बौद्ध मार्गीहरू हिन्दू मन्दिरहरूमा पूजा गर्थे भने हिन्दू धर्मावलम्बीहरू स्तुप र चैत्यको दर्शन गर्थे । मल्ल राजाहरू कोटिहोम, लक्षहोम, सुवर्ण तुलादान गर्नुको साथसाथै देवताको मूर्ति स्थापना गर्न, देवालय बनाउन, पाटीपौवा, धारा आदिको निर्माण गर्नमा दत्तचित्त रहन्थे । त्यसैले यूरोपका पादरीहरूले नेपाल उपत्यकालाई 'मन्दिरै मन्दिरको देश' भन्ने संज्ञा दिएका थिए । राजाहरूले मन्दिर बनाएपछि त्यसको पूजा र जात्राको लागि गुठी राखिदिन्थे ।

यस कालमा तन्त्रशास्त्रहरूको पनि निकै प्रचार भएको थियो । जनता गर्वै सम्प्रदायका देवताहरूको पूजा-आजा गर्दथे । विभाजित मल्ल राजाहरूको समयदेखि उपत्यकामा मुसलमान तथा इसाईहरूको पनि प्रवेश भयो । मुगलमानहरू यहाँ व्यापारी तथा झारफुकेको रूपमा आएका थिए । इसाई पादरीहरूलाई मल्ल राजाहरूले केही धार्मिक सुविधा पनि दिएका थिए । तर पृथ्वीनारायण शाहले तिनीहरूलाई राजनीतिक कारणबाट देश निकाला गरिदिए । मुसलमानहरू व्यापारिक रूपमा बसोबास गरेकाले यिनीहरू अद्यापि छँदैछन् ।

शिक्षा:– मल्लकालीन शिक्षा दुई भागमा बाँड्न सकिन्छ । एक शास्त्रीय शिक्षा, अर्को शिल्पसम्बन्धी व्यावसायिक शिक्षा। शास्त्रीय शिक्षामा वेद, पुराण, धर्मशास्त्र, राजनीतिक शास्त्र, दर्शनशास्त्र, ज्योतिष, आयुर्वेद, तन्त्रशास्त्र आदि पर्दछन् ।

मल्ल राजाहरू आफैं पनि विद्वान् भएकोले यिनीहरूले संस्कृत र नेवारी भाषाको विकासमा ठूलो योगदान दिए । यसकालमा भोजपुरी तथा मैथिलीमा पनि रचना गर्ने चलन थियो । जयस्थिति मल्लकालीन 'मणिक' संस्कृत साहित्यका प्रख्यात विद्वान् थिए । त्यस्तै प्रताप मल्लले बंशमणिलाई आफ्नो राज्यमा संरक्षण दिएका थिए । बही, बहाल शिक्षाका केन्द्र थिए । यहाँ प्रशस्त तिब्बती छात्रहरू बज्रयानको अध्ययन गर्न तथा बौद्ध ग्रन्थहरूको तिब्बती भाषामा उल्था गर्न आउँथे ।

कलाको विकास:– मल्लकालमा ललितकला तथा वास्तुकलाको ठूलो विकास भएको देखिन्छ । त्यसबेला नेपालका शिल्पकारहरूले धातु, काठ तथा हुङ्गामा बुट्टा कुँद्ने काममा निपूणता प्राप्त गरेका थिए । नेपालमा पुराना मन्दिर, घरका ढोका, मन्दिरका द्वार तथा टुँडालहरूमा कुँदिएका बुट्टा र मूर्तिहरू देख्दा त्यसबेलाका शिल्पकारहरू ज्यादै कुशल कालिगढ रहेछन् भन्ने कुराको ज्ञान हुन्छ । हाम्रो नेपालका कलाकारहरूले देश बाहिर पनि प्रसिद्धी पाएका थिए । अरनिकोले भोट र चीनमा पाएको प्रसिद्धी उदाहरणको रूपमा लिन सकिन्छ ।

(वेशयू मडु ह्या)

मल्लकालमा बनेका प्रस्तर मूर्तिहरू जस्तै:– गणेश शिव, विष्णु, सूर्य देवी (भगवती, भैरव

लक्ष्मी, सरस्वती, बुद्धका मूर्तिहरू) र धारामा कुँदेका बुट्टाहरू जतातत पाइन्छन् । यस कालका प्रसिद्ध मूर्तिहरूमा फर्पिङको महिषारसु मर्दिनी (भगवती), बनेपाको सूर्यरथ, भागगाउँ तलाक्षीको विष्णुको मूर्ति, भादगाउँ दरबार चोक नजीकै विद्यालयको ढोकामा रहेको उग्रचण्डी र भैरवका मूर्ति, हाडीगाउँको सरस्वती आदिलाई लिन सकिन्छ । तर कलाको दृष्टिले उत्कृष्ट मूर्तिहरू-मध्येमा हनुमान ढोकाको नरसिंह मूर्ति र महासतल नजीकैको गरूड मूर्ति बडो उत्तमकोटिका मानिएका छन् ।

काठमा बुट्टा हाल्ने काममा पनि नेपाली शिल्पकार ज्यादै सिपालु थिए । त्यस कालको काठका मूर्तिहरू झ्याल ढोका, टुँडालमा कुँदिएका कलापूर्ण बुट्टाहरू हेर्दा नेपाली शिल्पकारहरूको खूबी प्रष्ट देखिन्छ । काष्ठकलाका यस्ता दृष्टान्तहरू प्राचीन मन्दिर तथा दरबारहरूमा जतातत देख्न सकिन्छ । भादगाउँको मयूर झ्याल र काठमाडौंको देशय् मदु झ्याको तारीफ सबैले एक स्वरबाट गरेका छन् ।

मल्लकालमा सबभन्दा बढ्ता धातुका मूर्तिहरू बनाउने काममा विशिष्टता भएको देखिन्छ । नेपाली कलाकारहरूले ढलौट, तामा, पित्तलमा ढालेका मूर्तिहरूको विदेशीहरूले खूब तारीफ गरेका छन् । थी मूर्तिहरूमा बहुमूल्य पत्थरहरू पनि जडिएका हुन्थे । तीनै शहरमा तलेजु मन्दिरका द्वारहरू, भक्तपुर दरबारका सुवर्णद्वार, सुनधाराहरू र मल्ल राजाका शालिकहरू धातुकलाका साधारण नमूनाहरू हुन् । धातुका अरू सामानहरूमध्येमा झारी, पानस, धुपदानी कलस, सुकुन्दा आदि पनि बडो कलात्मक हुन्थे ।

चित्रकलामा पनि यस कालमा उन्नति भएको देखिन्छ । कलाको पक्ष नै धर्म थियो । धर्मसँग सम्बन्धित नभएका कलाकृति यहाँ पाइँदैनन् । हस्तलिखित धार्मिक ग्रन्थहरू र तिनका गातामा देवताका राम्राराम्रा चित्रहरू लेख्ने चलन थियो । देवदेवीका तस्वीर र अन्य बलियो कागजमा वा कपडामा बेरेर सुरक्षित राखिएका तस्वीरलाई "पौवा" भनिन्छ । यस्ता पौवाहरू मल्ल कालमा प्रशस्त लेखिएका थिए । दरबारका भित्ताहरूमा लेखिएका चित्रहरू पनि नमेटिने गरी लेखिएका हुन्थे । गाईजात्राको समयमा प्रत्येक बही र बहालमा देखाइने प्राचीन चित्रहरूले पनि यस कालमा चित्रकलाको क्षेत्रमा भएको विकासको एक झल्को हामीलाई दिन्छ । चित्रकलाको साथसाथै नृत्यकलाको पनि विकास भएको थियो ।

वास्तुकला:– ललितकलाको विकासको साथसाथै भवन निर्माण कलाको पनि विकास भएको थियो । यस क्षेत्रमा मल्लकालमा कुनै नौलो योगदान भएको देखिदैन । लिच्छविकालमा जुन शैलीको विकास भएको थियो, त्यही शैलीलाई नै मल्लकालमा कायम राखियो । लिच्छवि



(तलेजु भवानीको मन्दिर)

शैलीलाई विदेशीहरूले पगोडा शैली भनेका छन् । नेपालमा उच्चकोटिको ढुङ्गा नपाइने भएकोले सबै निर्माण कार्यहरू र मन्दिर, राजदरबार आदि ईंट तथा काठको सम्मिश्रणबाट भएको हुन्थ्यो । त्यसैले यी मन्दिर तथा दरबारको आयु छोटो थियो ।

लिच्छविकालमा बनेका दरबारहरू जस्तै जयस्थिति मल्लकालतिर भादगाउँमा त्रिपुर तथा युथनिष्यम दुई प्रसिद्ध दरबार थिए । दरबारहरू किल्लाका रूपमा बनाइएका थिए । मल्लकालमा बनेका सबैजसो मन्दिरहरू पगोडा शैलीका थिए । यी मन्दिरहरूमध्येमा भादगाउँको प्रसिद्ध न्यातपोल (पाँचतले मन्दिर) दत्तात्रय मन्दिर, पाटनको कुम्भेश्वर मन्दिर,

हनुमानढोकाभित्रको तलेजु मन्दिर, नालाको भगवती, पनौतीको ब्रम्हायणी मन्दिर आदि प्रख्यात छन् ।



(पाटनको महाबौद्ध मन्दिर)

एकै किसिमको निर्माण कार्यबाट बाक्क लागेर होला सिद्धिनरसिंह मल्लले शिखर शैलीको कृष्णमन्दिर निर्माण गर्न लगाए । शिखर शैलीमा बनेको मन्दिरलाई नेपालमा 'ग्रन्थकूट' देवल भन्ने चलन छ । काठको सम्मिश्रण नगरी पक्की ईंटबाट माल बनेको

मन्दिर पाटनको महाबौद्ध मन्दिर हो । यो मन्दिर बौद्ध गयाको ढाँचामा बनाइएको छ । स्तूपहरूमध्ये बौद्धनाथको स्तूप र विहारहरूमध्ये पाटनको हिरण्य महाविहार प्रसिद्ध मानिएको छ ।

यसप्रकार मल्लकालमा ललितकला तथा वास्तुकलाको ठूलो उन्नति भएको थियो ।

प्रश्नहरू

१. मल्लकालमा प्रशासनिक ढाँचा कस्तो थियो ?

२. "नेवारी समाज आज पनि जयस्थिति मल्लले बाँधिएको ढाँचामा आधारित छ" यो भनाई कतिसम्म सत्य छ ?

३. मल्लकालको समृद्ध आर्थिक व्यवस्थाले गर्दा नै पृथ्वीनारायण शाहलाई उपत्यका आक्रमण गर्न लोभ्याएको थियो, के यो कथन साँचो हो ?

४. मल्लकालमा आर्थिक अवस्था राम्रो हुनाका कारणहरू के थिए ?

५. मल्लकालमा नेपालीहरू कुन–कुन धर्म मान्दथे ?

६. मल्लकालमा भएको शिक्षाको प्रगतिबारे एउटा निबन्ध लेख्नुहोस् ।

७. कलाको क्षेत्रमा मल्लकालमा के–कस्तो विकास भएको थियो ? छोटकरीमा वर्णन गर्नुहोस् ।

बाइसे–चौबीसे राज्यहरू

विक्रम सम्वत् बाह्रसयको प्रथम दशकतिर सिजालाई राजधानी बनाई कर्णाली भेकमा एउटा समृद्ध खसमल्ल राज्यको स्थापना भएको थियो । पृथ्वी मल्लको शासनकालमा यसको विस्तार पश्चिममा गढवाल, उत्तरमा तिब्बतको मुर्गे प्रदेश, पूर्वमा गोरखा नुवाकोट र दक्षिणमा तराईको ठूलो भूभाग (कपिलवस्तुको प्रदेशसमेत) सम्म फैलिएको थियो । तर पृथ्वी मल्लका छोरा अभय मल्लपछि यस विशाल राज्यको विघटन हुनथाल्यो र खसमल्लका सामन्तहरूले ठाउँ-ठाउँमा स्वतन्त्र भई राजकाज चलाउन थाले । यही पृष्ठभूमिमा पश्चिमी नेपालमा बाइसे र चौबीसे राज्यहरू खडा हुनगएका हुन् ।

पृथ्वीनारायण शाहबाट नेपालको एकीकरण गर्नुभन्दा अगाडि काठमाडौं उपत्यकका तीन मल्ल राज्यहरूमा विभाजित भएजस्तै काठमाडौं उपत्यकाको पश्चिम गण्डकी क्षेत्रमा चौबीसे साना–ठूला राज्यहरू थिए । यसैकारण तिनलाई सामूहिक रूपमा चौबीसे भन्ने चलन छ । यिनमा पाल्पा, तनहुँ, लमजुङ्ग, गलकोट, पर्वत, नुवाकोट, पैयूँ, गह्रौं, रिसिङ, डोर, गुल्मी, मुसिकोट, इस्मा, प्यूठान, भीरकोट, धुर्कोट, सतहुँ, कास्की आदि थिए ।

गण्डकी क्षेत्रमा चौबीसे राज्य कायम भएजस्तै कर्णाली प्रदेशमा पनि मोटामोटी रूपले बाइस साना–ठूला राज्यहरू थिए । यिनीहरूलाई सामूहिक रूपमा बाइसी राज्य भन्ने चलन थियो । यिनमा जुम्ला, डोटी, जाजरकोट, अछाम, रुकुम, मुसिकोट, रोल्पा, बझाङ, दैलेख आदि प्रमुख थिए ।

बाइसे राज्यहरूमध्ये जुम्ला प्रमुख थियो भने चौबीसेहरूमा पाल्पा शक्तिशाली थियो । आरम्भमा गोरखा राज्यको गणना चौबीसे राज्यमा थिएन । किनकि यो राज्यको जन्म पछि मात्र भएको थियो । बाइसे–चौबीसे राज्यहरूको इतिहास त्यति प्रष्ट छैन । यो राज्यहरूमध्ये पाल्पाको सेनराज्यबाट मात्र केही थाहा हुनसकेको छ ।

पाल्पाली सेनवंश

पाल्पाका मुकुन्दसेन (प्रथम) विजयी तथा पराक्रमी थिए । यिनी रत्न मल्लका समकालीन थिए र रत्न मल्ललाई यिनले सहायता पुऱ्याएका थिए । उनको राज्यको विस्तार पश्चिम गुल्मीदेखि पूर्व कोशीसम्म फैलिएको थियो । यिनले आफ्नो विशाल राज्य आफ्ना छोरा, नाति, भतिजाहरूलाई बाँडिदिए । पछि देवीघाटमा तपस्या गरी जीवन बिताएका हुनाले यिनी मुनि मुकुन्दसेनका नामले प्रख्यात भए । यसरी मुकुन्दसेनले आफ्नो राज्यलाई पाल्पा, बुटवल, तनहुँ,

मकवानपुर राज्यको रूपमा आफ्ना सन्तानहरूलाई दिए। पछि गएर मकवानपुरको राज्य पनि दुई भागमा बाँडियो।

शाही ठकुरी वंश

वि. सं. १५५८ तिर भीरकोटमा जैन खानले ठकुरी वंशको राज्य स्थापना गरेका थिए। यसै वंशका अरू राजकुमारहरूले पछि नुवाकोट, गह्रौं, ढोर, सतहुँ, कास्की, लमजुङ तथा गोरखामा छुट्टाछुट्टै राज्य स्थापना गरे।

पर्वतको मल्ल राज्य

हिजोआजको म्याग्दी, डोल्पा, बाग्लुङ र पर्वत भेकमा 'बम' राजाहरूले वि. सं. १५५७ तिर राज्य खडा गरे। यस वंशका राजाहरूले मल्ल उपाधि लिएकाले तिनलाई पर्वते मल्ल भनिन्छ। एक वंशको एक शाखाले 'समाल' थर लिई गलकोटमा स्वतन्त्र राज्य स्थापना गरेको मानिन्छ।

कोशीक्षेत्रको सेनराज्य

लोहाङ सेनले मकवानपुरदेखि विजयपुरसम्मको इलाका आफ्नो भागमा पाएका थिए। लोहाङ सेनपछि उनका छोरा राघव सेन हरिहर सेन क्रमशः राजा भए। हरिहर सेनले 'हिन्दूपति' को पद्वी लिएका थिए। यिनले कूच विहारकी राजकुमारीसँग विवाह गरेका थिए। हरिहर सेनपछि यो राज्य दुई भागमा बाँडियो। हरिहर सेनका छोरा शुभ सेनले कोशीदेखि पश्चिमको मकवानपुर राज्य पाए। कोशीदेखि पूर्व विजयपुरको राज्य शुभ सेनका भतिजा विधाता इन्द्र सेनले पाए। शुभ सेनपछि मकवानपुरमा माणिक सेन, हेमकर्ण सेन राजा भए। दिग्वन्धन सेन मकवानपुरका अन्तिम राजा थिए। यिनैको शासन कालमा मकवानपुर-माथि गोर्खाले विजय गरयो विजयपुरको राज्य पनि फेरि टुक्रियो र चौदण्डी नामको अर्को राज्य खडा भयो। पृथ्वीनारायण शाहको कालमा विजयपुरका राजा कामराज तत्त सेन थिए। चौदण्डीका राजा कर्ण सेन थिए। यी दुवै राज्यहरूलाई पृथ्वीनारायण शाहले नेपालमा एकीकरण गरे।

यसरी उपत्यकाका विभाजनले गर्दा मल्ल राज्यहरू कमजोर भएजस्तै पाल्पाली राज्यहरू पनि कमजोर भैसकेका थिए। यस्तो नपाल मण्डलको राजनीतिक परिस्थितिमा द्रव्य शाहले गोरखामा स्वतन्त्र राज्य स्थापना गरे। द्रव्य शाहले खडा गरेको यो राज्यको विस्तार सुदृढीकरण राजा राम शाहले गरे। अन्तमा पृथ्वीनारायण शाहको बुद्धिमत्तापूर्ण कारावाईबाट नेपाल राष्ट्रको एकीकरण शुरू भयो।

नेपाल–भारत सम्बन्ध

भारत र चीनबीच अवस्थित नेपाल एउटा प्राचीन मुलुक हो । उत्तरबाट तिब्बती चिनीया जाति र दक्षिणबाट भारतीय जातिको भेंट गर्ने स्थल नै नेपाल भएकोले यस देशको यी दुवै देशहरूसँग अति प्राचीन कालदेखि नै घनिष्ट सम्बन्ध रहेको पाइन्छ ।

किरांतकाल

किरांतहरूको अति प्राचीन कालदेखि नै भारतसँग व्यापारिक सम्बन्ध भएको देखिन्छ । गौतम बुद्धको जन्म नेपाल भूमिमा भएको थियो भने गौतम बुद्धले ज्ञान तथा निर्वाण भारत भूमिमा पाएका थिए । त्यसैले बौद्ध धर्ममा दुवै देशको तमाम आस्था, विश्वास तथा श्रद्धा भएको हामी पाउँछौं । किरांतकालमा नै दक्षिणको समतल भूमिबाट यहाँ विभिन्न गणजातिले स्थायी रूपबाट बसोबास गरेको उदाहरण पाइन्छ । चन्द्रगुप्त मौर्यको शासन कालमा जैन गुरु भद्रबाहु नेपाल आएका थिए भन्ने कुरा जैन ग्रन्थमा उल्लेख गरिएको छ । त्यस्तै चन्द्रगुप्त मौर्यका मन्त्री कौटिल्यले लेखेको 'अर्थशास्त्र पुस्तकमा' नेपाल र भारतबीच व्यापार सम्बन्ध भएको उल्लेख पाइन्छ । सो पुस्तकमा संग्रह गरिने सहायक वस्तुहरूमध्येमा नेपालमा बनेको ऊनी कम्बललाई उत्तरमा र पाटलीपुत्रको बजारमा यसको ठूलो माग रहेको बताइएको छ । यसबाट यस समयमा नेपाल र भारतबीच व्यापारिक तथा राजनीतिक सम्बन्ध भएको प्रष्ट हुन्छ ।

लिच्छविकाल

लिच्छविहरू भारतको वैशालीबाट नेपाल आएका थिए । लिच्छवि कालमा नेपालको इतिहास अन्धकारको युगबाट प्रकाशको युगमा प्रवेश गर्दछ । लिच्छविको आगमन भएपछि मात्र नेपाली समाज र संस्कृतिको झलक प्रष्ट हुनआउँछ । लिच्छविहरूले नै नेपालमा गुप्त-लिपि प्रचलनमा ल्याएका थिए । आज पनि नेपालमा विक्रम सम्वत् चलनचल्तीमा छ । यो सम्वत् कुनै प्रतापी राजा विक्रमादित्यले चलाएका हुन् । यो सम्वत् नेपालमा अद्यापि चलनमा आए बापत नेपाल–भारतबीच रहेको अति प्राचीन कालदेखि मधुर सम्बन्धको प्रतीकको रूपमा लिन सकिन्छ ।

लिच्छवि राजाहरूले भारतका राजाहरूसँग वैवाहिक सम्बन्ध कायम गरी दुवै देशबीच मैत्रीको गाँठोलाई बलियो पारेका थिए । अंशुवर्माले आफ्नी बहिनी भोगदेवीको विवाह भारतका राजा शूर सेनसँग गरिदिएका थिए । नरेन्द्रदेवका छोरा शिवदेव द्वितीयले पनि भारतीय राज-कुमारी वत्सदेवीसँग विवाह गरेका थिए । जयदेव द्वितीयको विवाह कौशल नरेश हर्षदेवकी कन्या राजयतीसँग भएको थियो । यसरी वैवाहिक सम्बन्धद्वारा नेपाल–भारतबीच मैत्री सम्बन्ध दृढतर हुँदै गएको प्रमाण पाइन्छ ।

फेरि तत्कालीन राजनीतिमा नेपाल एउटा शक्तिशाली राष्ट्रको रूपमा देखापर्दछ । नरेन्द्र-देवले ७००० अश्वारोही सेनाका साथ भारतीय सामन्त अरुणाश्वलाई पराजित गरेका थिए भने अरमुडी नाम गरेका नेपाली राजाले काश्मीरका राजा जयापीड विनयादित्यलाई हराएका थिए । यी उदाहरणबाट पनि नेपालले भारतसँग समानस्तरमा मित्रता कायम राखेको थियो भन्ने अनुमान हुन्छ । यसरी लिच्छविकालमा नेपाल र भारतबीच वैवाहिक सम्बन्धको साथै सांस्कृतिक र व्यापारको समेत आदान–प्रदान भएकोले दुवै देशका बीचमा राम्रो सम्बन्ध कायम भएको थियो ।

मल्लकाल

लिच्छविकालदेखि चलिआएको भारत र नेपालबीचको मैत्री सम्बन्ध मल्लकालमा आएर झन् विकसित भयो । लिच्छवि जस्तै मल्लहरूको मूल थलो पनि भारतको समतल भूमि नै थियो । फलत नेपाली संस्कृति, रीतिरिवाज तथा धार्मिक विचार आदिमा मल्लहरूले पनि यथावतै कायम राखे । अझ मल्लकालमा हिन्दू संस्कृतिमा मुसलमानको आक्रमणले गर्दा भारतमा आघात पर्नथाल्यो र भारतकै भूमिमा लुप्त हुनलागेको हिन्दू संस्कृतिलाई नेपालले टेवा (संरक्षण) दियो । हरिसिंहदेव र उनका अनुयायीहरूलाई मल्ल राजाले नेपालमा शरण दिएर परम्परागत मैत्रीको सम्बन्धलाई कायम राखे । एक पटक बङ्गालका सुल्तानले नेपालमा आक्रमण गरे तापनि यसले दुवै देशको पराम्परागत मित्रतामा कुनै फरक आएन ।

नेपाल र भारतमा चलेको संस्कृतिको मूल स्रोत एउटै भएकोले नै नेपालीहरू हिन्दुस्तानमा चार धाम गर्न जान्थे भने भारतीयहरू पनि पशुपति, रामजानकी तीर्थयात्रा गर्न आउँथे । मल्ल राजाहरूले दक्षिण भारतका भट्ट ब्राह्मणलाई पशुपतिको पूजारी बनाए भने जयस्थिति मल्लले भारतीय पण्डितहरूका सहयोगबाट नेपालमा स्थिति बन्देज बाँधे । यस्तै बौद्धहरू पनि दुवैतर्फ तीर्थयात्रा गर्न जान्थे ।

लिच्छवि राजाहरूले जस्तै मल्ल राजाहरूले पनि भारतीय राजाहरूसँग वैवाहिक सम्बन्ध कायम गरेका थिए । मल्ल राजाहरूको समयमा भारतमा मुसलमानी संस्कृतिको जग बस्न थालेकोले यसको केही प्रभाव नेपाली राजाहरूको खानपान, पहिरन तौर तरीकामा पनि देखापर्न थाल्यो ।

तिब्बत र भारतबीचको व्यापार नेपाल भएर चल्ने भएकोले यस कालमा दुवै देशबीच व्यापारको सम्बन्ध पनि खूब विकसित भएको थियो ।

व्यापारकै लोभले मुसलमानहरू यहाँ आउनथाले । भारतमा नेपालका जडीबुटी, ऊनी सामान, नेपाली कागज, औषधीको निम्ति प्रयोग गरिने तामा आदिको ठूलो माग थियो । भारतबाट उत्तम मलमलका कपडा तथा अरू खाद्यपदार्थ नेपाल आउँदथ्यो । यस प्रकार मल्लकालमा पनि नेपाल–भारतको सम्बन्ध सुमधुर र मैत्रीपूर्ण थियो ।

नेपाल–तिब्बत सम्बन्ध

लिच्छविकाल

भारतसँग जस्तै तिब्बतसँग पनि नेपालको सम्बन्ध अति प्राचीन रहेको छ। वंशावलीले तिब्बत–चीनसँग नेपालको सम्बन्ध पौराणिक कालदेखि देखाए तापनि ऐतिहासिक रूपमा नेपालको तिब्बतसँग सम्बन्ध अंशुवर्माको शासन कालदेखि शुरू हुन्छ । अंशुवर्मा तिब्बतका स्रोङ चोङ गम्पोका समकालीन थिए । तिब्बत वृत्तान्त अनुसार यिनले नेपाली राजकुमारी भृकुटीसँग विवाह गरेका थिए । भृकुटीको तिब्बती सांस्कृतिक जीवनमा ठूलो सम्मान छ । यिनी "हरित तारा" भनिएकी छिन् । तिब्बती धार्मिक परम्परामा तारा एउटा प्रमुख देवीको रूपमा मानिन्छ । राजकुमारी भृकुटीको प्रयासले नै तिब्बतको सांस्कृतिक जागरण भयो भन्ने धारणा छ । नेपालबाटै तिब्बतीहरूले लिपि, भाषाज्ञान सिके । तिब्बतसँग अंशुवर्माले विवाह सम्बन्ध गरे कि गरेनन् यो किटान गरेर भन्न नसकिए तापनि व्यापारको निम्ति नेपाल–तिब्बत बाटो यही कालमा खुलेको थियो भन्ने अड्कल गर्न भने सकिन्छ ।

अंशुवर्माको शासन कालमा व्यापारीहरू संघको रूपमा संगठित थिए भने अंशुवर्माको मृत्युको लगत्तैपछि नेपाली राजाले भोटमा शरण लिएको उदाहरण पाइन्छ ।

यसरी व्यापारको निम्ति ओहोरदोहर गर्ने बाटो नखुलेको भए नेपाली राजालाई त्यहाँ राजनीतिक शरण लिन जानसक्ने संभावना हुने थिएन ।

अंशुवर्माको मृत्युपछि नेपालमा गुप्तवंशी सामन्तहरूले शक्ति आफ्नो हातमा पारे । राजा नाममात्रका हुनगए । उदयदेव भागेर तिब्बतमा शरण लिन पुगे। उदयदेव तिब्बतमा नै मरे । उनका छोरा नरेन्द्रदेवले तिब्बतको सहायताबाट गुप्तहरूको एकाधिकार खतम पारेर नेपालमा फेरि लिच्छविको एकछत्र राज्य कायम गरे।

तिब्बत मार्फत नेपालको चीनसँग पनि सम्बन्ध भयो। चीनियाँ सम्राटले आफ्नो राजदूत हर्षवर्द्धनको दरबारमा पठाउँदा नेपालको बाटो गरी पठाएका थिए । यस्ता दुई प्रतिनिधि मण्डलको उल्लेख नरेन्द्रदेवको शासनकालमा भएको पाइन्छ । पहिलो प्रतिनिधि मण्डलको नेता लि–पियाओ (Li–y–Piao) थिए। यिनलाई नरेन्द्रदेवले आफ्नो राज्यमा वि. सं. ७०० तिर स्वागत गरेका थिए । अर्को प्रतिनिधिमण्डलका नेता ली वांगहियुन शे थिए। यिनको भ्रमण वि. सं. ७०४–७०५ तिर भएको थियो । यस प्रतिनिधि मण्डलका सदस्यहरूलाई हर्षवर्द्धनको एउटा सामन्त अरुणाश्वले लुटेको थियो । वाङ बडो मुस्किलले ज्यान बचाएर नेपाल फर्कन सफल भयो । चीनको अनुरोधमा तिब्बतले एउटा सेना वाङको अपमानको बदला लिन र अरुणाश्वलाई दण्ड दिन नेपालको बाटो गरी भारतमा पठायो । नरेन्द्रदेवले ७००० अश्वारोही सेनाबाट मद्दत दिए । बाटो तथा रसद् पानीको व्यवस्था गरिदिए । यो संयुक्त सेनाले अरुणाश्वलाई हरायो र उसलाई कैद गरी चीन पठायो । राजा नरेन्द्रदेवले वि. सं. ७०८ तिर नेपाली दूतमण्डल चीनियाँ राजाकहाँ पठाएका थिए ।

यसरी नरेन्द्रदेवको शासन कालमा नेपाल तिब्बत–चीनसँग मैत्रीसम्बन्ध रहनुको साथ-साथै अन्तरराष्ट्रिय राजनीतिमा पनि नरेन्द्रदेवको महत्त्वपूर्ण स्थान रहेको देखिन्छ ।

मल्लकाल

मल्लकालमा पनि नेपालको तिब्बत र चीनसँग घनिष्ट सम्बन्ध भएको पाइन्छ । राजा जयभीमदेवको शासनकालमा नेपाली कलाकारहरूको एक दल अरनिकोको नेतृत्वमा तिब्बत र चीन गएको थियो । यस दलले तिब्बतको चैत्य निर्माण कार्य सकिएपछि बौद्ध लामाका साथ चीन सम्राट कुवलाय खाँको दरबारमा गएको थियो । सम्राटले उसको कार्यबाट प्रभावित भएर उसलाई दरबारमा स्थायी रूपबाट जागीर दिएका थिए । पेकिङको सेतो पैगोडा अरनिकोको अमर कृतिमा आज पनि खडा छ ।

मल्लकालमा तिब्बतसँग नेपालको प्रशस्त व्यापारिक सम्बन्ध बढ्नगयो । महेन्द्र मल्लले तिब्बतको निम्ति टक छाप्ने अधिकार पाए । काजी भीम मल्लले तिब्बतसँग व्यापार विस्तार गर्न कैयौं कोठी खोलेका थिए । उनले तिब्बतसँग एउटा व्यावसायिक सन्धि पनि गरे । यस सन्धि अनुसार नेपाली व्यापारीहरूले प्रशस्त सुविधा पाएका थिए । तिब्बतसँग व्यापार गर्ने दुई प्रमुख व्यापारिक केन्द्र कुती र केरुङमा पनि नेपाली राजाहरूको अधिकार थियो । तिब्बत-सँगको व्यापारमा प्रशस्त आर्थिक लाभ हुने हुनाले नै विभाजित उपत्यकाका मल्ल राजाहरूमा यस व्यापारको निम्ति प्रतिस्पर्धा चल्यो । यसताका तिब्बत यात्रा गर्ने इसाई पादरीहरूले भोटमा धेरै संख्यामा नेपाली कालीगढहरू काममा लागेका थिए भन्ने आफ्नो यात्रा वर्णनमा गरेका छन् ।

पृथ्वीनारायण शाहको आर्थिक नाकाबन्दी नीतिले गर्दा मल्ल राजाहरूको आर्थिक स्थिति कमजोर हुनथाल्यो । फलतः यिनीहरूले घटिया टक प्रचलनमा ल्याए । यही घटिया टकले गर्दा बहादुर शाहको नायबी कालमा परम्परादेखिको सुमधुर सम्बन्ध विग्रन गयो र नेपाल-तिब्बतबीच लडाईं हुनगयो ।

प्रश्नहरू

१. "शान्ति र मैत्री" नेपालको परम्परागत नीति हो । यस सन्दर्भमा नेपालको किराँतकाल-देखि लिच्छविकालसम्म भारतसँग भएको सम्बन्धको छोटकरीमा बयान गर्नुहोस् ।

२. "लिच्छविकालमा स्थापना भएको भारतसँगको मैत्री सम्बन्ध मल्लकालमा झन् विकसित भयो" यस भनाइमा के तपाईं सहमत हुनुहुन्छ ?

३. नेपालको भोटसँग सम्बन्ध विस्तार सबभन्दा पहिले कसले गरे ? यस सम्बन्धमा नेपाल र भोटलाई के कस्तो फाइदा भएको थियो ?

४. "भोट र नेपालको सम्बन्धले गर्दा मल्लकालमा नेपालको आर्थिक अवस्था राम्रो भएको हो" यो कुरालाई पुष्टि गर्नुहोस् ।

५. मल्लकालमा नेपालको आर्थिक विकासमा महेन्द्र मल्ल, काजी भीम मल्लको कस्तो योगदान थियो ? संक्षिप्त वर्णन गर्नुहोस् ।

नेपाल राज्यको एकीकरण

शाहवंश

आजभन्दा २०० वर्षअघि वर्तमान नेपालको भूभाग कतिपय स्वतन्त्र राज्यहरूमा विभाजित थियो । यी राज्यहरू परस्परमा झगडा गरिरहन्थे । तथा यिनका झगडाले गर्दा साधारण रैतीको उन्नतिमा ठूलो बाधा उपस्थित भएको थियो । यी परस्पर विरोधी राज्यहरूलाई राष्ट्रियताको सूत्रमा बाँध्ने श्रेय गोरखा राज्यलाई छ । गोरखा नेपाल उपत्यकाको ९१ किलोमिटर पश्चिममा पर्ने एउटा सानो शाह ठकुरीवंशको राज्य थियो । यस राज्यको स्थापना द्रव्य शाहले गरेका थिए भने राम शाहले आफ्ना कतिपय सुधारहरूबाट यसलाई बाइसे-चौबीसे राज्यहरूबीच एउटा आदर्श राज्य बनाएका थिए । त्यसैले जर्मनीको एकीकरण प्रशाको नेतृत्वमा भएजस्तै नेपालको एकीकरण गोरखा राज्यको नेतृत्वमा हुनसक्यो ।

द्रव्य शाह (वि. सं. १६१६–१६२७)

द्रव्य शाह लमजुङ्गका राजा यशोब्रह्म शाहका कान्छा छोरा थिए । यिनी एउटा कुशल, बीर र महत्त्वाकांक्षी युवराज थिए । त्यस समयमा गोरखामा खड्का जातिको राज्य थियो । गोरखाका ब्राह्मण छेत्रीहरू खड्काको राज्य मनपराउँदैनथे । त्यसैले उनीहरूमध्ये छ थर (पन्त, पाँडे, खनाल, बोहरा, राना, अर्याल) ले द्रव्य शाहलाई गोरखामा आक्रमण गर्न उक्साए र मद्दत दिने पनि प्रतिज्ञा गरे । यही आश्वासन पाएर द्रव्य शाहले पहिले लिगलिगमा पछि गोरखामा अधिकार गरे । उनले गोरखा विजय गरेको दिन भाद्र कृष्णाष्टमी बुधवार वि. सं. १६१६ मानिएको छ । गोरखा विजय गरेपछि द्रव्य शाहले सिरानचौक र अजीरगढ विजय गरे । गोरखाको स्वतन्त्रताको स्थापना दाजु नरहरि शाहलाई मनपरेको थिएन । राजमातालै भाइभाइमा कलह नहोस् भन्ने हेतुले आफ्नो स्तनबाट दूधको धारा बगाई चेपे नदीलाई दुवै राज्यको साँध किटे तापनि आमाको मृत्युपछि नरहरि शाहले छलकपटद्वारा द्रव्य शाहलाई कैद गर्ने षडयन्त्र रचे । तर चलाक द्रव्य शाहले षडयन्त्र थाहा पाई आफ्नो ज्यान जोगाए ।

द्रव्य शाहपछि पूर्ण शाह (वि. सं. १६२७-१६६२), छत्र शाह (७ महिना) र राम शाह (वि. सं. १६६३-१६९३) राजा भए ।

राम शाह (वि. सं. १६६३-१६९३)

छत्र शाह निःसन्तान भई मरेका हुनाले शेषपछि उनका भाइ राम शाह २० वर्षको उमेरमा राजा भए । यिनले आफ्नो राज्यको विस्तार पूर्व दक्षिण र उत्तरतर्फ गरे । पूर्वतर्फ उनको राज्य त्रिशूलीसम्म भएको थियो, उत्तर केरुङको विजयले गर्दा व्यापारको विस्तार बढ्दै

गयो । दक्षिणमा महाभारतको डाँडोसम्म पुग्यो । पश्चिम मर्स्याङ्दीदेखि पूर्व त्रिशूलीसम्म उनको राज्यको विस्तार एक हजार माइलसम्म थियो। सिद्धिनरसिंहका समकालीन थिए । उनको शासन कालमा पाटन र गोरखाका बीच व्यापारको विस्तार भयो र केही पाटनका व्यापारी-हरूले गोर्खामा स्थायी रूपले बसोबास पनि गरे । राम शाह आफ्नो समयका प्रतापी राजा मात्र नभई एउटा सफल प्रशासक तथा सुधारक राजा पनि थिए । उनले चलाएका कतिपय नियमहरू बाइसे–चौबीसे राज्यहरूले पनि आफ्नो राज्यमा लागू गरे । यिनका यी सुधारहरूले गर्दा नै "निसाफ हराए गोर्खा जानू, विद्या हराए काशी जानू" भन्ने कथन अद्यापि चलनचल्तीमा छ । यिनको शासनकाल गोरखाको इतिहासमा सुधारको निम्ति प्रख्यात छ ।

सुधारहरू

१. सार्वजनिक स्थल जस्तैः– मन्दिर, बाटोघाटो, गौचर आदि मास्नेलाई ५।– रूपैयाँ दण्ड गर्ने ।
२. गाउँका सानातिना मुद्दाहरू पञ्चायतको माध्यमबाट निर्णय गर्ने ।
३. ब्राह्मण, राजाका नातेदार, सन्तमहन्त, साधु आदिलाई प्राण दण्डबाट मुक्त राख्ने ।
४. बोक्सीहरूलाई गाउँको सीमाना बाहिर निकाल्ने ।
५. कुलोको पानी रोपाइँको समयमा पालैसँग छाड्ने । यसमा कुनै किसिमको भेदभाव हुन नदिने ।
६. सम्पूर्ण जग्गामाथि राजाका स्वामित्व रहने । तर जग्गा धर्नीले बेचबिखन गर्न भने पाउने ।
७. बिर्ता जग्गामा उपज १।४ कूत लाग्ने ।
८. माना, पाथी, मुरीको रूपमा निश्चित नाप्ने भाँडो चलनमा ल्याउने ।
९. तौलमा दश लालको एक मासा, दस मासाको एक तौल, अठार तौलको एक पला, सत्ताइस तौलको एक बीडी, चार बीडीको १ बिसौली, दुई बिसौलीको १ धार्नी निर्धारित गरियो ।
१०. व्याजको दरमा नगदमा १० प्रतिशत जिन्सीमा २५ प्रतिशत लिने ।
११. नगदमा ऋणको दोब्बर जिन्सीमा तेब्बर ऋणको ब्याज लिन नपाइने ।
१२. परती जग्गा आवाद गरेमा ३, ४ वर्षलाई पोत माफी गर्ने ।

शासनमा राजालाई मद्दत गर्ने प्रमुख अधिकारी चौतरिया कहलाउँथे । यिनी राजाका निकटतम सम्बन्धी हुन्थे । उनीभन्दा मुनि खजान्ची, डिठ्ठा, विचारी (अदालतको हाकिम), कारदार (राजाको लुगा र भान्छा हेर्ने), खरीदार (सरकारी रेकर्ड र वैदेशिक मामला हेर्ने), काजी (सेनाको हाकिम), धर्माधिकार (राजाको धार्मिक सल्लाहकार तथा फौजदारी अड्डाको हाकिम) यी महत्त्वपूर्ण पदहरू पाण्डे, पन्त, अर्याल, खनाल, राना, बोहरालाई मात्र दिने परम्परा थियो ।

राम शाहभन्दा अघि यी नियमहरू नभएका होइनन् । राम शाहले यी नियमहरूमा देखापरेका त्रुटिहरू हटाएर यसलाई दृढता प्रदान गरेकोले उनको प्रसिद्धि चलेको हो । मुद्रासम्बन्धी कुनै पनि नीतिको उल्लेख नभएकोले संभवतः मल्ल राजाहरूकै मुद्राबाट लेनदेनको कारोबार चल्दथ्यो ।

राम शाहका उत्तराधिकारीहरू

राम शाहपछि गोरखामा डम्बर शाह (वि. सं. १६९३-९९) कृष्ण शाह (वि.सं.१७००-१७१२), रुद्र शाह (वि. सं. १७१२-१७२४), पृथ्वीपति शाह (वि.सं. १७२४-१७७३) क्रमशः राजा भए ।

पृथ्वीपति शाहको शासनकलामा लमजुङले चेपेदेखि दरौंदीसम्मको इलाकामाथि अधिकार गरयो । तर यी प्रदेशहरू रणदुल शाहको चलाकीबाट फेरि गोरखा अन्तर्गत ल्याइयो । पृथ्वीपति शाहपछि नरभूपाल शाह वि.सं. (१७७३-९९) राजा भए । यिनी वीरभद्र शाहका छोरा पृथ्वीपतिका नाति थिए ।

नरभूपाल शाह (वि. सं. १७७३–९९)

नरभूपाल शाह महत्त्वाकांक्षी र शूरा थिए । यिनले वाग्मती उपत्यकालाई लक्ष्य गर्दै पूर्वतर्फ विस्तार गर्ने विचार गरेर वि. सं. १७९४ मा नुवाकोटमा आक्रमण गरे । तर यस आक्रमणमा गोर्खालीहरूको नराम्रोसँग पराजय भयो । उनीहरू पछि हट्न बाध्य भए । यस पराजयको सारा दोष मगर सरदार जयन्त रानामाथि लगाइयो । उनी काजी पदबाट खोसिए । मिथ्या दोषारोपण सहन नसकी यिनी जयप्रकाश मल्लको सेवामा जान बाध्य भए ।

नुवाकोटको हारले महत्त्वाकांक्षी नरभूपाल शाहको मनमा ठूलो प्रतिक्रिया उत्पन्न भयो । उनी राजकाजदेखि विरक्त भई रहनथाले । फलतः उनको नाममा जेठी रानी चन्द्रप्रभावती र युवराजाधिराज पृथ्वीनारायण शाहले राजकाज चलाउन थाले । नरभूपाल शाहका चार रानीहरू थिए । जेठी रानी काञ्चीकी राजकुमारी चन्द्रप्रभावती, माहिली रानी पाल्पाकी राजकुमारी कौशल्यावती, साहिली रानी पर्वतकी राजकुमारी बुद्धिमती र कान्छी रानी तनहुँकी राजकुमारी सुभद्रावती थिइन् । कौशल्यावतीको गर्भबाट पृथ्वीनारायण शाह र दलमर्दन शाह जन्मेका थिए । बुद्धिमतीको गर्भबाट शूरप्रताप शाह र सुभद्रावतीको गर्भबाट महोद्धामकीर्ति शाह र दलजीत शाह जन्मेका थिए ।

नरभूपाल शाहको मृत्यु भएपछि पृथ्वीनारायण शाह गोरखाका राजा भए ।

प्रश्नहरू

१. वि. सं. १८२५ भन्दा अघि नेपालको राजनीतिक अवस्था कस्तो थियो ?
२. गोरखा राज्यका संस्थापक को हुन् ? यिनले कसरी गोरखामा शाहवंशको स्थापना गरे ?
३. गोरखाको इतिहासमा राम शाहको महत्त्वको चर्चा गर्नुहोस् ।
४. "पश्चिमका राज्यहरूमध्येमा गोरखाको राज्य एउटा आदर्शको राज्य थियो" राम शाहको सन्दर्भमा यस कथनको पुष्टि गर्नुहोस् ।
५. "राम शाह गोरखाका जयस्थिति मल्ल हुन्" के यो कथन साँचो हो ?
६. राम शाहको प्रशासनिक नीति कस्तो थियो ?

श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह
(वि.सं. १७९९–१८३१)

नेपालको इतिहासमा पृथ्वीनारायण शाहको अद्वितीय स्थान छ। छरिएका मोतीका दानाहरूलाई धागोमा गाँसेर एउटा सुन्दर मोतीको माला बनाएजस्तै उनले पनि कतिपय सानासाना एकाइमा बाँडिएको नेपाल मण्डलका राज्यहरूलाई राष्ट्रियतारूपी धागोमा गाँसेर एउटा शक्तिशाली राष्ट्रिय अधिराज्यको स्थापना गर्ने कार्यको शुरूवात गरे ।

बाल्यजीवन

पृथ्वीनारायण शाहको जन्म कौशल्यावतीको गर्भबाट पौष २७, १७७९ वि.सं. मा भएको थियो । यिनी पाँच भाइहरूमध्येमा सबभन्दा जेठा थिए । अरू भाइहरूमा क्रमशः

महोद्दाम कीर्ति शाह, दलमर्दन शाह, दलजीत शाह, शूरप्रताप शाह थिए। मोक्षेश्वर जोशी र भानु जोशीको रेखदेखमा यिनको प्रारम्भिक शिक्षा शुरू भए तापनि यिनमा खेलकूद, पौडी, तलवार, बन्दूक, कुश्ती आदिमा बढ्ता रुचि थियो । महाराष्ट्रको शिवाजी भोसलेले जस्तै एउटा आदर्श हिन्दू राजाका गुणहरू आफ्नी जेठी आमा चन्द्रप्रभावतीबाट उनले सिकेका थिए । भारतमा हिन्दूधर्म र संस्कृतिको नाश भएकोले नेपालमा यसको रक्षा गर्ने पाठ यिनले चन्द्रप्रभावतीबाट पाएका थिए। त्यसैले उमेर बढेर गएपछि यिनले यी आदर्शहरूको रक्षा गर्ने एउटा दृढ इच्छा र शक्तिको विकास आफूमा गरे ।

युवराज पृथ्वीनारायण शाह १४ वर्षको भएपछि यिनको विवाहको कुरा चलाइयो । त्यस समय मकवानपुर निकै सम्पन्न र सबल राज्य थियो । प्रथम पृथ्वीनारायण शाहको विवाह मकवानपुरकी राजकुमारीसँग भयो । यस विवाहमा केही खिचलो उठेकोले यिनको दोस्रो विवाह काशीका राजपूत अभिमान सिंहकी छोरी नरेन्द्रदेवीसँग भयो ।

वि.सं. १७९६ मा राजप्रतिनिधि भै यिनले काम गरे र शासनको व्यावहारिक पक्षमा आफ्नो अनुभव बढाए । पूर्वतर्फ राज्य बढाउने र पश्चिमतर्फबाट आफ्नो राज्यको रक्षा गर्ने यही गोरखाको परम्परागत वैदेशिक नीति थियो। यही नीति अनुरूप यिनले कालु पाँडेको सहायताबाट लमजुङसँग स्थायी मित्रता कायम गरे । भक्तपुरमा केही समय बसेर काठमाडौं उपत्यकाको विभाजित राजनीतिक अवस्थाको अध्ययन गरेर संगठित रूपमा काम गर्न सके उपत्यकाको विजय गर्न सकिन्छ भन्ने निष्कर्षमा यिनी पुगे ।

राज्यारोहण

वि.स १७९९ मा पिताको स्वर्गारोहण भएपछि यिनी गोरखाको राजगद्दीमा बसे । गोरखाको राजगद्दीमा बस्नासाथ यिनले आफ्नो शरीर र मनलाई नुवाकोटको विजय गरी आफ्ना पिताको अपमानको बदला लिने अठोट गरे । दक्षिणको प्रवेशद्वार मकवानपुर भएजस्तै पश्चिमको प्रवेशद्वार नुवाकोट थियो । नुवाकोट काठमाडौंको अन्न भण्डारमात्र नभई भोटको ओहोरदोहोर गर्ने केरुङ घाटी पनि यहीं पर्दथ्यो । तर नुवाकोट विजय गर्नमा उनले दुई कुराको कमी पाए । (१) आधुनिक किसिमको हातहतियारको कमी । (२) प्रशिक्षित सेनाको अभाव । यी दुई चीजको पूर्ति गर्न उनी गद्दीमा बस्नासाथ काशी यात्रातर्फ लागे । प्रत्यक्षरूपबाट काशी यात्राको उद्देश्य धार्मिक भए तापनि परोक्षरूपमा राजनीतिक थियो। काशीबाट आवश्यक भरुवा बन्दूक किनेर उनी गोरखपुरको बाटो गरी बुटवल, पाल्पा हुँदै गोरखा फर्के । उनले बन्दूक चलाउने आवश्यक शिक्षा दिन शेख जबर, मोहम्मद ताकी तथा भेख सिंहलाई पनि गोरखा स्याएका थिए । गोरखाका सबै १६ देखि ३० वर्षका युवकलाई आवश्यक तालीम दिइयो । सेनाको खर्चको निम्ति सबैसँग आफ्नो गच्छे अनुसार अन्न, पैसा कपडाको रूपमा

सहयोग गर्न अनुरोध गरियो । सबैले आफ्नो गच्छे अनुसार यस पुनीत कार्यमा सकेको योगदान दिए । स्वयं राजमाताले आफ्नो हातले लडाईंमा जाने सेनालाई च्यूरा तथा अरू खाद्यपदार्थ दिइन् । यसप्रकार नयाँ नेपालको निर्माणमा गोरखाका प्रत्येक परिवारले योगदान दिएका थिए।

नुवाकोटमा आक्रमण (वि. सं. १८०१)

आवश्यक सैनिक तयारी पूरा भयो। १७९६ वि.सं. को गुप्तमैत्री सन्धिले लमजुङ्गबाट कुनै डर थिएन । रणजीत मल्ललाई साँखु र चाँगु कान्तिपुरबाट दिलाई दिने भनेर चुप गराए। ललितपुर आफ्नै गृहकलहमा फसेकोले जयप्रकाशलाई मद्दत देला भन्ने आशा थिएन ।

जयप्रकाश मल्लले नुवाकोटको हाकीममा जयन्त रानालाई नियुक्त गरेका थिए । यिनी पहिले गोरखाको सेनामा थिए । नरभूपाल शाहको समयमा नुवाकोटको पराजय यिनकै कमजोरीले भएको भन्ने आरोपमा खोसिएका थिए । मिथ्या आरोपले यिनी विरक्त भई जयप्रकाशको सेवामा गए । पृथ्वीनारायण शाहले यिनलाई आफूतर्फ मिलाउन असफल प्रयास पनि गरे । जयन्त रानाको योग्यताबाट प्रभावित भएर नै पृथ्वीनारायण शाहले यिनी नुवाकोटमा नभएको अवसरमा नुवाकोट आक्रमण गर्ने विचार गरे । जयन्त राना काठमाडौं गएको मौका छोपी आश्विन १५ गते (वि. सं. १८०१) मा गोर्खालीले नुवाकोटमा आक्रमण गरयो । जयन्तको छोरा शेखमणि रानाले बडा बहादुरीका साथ लडे तापनि शेखमणिको पराजय भयो । शेखमणि मारिए । नुवाकोटका सेना भागेर दुई कोश दक्षिण पर्ने बेलकोटमा पुगे । जयन्त रानाले छोरा मरेको खबर पाउनासाथ काठमाडौंबाट बेलकोट आएर आफ्नो स्थिति मजबूत पारे । पृथ्वीनारायण शाहले बेलकोटमा आक्रमण गरे । कालु पाँडेको सामयिक मद्दतले गर्दा पृथ्वीनारायण शाहको विजय भयो । जयन्त समातिए र मारिए । नुवाकोट उकास्न जयप्रकाश मल्लले काशीराम थापालाई पठाए । तर उनी पनि असफल भए ।

नुवाकोटको विजयपछि पृथ्वीनारायण शाहको ध्यान नालादूमतर्फ गयो । पूर्वबाट उपत्यका पस्ने डोकाको रूपमा नालादूमको महत्व थियो । शिवराम सिंह बस्नेतले नालादूममा महादेव पोखरीमाथि विजय गरे । नालादूमपछि यिनले साँखु र चाँगुमाथि अधिकार गरे । यी प्रदेशहरू पूर्व शर्त बमोजिम पृथ्वीनारायण शाहले भादगाउँलाई दिए तर सैनिक नियन्त्रण चाहिं पृथ्वीनारायण शाहले आफैंमा राखे ।

त्यहीताका कान्तिपुरमा भारदारहरूले जयप्रकाश मल्लका बालक छोरा ज्योतिप्रकाशलाई गद्दीमा राखे । कान्तिपुरका मन्त्री तौढिकले परशुराम थापालाई "जयप्रकाशसँग बदला लिई सकियो, अब पृथ्वीनारायण शाहलाई मद्दत नगर्नू" भनी पत्र पठाए । परशुराम थापा तटस्थ भइदिएकोले कान्तिपुरको नालादूम, साँखु, चाँगु आदि फेरि फिर्ता लिए । त्यसबेला पृथ्वीनारायण शाह ललितपुर अन्तर्गत रहेको लामीडाँडा कब्जा गर्न व्यस्त भएकोले उनले साँखु, चाँगुतिर

ध्यान दिन सकेनन् । तर केही वर्षपछि वि. सं. १८११ मा यिनले भक्तपुरसँग सम्बन्ध नराखी नालादूम, महादेव पोखरी आदि फेरि जिते । यही वर्ष उनले तुलाराम पाण्डेको नेतृत्वमा फौज पठाई दोलखा विजय गरे ।

लामीडाँडाको पतनले तनहुँसँग उपत्यकाको सम्बन्ध टूट्यो भने दहचोकको विजयले लमजुङ्गको उपत्यकासँगको सम्बन्ध विच्छेद भयो । फलतः लमजुङ्ग, पर्वत, तनहुँले मिलेर गोरखाको दश माइल उत्तर–पश्चिम पर्ने सिह्रानचोकमाथि आक्रमण गरे । तर यस आक्रमण-लाई कालु पाण्डेले विफल पारिदिए । यस विजयबाट प्रभावित भएर पृथ्वीनारायण शाहले चितलाङ्ग, कुलेखानी विजय गरी फर्पिङ्गसम्म पुगे ।

कीर्तिपुरको आक्रमण (१८१४)

यसरी उपत्यकाको चारैतर्फ नाकाबन्दी गरेपछि पृथ्वीनारायण शाहले कीर्तिपुरमाथि आक्रमण गर्ने योजना बनाए । कीर्तिपुरमाथि आक्रमण गर्दा उपत्यकाका राजाहरू सशंकित हुने डरले पृथ्वीनारायण शाहको विश्वासी सेनापति कालु पाण्डेले यति चाँडै हतार नगर्ने सल्लाह दिएका थिए । तर सल्लाहको वास्ता गरिएन । पृथ्वीनारायण शाहले कालु पाँडेको राजभक्तिमा पनि शङ्का गर्दै भने "तँ लडाईंमा मर्न गाह्रो मान्दो रहिछस् ।" फलतः कालु पाँडेले झुक्नु-पर्‍यो । अनुमान गरे अनुसार कीर्तिपुरको लडाईंमा काठमाडौं र भादगाउँले पाटनको सहायता गरे। फलतः यस लडाईंमा गोर्खालीको हार भयो । कालु पाँडेको ज्यान गयो। पृथ्वीनारायण शाह पनि बडो मुश्किलले आफ्नो ज्यान जोगाएर बेलकोट आए। त्यहाँपछि नुवाकोट पुगे। दुई वर्षसम्म उनले शक्तिसंचय गर्नमा लगाए । यसपछि उनले शिवपुरीमाथि वि. सं. १८१६ मा अधिकार गरे । वि. सं. १८१६ मा काभ्रेपलाञ्चोक पनि अधिकार गरे ।

मकवानपुरको विजय (विः सं. १८१९)

काठमाडौंमा पूर्णरूपले आर्थिक घेराउ गर्न मकवानपुर विजय गर्नु जरूरी थियो । पृथ्वी-नारायण शाहको सम्बन्ध मकवानपुरसँग मैत्रीपूर्ण थिएन । हेमकर्ण सेनको मृत्युपछि दिग्बन्धन सेन मकवानपुरका राजा भएका थिए । यिनको र पृथ्वीनारायण शाहको बीच शत्रुता थियो। वि. सं. १८१९ मा महोद्दामकीर्ति शाह, दलजीत शाह, वंशराज पाण्डे, कनकसिंह बस्नेतको नेतृत्वमा मकवानपुरमाथि आक्रमण गरियो । दिग्बन्धन सेन र उनका मन्त्री कनकसिंह बनियाँ भागेर हरिहरपुर गढीतर्फ लागे। तर हरिहरपुरमाथि पनि गोर्खालीको विजय भयो। मकवानपुर विजयले उनको सीमानाको विस्तार बिहारको कम्पनी राज्यसम्म पुग्नुको साथै आर्थिक र सामाजिक शक्तिमा पनि वृद्धि भयो । दुई वर्षभित्रमा उनले धुलीखेल, बनेपा, पनौतीमा अधिकार गरे । वि.सं. १८२०मा बंगालका नवाब मीरकाशीमले गूर्गीन खाँको नेतृत्वमा पृथ्वीनारायण शाहको विरुद्ध सेना पठाए। तर मुसलमानी सेनाको पहाडको लडाईंमा कुनै जोर चलेन । मुसलमानतर्फ झण्डै १७०० सेना हताहत भए । धेरै मात्रामा बन्दूक तथा तोप गोर्खालीको हात परयो ।

दोस्रो आक्रमण (विः सं. १८२१)

शूरप्रतापको नेतृत्वमा कीर्तिपुरमाथि आक्रमण गर्न सेना पठाइयो । कीर्तिपुरेहरूको पराक्रमको अगाडि यस पटक पनि गोर्खाली टिक्न सकेनन् । भरघाङ लगाई पर्खाल नाघेर कीर्तिपुरभित्र आक्रमण गर्न खोज्दा शूरप्रतापको देब्रे आँखामा बाण लाग्यो, दलजित शाह घाइते भए । गोर्खालीले भागेर ज्यान बचाउनुपरयो ।

तेस्रो आक्रमण (वि. सं. १८२२)

कीर्तिपुरको लडाईंमा दुई–दुई पटक हार खाए तापनि पृथ्वीनारायण शाह निराश भएनन् । तेस्रो पटक कीर्तिपुर आक्रमण गर्ने योजना बनाइयो । कीर्तिपुरमा चारैतिरबाट घेरा हालियो । घेराबन्दीले कीर्तिपुरवासीलाई ठूलो दुःख र यातना सहनुपरयो । कीर्तिपुरलाई आममाफी दिने आश्वासन भएपछि कीर्तिपुरेहरूले आत्मसमर्पण गरे ।

कप्तान किनलोकको आक्रमण (वि. सं. १८२४)

चारैतर्फबाट निराश भएपछि जय प्रकाश मल्लले आखिर अंग्रेजको शरण लिने विचार गरे । उनले आफ्नो प्रतिनिधि फकीर रामदासलाई बेतिया पठाए । कम्पनी सरकारले मौकाको फाइदा उठाउने विचार गरयो । व्यापारको विस्तार गर्ने योभन्दा राम्रो मौका कम्पनी सरकारले देखेन । इसाई पादरीहरूले पनि तुरुन्तै सहायता दिनुपर्छ भन्ने शिफारिश गरे । फलतः कप्तान किनलोकको नेतृत्वमा एउटा सेना पठाइयो । यो सेनालाई आवश्यक रसद र बाटोघाटोको सुविधा दिने आश्वासन जयप्रकाशले दिए । तर कम्पनीको सेनालाई काठमाडौं पुग्न नदिने र पहाडभित्र घेर्ने विचारले पृथ्वीनारायण शाहले वंशराज गुरुङलाई पठाए । सिंधुली गढीमा घेरी वंशराजले कम्पनीको सेनामाथि आक्रमण गरयो । पहाडी लडाईंको अनुभव नभएकोले कम्पनी सेनाको नराम्रोसँग पराजय भयो ।

जयप्रकाशको पतन

कम्पनी सेनाको हार भएपछि कप्तान किनलोक जनकपुर आई बसेका थिए । किनलोकले कम्पनी सरकारसँग दोस्रो आक्रमण गर्ने माग गरिरहेका थिए । कम्पनीले दोस्रो आक्रमण गर्नुभन्दा अगाडि नै पृथ्वीनारायण शाहले काठमाडौंमा आक्रमण गर्ने अठोट गरे । बालाजु, नागार्जुनमाथि कब्जा भएपछि काठमाडौंमा आक्रमण गर्न इन्द्रजात्राको दिन निश्चित गरियो । आश्विन १३ गते वि.सं. १८२५ (२५ सेप्टेम्बर १७६८ सन्) आइतबारको रात्रीको समयमा काठमाडौं दरबारमा तीनै तर्फबाट घेरा हालियो । भीमसेन स्थान, टुँडिखेल र नरदेवीतर्फबाट सेना अगाडि बढ्यो । ४ घण्टाको लडाईंपछि केही सीप नलागेपछि जयप्रकाश आफ्ना अनुयायीसहित पाटनतिर लागे । पाटनमा पनि अनुकूल स्थिति नभएकोले जयप्रकाश तथा तेजनरसिंह भादगाउँतर्फ लागे । ११ दिनपछि पाटनमाथि गोर्खालीको कब्जा भयो ।

वि. सं. १८२६ मा शूरप्रताप, वंशराज, रामकृष्ण कुँवर, केहर सिंहले भादगाउँमा आक्रमण गरे । २३ घण्टाको लडाईंपछि मार्ग १, १८२६ मा भादगाउँमा पनि विजय भयो । यसप्रकार उपत्यकामा मल्ल शासनको इतिश्री भयो र विजयश्री पृथ्वीनारायण शाहको पक्षमा रह्यो ।

पश्चिमको विस्तार

उपत्यका विजय भएपछि पृथ्वीनारायण शाहको ध्यान तनहुँतर्फ गयो । तनहुँका राजाले भारतको कम्पनी सरकारलाई दोस्रो आक्रमण गर्न उक्साइरहेको थियो । त्यसैले पृथ्वीनारायण शाहले केहरसिंह बस्नेतको नेतृत्वमा तनहुँको राजधानी सूर माथि आक्रमण गर्न पठाए । तनहुँ-माथि विजय गरी तनहुँको राज्य कोमारीदत्तका भाइ हरकुमारदत्तलाई दिइयो । उसले गोरखा अधीनता स्वीकार गरयो ।

तनहुँको पराजयले भयभीत भई लमजुङ्गको राजा वीरमर्दनले पनि गोर्खाको अधीनता-स्वीकार गरयो । उसले आफ्नो छोरा वीर भूपालशाहलाई गोर्खा दरबारमा पठायो । अब वंशराज पाण्डेले कास्कीमाथि आक्रमण गरयो । सिद्धिनारायण शाहले पनि गोर्खाको अधीनता स्वीकार गरे । यसपछि नुवाकोट, भिरकोट, रिसिङ्ग, ढोर आदि गोर्खा अन्तर्गत आए । गोर्खाको विस्तार कालीगण्डकीसम्म भएकोले पर्वत, पाल्पा आदि सशंकित भए । अतः तिनीहरूले गोर्खालीहरूसँग सतहुँमा लडे । सतहुँको लडाईंमा दुर्भाग्यवश गोर्खाली सेनापति केहरसिंह बस्नेतको ज्यान गयो र वंशराज पाण्डेले आत्मसमर्पण गरे । बडो मुस्किलले गोर्खाली सेना रणशूरप्रभु मल्लको नेतृत्वमा ढोर फर्के । ढोरमाथि पनि शत्रुको आक्रमण भयो । सतहुँको हारले गर्दा गोर्खाको सैनिक प्रतिष्ठामा ठूलो चोट परयो । यही मौकाबाट फाइदा उठाई लमजुङ्ग, कास्की र तनहुँले गोर्खाको अधीनता फ्याँके र फेरि स्वतन्त्र भए । परिमाणस्वरूप गोर्खाली फौज फर्केर मर्स्याङ्दी आउनुपरयो । यसप्रकार पश्चिम विस्तारको अभियानमा केही क्षणिक सफलता भए तापनि पश्चिमको सीमाना यथावत नै रह्यो । वीर केहरसिंह बस्नेतको ज्यान गयो । वंशराज पाण्डे पर्वतको कैदमा परे ।

पूर्वको विस्तार

पश्चिमको विस्तारमा असफल भए तापनि पूर्वतर्फ पृथ्वीनारायण शाह पूर्णतः सफल भए । मकवानपुरको विजयले पर्सादेखि महोत्तरीसम्मको इलाका गोर्खा राज्यमा गाभिए तापनि कम्पनी सरकारले तराईको भू-भाग छोडेको थिएन । मालपोत कम्पनी सरकारले नै उठाई खाइरहेको थियो । यो सीमानाको विवाद सुल्झाउन पृथ्वीनारायण शाहले मकवानपुरको दीवान रत्यधरको छोरा दीनानाथ उपाध्यालाई आफ्नो प्रतिनिधि बनाई दरभंगा पठाए । दीनानाथ र कम्पनीको बार्तापछि कम्पनी सरकारले तराईको भू-भाग पृथ्वीनारायण शाहलाई दिन स्वीकार गरयो र बदलामा वर्षको ७ हात्ती पृथ्वीनारायण शाहले कम्पनी सरकारलाई बुझाउनुपर्ने भयो ।

महानेपाल

गोरखा

पृथ्वी प्रभव होम

गोरखाबाट महानेपाल

१" = ५० मी

पृथ्वीनारायण शाह की स्मारपमा



पूर्वमा विजयपुर र चौदण्डी नामक दुई राज्य थिए । चौदण्डीको राजा कर्णसेन अंग्रेज समर्थक थिए । उनले मल्ल राजाहरूलाई पनि गोर्खाको विरुद्ध मद्दत पुऱ्याएका थिए । त्यसैले पृथ्वीनारायण शाहले रामकृष्ण कुँवर तथा अभिमान बस्नेतको नेतृत्वमा चौदण्डीमाथि गोर्खाको अधिकार गर्न फौज पठाए । चौदण्डीका राजा कर्णसेन भागेर विजयपुर गए । विजयपुरका राजा कामदत्त सेन र उनका मन्त्री बुद्धिकर्ण रायमा मनोमालिन्य थियो । त्यसैले बुद्धिकर्ण रायले आफ्ना राजा कामदत्तलाई मारेर विजयपुरको गद्दी चौदण्डीको भगोडा राजा कर्णसेनलाई दिए । गोर्खालीलाई विजयपुर आक्रमण गर्ने यो स्वर्ण मौका थियो । त्यसैले अभिमान सिंह बस्नेतले वि. सं. १८३१ मा विजयपुरमा आक्रमण गरयो ।

कर्णसेन र बुद्धिकर्ण राय भागेर सिक्किमतिर लागे, गोर्खालीले यी दुवैलाई हस्तान्तरण गर्न सिक्किमसँग माग गरे । यद्यपि सिक्किमले ती शरणमा आएकालाई फिर्ता दिएन । तर इलामसम्म गोर्खालीको अधिकारलाई सिक्किमले स्वीकार गरयो । यसप्रकार नेपालको पूर्वीय सीमाना वर्तमान सीमानासम्म पुग्नगयो ।

पृथ्वीनारायण शाहले तिब्बतसँग कमसल मुद्राको समस्या सुल्झाउन लाल गिरीको नेतृत्वमा वि. सं. १८३१ मा एउटा व्यापारिक प्रतिनिधिमण्डल पनि पठाएका थिए । तर यो टुङ्गो नलाग्दै वि. सं. १८३१ माघ १ गते देवीघाट नुवाकोटमा उनको स्वर्गारोहण भयो । उनले मर्नुभन्दा अघि आफ्ना भारदारहरूलाई राजकाजसम्बन्धी केही अर्ति दिएका थिए । यी अर्तिहरूको संकलन दिव्य उपदेशमा गरिएकोछ । दिव्य उपदेशको अध्ययनबाट पृथ्वीनारायण शाह एक महान् राजनीतिज्ञ तथा कुशल अर्थशास्त्री भएको ज्ञान हुन्छ । उनका नीतिहरू आज पनि शास्वत सत्यको रूपमा लिन सकिन्छ ।

पृथ्वीनारायण शाह राजनीतिज्ञको रूपमा

पृथ्वीनारायण शाहका कार्यहरू सामूहिक रूपबाट मूल्याङ्कन गरी हेर्दा उनी एक महान् राजनीतिज्ञ, दूरदर्शी तथा वीर योद्धाको रूपमा देखापर्दछन् । उनी नेपाली राजनीतिक आकाशको एउटा चम्किला तारा थिए । आज नेपालले नेपाल भन्न पाउनको श्रेय पृथ्वीनारायणशाहलाई नै छ । विश्व मानचित्रमा एक मात्र स्वतन्त्र हिन्दूराष्ट्रको रूपमा चन्द्र–सूर्य अंकित झन्डा फरफराई रहेको छ । यसको श्रेय पनि पृथ्वीनारायण शाहलाई नै छ । वर्तमान नेपालको क्षेत्रफलको आधा भागको सृजना गर्ने श्रेय पनि पृथ्वीनारायण शाहलाई नै छ । विभाजनको परिणाम के हुनसक्छ, त्यसको ज्ञान उनलाई थियो । त्यसैले उनी राजगद्दीमा बस्नासाथ एक शक्तिशाली राष्ट्रिय राज्यको सृजना गर्नेतर्फ उनले अभियान चलाए । यस अभियानमा गोर्खाका प्रत्येक अवला, जवान, वृद्ध नरनारीले आफ्नो गच्छे अनुसार यस पुनीत कार्यमा योगदान दिएका थिए । यही आदर्शले प्रशा जर्मन राष्ट्रमा, सार्डिनिया इटाली राष्ट्रमा परिणत भएजस्तै

सानो गोर्खाको राज्य नेपाल राष्ट्रमा परिणत गर्नुमा पृथ्वीनारायण शाहको दूरदर्शीता तथा राजनीतिज्ञको परिणाम भन्न सकिन्छ । पूर्व मल्ल राज्यतर्फ बढ्ता केही गोर्खा राज्य खतरामा नपरोस् भन्ने हेतुले उनले कालु पाण्डेको सहायताबाट आफ्ना विरोधी चौबीसे राज्यहरूको सम्भावित खतराको चतुरतासाथ सामना गरे । यसै गरी उपत्यकामा एक्कासी आक्रमण गर्नुभन्दा अगाडि उनले आफ्ना शत्रुहरूलाई आर्थिक घेरामा कसेकोले पनि उनको राजनीतिज्ञता र दूरदर्शिता देखाउँछ । पृथ्वीनारायण शाह एउटा दूरदर्शी राजनीतिज्ञ भएको हुनाले नै उनले इसाई पादरीहरूलाई राजनीतिक कारणले नेपालबाट निष्काशन गरिदिए । यी इसाई पादरीहरू बाइवलपछि ढक तराजू र ढक तराजूपछि दरबार भित्राउने परिस्थितिको सृजना गर्दथे । उनले आफ्ना भाइहरूलाई राज्यमा वंशागत अधिकार प्रदान नगरेर मल्लहरूले गरेको गल्तीबाट देशलाई बचाए । राज्यमा भाइहरूले पैतृक अधिकारको हक सम्बन्धमा मतभेद भएर नै महोद्दामकीर्ति शाह देश छोडेर गएका थिए ।

पृथ्वीनारारण शाह कुशल राजनीतिज्ञ हुनाका साथसाथै प्रजावत्सल, सफल अर्थशास्त्री तथा राष्ट्रिय एकताका प्रतीक थिए । उनको भनाइ अनुसार "नेपाल मेरा साना दुःखले आर्ज्याको मुलुक होइन, चार वर्ण छत्तीस जातको फूलबारी हो । दुनियाँ जसदेखि खुशी हुन्छन् उसैलाई कजाई दिनु ।" यी वाक्यहरूले उनको लोक कल्याणकारी शासनप्रतिको विचारधारा स्पष्ट हुन्छ । "देशमा विदेशी कपडा लगाउनमा निषेध गरिदिनू आफ्ना देशमा कपडा बनाउन जान्यालाई नमूना देखाई सगाउनू । यसो भया नगद विदेश जाँदैन । प्रजा मोटा भया देश बलियो हुन्याछ । राजाका भण्डार भन्याका रैतीहरू हुन् । खानि भएका ठाउँमा गाउँ भए गाउँ अरू ठाउँमा सारेर भए पनि खानि चलाउनू । जडोबुटी देश लैजानू नगद खिच्नू । नेपाल दुई ढुङ्गा बीचको तरुल हो" उनका यी महान् वाक्यबाट देशको आर्थिक तथा परराष्ट्र नीति कस्तो हुनुपर्छ भन्ने प्रष्ट हुन्छ ।

सांस्कृतिक क्षेत्रमा उनी विदेशी नाचको सट्टा स्वदेशी नाचलाई प्रोत्साहन दिने पक्षमा थिए । विजित र पराजितको भेदभाव हटाउन उनले काठमाडौंलाई नै नयाँ राष्ट्रको राजधानी हुने गौरव प्रदान गरे । उपत्यकाको धार्मिक र सांस्कृतिक समारोहहरूमा आफैं उपस्थित भए । आफ्ने विरोधी जयप्रकाश मल्लको दाहसंस्कारको निम्त सरकारी ढुकुटीबाट खर्चको बन्दोबस्त गर्ने व्यवस्था गरे । अहिले पनि सो काम कौसीतोसा खानाबाट टेकिएको दरबन्दीबाट हुन्छ । पृथ्वीनारायण शाह कुनै ठाउँमा विजय प्राप्त गर्नासाथ त्यहाँको देवी-देवता मान्यताहरूको रक्षा गरी स्थानीय जनतालाई कुनै कष्ट हुन दिँदैनथे । उनको विजय स्थायी हुनमा एउटा प्रबल कारण रहेको छ । यी सबै कारणले गर्दा नै उनलाई आज श्री ५ बडामहाराजाधिराज भनी नेपालीहरू आफ्नो श्रद्धा प्रकट गर्छन् र प्रत्येक वर्ष पौष २७ गते यस्ता महान् पुरुषप्रति नेपालीहरू श्रद्धाञ्जलीको पुष्प चढाउने गर्छन् ।

प्रश्नहरू

१. पृथ्वीनारायण शाहको बाल्यजीवनको छोटकरीमा परिचय दिनुहोस् ।

२. उपत्यकाको विजयमा नुवाकोट र मकवानपुरको कस्तो महत्त्व छ ?

३. कीर्तिपुरको लडाईंको महत्त्वबारे वर्णन गर्नुहोस् ।

४. आर्थिक घेराउ भन्नाले के बुझिन्छ ? यो साधन हो कि साध्य हो ? यस सन्दर्भमा पृथ्वीनारायण शाहको आर्थिक घेराउको नीतिको चर्चा गर्नुहोस् ।

५. उपत्यका विजयपछि पृथ्वीनारायण शाहको पूर्व तथा पश्चिमको विस्तारको नीतिको चर्चा गर्नुहोस् ।

६. इतिहासमा पृथ्वीनारायण शाहको कस्तो स्थान छ ? वर्णन गर्नुहोस् ।

समूह गायनमा गाउने राष्ट्रिय गीत

हटने होइन डटी लडने नेपालीको बानी हुन्छ
कहिले नझुक्ने शिर उभेको स्वाभिमानी नेपाली हुन्छ
विश्वको कुना काप्चामा खोज, नेपालीको मुटुमा खोज
त्यहाँ सिङ्गो नेपाल हुन्छ, त्यहाँ राजा रानी हुन्छ. . .२
श्रीपेचको नवै रङ्ग डाँफे चरीले बोकेर उड्छ
एकता अनि वीरताको गाथा सारङ्गीले गाउँदै हिंड्छ
खुकुरीको डोबभित्र वीरहरूको पाइला हुन्छ
पर्वतराज हिमालमुनि गुराँस त फुलेको हुन्छ
गुराँसको रङ्ग हेर, त्यो पनि त रातो हुन्छ
हाम्रो मुटुको रगत हेर, त्यो पनि त रातो हुन्छ
रातो रङ्ग सिम्रीकको रङ्ग, चन्द्र सूर्य झण्डाको रङ्ग, त्यो पनि त रातो हुन्छ
त्यहाँ सिङ्गो नेपाल हुन्छ, त्यहाँ राजा रानी हुन्छ. . .२
हाम्रो मादल शान्तिको लागि मरुभूमिमा परेड खेल्छ
स्वयम्भूको दुइटा आँखाले न्याय अन्याय छुट्याई हेर्छ
बाँच र बचाऊ भन्ने छातिभित्र कुँदिएको हुन्छ
ठेला उठेको हातमा हेर, पसीना त बगेको हुन्छ
पसीनाको नदी हेर, त्यो पनि त नीलो हुन्छ
हामी माथिको आकाश हेर, त्यो पनि त नीलो हुन्छ
नीलो रङ्ग शान्तिको रङ्ग, हाम्रो झण्डाको किनारको रङ्ग, त्यो पनि त नीलो हुन्छ
त्यहाँ सिङ्गो नेपाल हुन्छ, त्यहाँ राजा रानी हुन्छ
त्यहाँ सिङ्गो नेपाल हुन्छ, त्यहाँ राजा रानी हुन्छ

इतिहास कक्षा ९।१०